अंक: १२, असोज २०७१

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन





## आन्तरिक बेचबिखनको अवस्था

# एटविन गतिविधिका झलकहरू



मानव बेचबिखनबाट प्रभावित महिलाहरूको
तेश्रो राष्ट्रिय भेला



राष्ट्रिय मानवअधिकार आयोगका
पदाधिकारीहरूको ध्यानाकर्षण



माननीय परराष्ट्रमन्त्री महेन्द्र पाण्डेलाई
ज्ञापनपत्र



महिला, बालबालिका तथा समाजकल्याण
मन्त्रालयका सचिवलाई ज्ञापनपत्र



मानव बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना
सम्बन्धी राष्ट्रिय कार्यशाला



मानव बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना
सम्बन्धी कार्यशाला



जिल्ला अनुसन्धानकर्ताहरूसँग प्रारम्भिक
अनुसन्धान निष्कर्ष माथि छलफल



मा. राज्यमन्त्री श्रम तथा रोजगार मन्त्रालय
टेक बहादुर गुरूङलाई ज्ञापनपत्र

# ओसारपसार

अंक १२ २०७१ असोज । 2014

**सल्लाहकार**
विमला ज्ञवाली

**सम्पादक**
अनिल अधिकारी

**उप सम्पादक**
कमल खनाल
शान्ता खनाल

**संयोजक**
बेनु माया गुरुङ

**सह-संयोजक**
गाविशा कोइराला

**व्यवस्थापक**
बिनिता न्यौपाने

**आवरण/ले-आउट**
विनायक त्रियराल
९८४१०२७४६६

**मुद्रण:**
प्रोप्रिन्टर्स प्रा.लि.

यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचार हुन ।

## विषयसूची

सम्पादकीय
अध्यक्षको कलमबाट

| | | | |
|---|---|---|---|
| १. | बेचबिखनको नविनतम स्वरूप ... | - इन्दिरा फुयाल | १ |
| २. | कति संरक्षित छन् उनीहरू ... | अनुसन्धान निष्कर्ष | ४ |
| ३. | मनोरञ्जन क्षेत्रमा हुने महिला हिंसा | अन्तरवार्ता | ६ |
| ४. | मनोरञ्जन क्षेत्र र आन्तरिक बेचबिखन | - शान्ता खनाल | ८ |
| ५. | नेपालमा मृगौला बेचबिखनको ... | - अधिवक्ता टिकाराम पोखरेल | ११ |
| ६. | एटविनसँगको मेरो सामिप्यता | - विमला ज्ञवाली | १४ |
| ७. | पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका ... | दस्तावेज | १६ |
| ८. | आन्तरिक मानव बेचबिखन तथा ... | - बेनु माया गुरुङ | १७ |
| ९. | मानव ओसारपसार र न्यूनीकरणका ... | - कमल खनाल | १९ |
| १०. | सन्देश (कविता) | - विजया सुवेदी शर्मा | २० |
| ११. | जोखिममा छन् इँटाभट्टाका ... | - अनिल अधिकारी | २१ |
| १२. | बालश्रम नियन्त्रण सम्बन्धी ... | - मधु सुधन दवाडी | २३ |
| १३. | अधिकार र आवश्यकतामा आधारित ... | अन्तरवार्ता | २६ |
| १४. | महिला तथा बालबालिका बेचबिखन ... | वकालत | २८ |
| १५. | मानव बेचबिखन विरूद्धका प्रयासहरूको ... | अनुसन्धान निष्कर्ष | ३१ |
| १६. | ग्रामिण महिला सिर्जनशिल परिवार | संस्था परिचय | ३५ |
| १७. | महिला तथा बालबालिका बेचबिखनविरूद्ध ... | एटविन गतिविधि | ३६ |
| १८. | घोषणा-पत्र | वकालत | ४३ |
| १९. | सञ्चारमा बेचबिखनका मुद्दा | सञ्चार | ४४ |
| २०. | छापामा एटविन | सञ्चार | ४५ |

**प्रकाशक:**

AATWIN

**महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समूह, नेपाल (एटविन)**

**पो.ब.नं.: २४९६०**
**फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं.: ४२२९७८७**
**इमेल:** aatwin@ntc.net.np, **वेबसाइट:** www.aatwin.org.np

**प्रकाशन सहयोगी:**

Global Fund for Women

**ग्लोबल फण्ड फर वुमन**

मुख्य पृष्ठका फोटोहरू GMSP र विभिन्न श्रोतहरूबाट साभार गरिएको छ ।

सम्पादकीय

# मनोरञ्जन श्रमलाई मर्यादित र सुरक्षित बनाऔं !

नेपालमा महिला श्रमको उल्लेख्य हिस्सा मनोरञ्जन क्षेत्रमा रहेको छ । फ्रि द स्लेभ्सले गरेको एक अनुसन्धानको तथ्याङ्क अनुसार काठमाण्डौ उपत्यकाभित्र मात्रै १२ हजार क्याबिन, डान्स रेसट्रेन्ट र मसाज पार्लर सञ्चालनमा छन् । मनोरञ्जनको यी क्षेत्रमा ५० हजार केटी र महिलाहरु काम गर्छन् भने झण्डै आधा श्रमिकहरूलाई ग्राहकहरूसँग यौन कार्यका लागि जान बाध्य बनाइन्छन् । देशव्यापी लेखाजोखा गर्ने हो भने लाखौं महिलाहरु यस क्षेत्रमा संलग्न रहेको अड्कल लगाउन सकिन्छ ।

मनोरञ्जन क्षेत्र मानिसको मनोस्वास्थसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो । दिनभरको थकान र पीरमर्का मेटाउँदै शारिरीक पुनर्ताजगीका लागि मानिसले डान्स रेसट्रेन्ट, मसाज पार्लरजस्ता क्षेत्रको प्रयोग गर्छन् । तर यो क्षेत्र समस्यै समस्याले जर्जर मात्र बनेको छैन महिला मानव अधिकारको हनन् हुने थलोको रूपमा समेत यस क्षेत्रले बदनामी कमाइरहेको छ । यस क्षेत्रलाई फलाउने, फुलाउने, दिनरात नभनी काम गर्ने सोझासाझा महिला श्रमिकहरू न्यून पारिश्रमिक, शारिरीक यौन उत्पिडन, रोजगारीको अनिश्चितता एवं असुरक्षाजस्ता समस्याहरु झेल्न बाध्य छन् । परिणामस्वरूप श्रमिक महिलाहरु असुरक्षित तवरले वैदेशिक रोजगारीमा जान एवं बेचबिखनको चपेटामा पर्न बाध्य हुने गरेको तथ्य विभिन्न अध्यनन् अनुसन्धानहरूले देखाउँदछ ।

डान्सबार, गजल रेसट्रेन्ट र मसाज पार्लरहरूमा यसका सञ्चालकहरूको मनोमानी र दादागिरी व्यापक छ जसमाथि सरकारी निकायबाट समयमै अनुगमन, नियन्त्रण र उचित कार्वाही हुन नसक्नुले महिला श्रमिकहरु झनै मारमा पर्ने गरेका छन् । साँझ र रातको समयमा सञ्चालन हुने मनोरञ्जनका क्षेत्रका महिला श्रमिकहरु घर फर्कने क्रममा बाटोघाटोमा सुरक्षाकर्मीहरूबाट हैरानी एवं शोषण खेप्न समेत बाध्य छन् । विभिन्न राष्ट्रिय समाचारहरूमा समेत मनोरञ्जन क्षेत्रका महिला श्रमिक रात बिरात सुरक्षाकर्मीबाट यौन शोषणमा परेको घटनाले पनि यसलाई पुष्टि गर्छ ।

मनोरञ्जन क्षेत्रको कामलाई राज्य पक्षले श्रमको रूपमा नस्वीकारेको गुनासो यस क्षेत्रमा क्रियाशिल अधिकारकर्मीहरूको छ । मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गर्न बनेको श्रमजीवि महिलाहरूप्रति डान्स रेसट्रेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ बनेको छ । निर्देशिका सही ढंगमा पालना हुने हो भने यस क्षेत्रका श्रमजीवि महिलाहरूले सही न्याय पाउने सम्बद्ध अधिकारकर्मीहरू बताउँछन् । निर्देशिकाले निर्धारित न्यूनतम पारिश्रमिक नदिई काममा लगाउन नहुने, यौन उत्पिडन एवम् अर्मादित काम गर्न नहुने, उजुरी एवं जानकारी दिन सक्ने, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय, महिला विकासका पदाधिकारीको समितिले अनुगमन गर्नुपर्ने जस्ता व्यवस्था गरेको छ । तर व्यवहारमा न त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छ न त त्यस अन्तर्गत राष्ट्रिय नीति नियम नै बनेको छ । मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरूको श्रमलाई अधिकारको रूपमा नयाँ संविधानमा स्थापित गर्दै पेशागत रूपमा यस क्षेत्रलाई मर्यादित, स्वच्छ, र सुनिश्चित एवं सुरक्षित गर्न सके हजारौं नेपाली चेलीहरु यस क्षेत्रमा आकर्षिक हुन सक्ने देखिन्छ । त्यसो भए उनीहरु आफ्नै जन्मथलोमा सम्मानपूर्वक मनोरञ्जन क्षेत्रमा सम्मिलित हुने मात्र होइन आन्तरिक र बाह्य बेचबिखन एवं असुरक्षित वैदेशिक रोजगारीजस्ता समस्या न्यूनीकरणमा समेत टेवा पुग्न जाने देखिन्छ ।

# अध्यक्षको कलमबाट


पाठकको हातमा आइपुगेको "ओसारपसार" एटविनको महत्त्वपूर्ण प्रकाशन हो । यो २०५७ साल देखि नियमित रुपमा प्रकाशित हुँदै आइरहेको छ । यसका अंकहरूलाई पछ्याउँदै जाने हो भने मानव बेचबिखन तथा ओसारपसारका परिवर्तित पहलहरू र एटविनले मानव बेचबिखन विरुद्ध गरेका कामहरूलाई स्पष्ट रुपमा विभिन्न अभियन्ताहरूका लेख रचना मार्फत अभिलेखन भएको पाइन्छ । यसरी "ओसारपसार" मानव बेचबिखन विरुद्धको आन्दोलनलाई अभिलेखिकरण गर्ने दस्तावेज बन्न पुगेको छ ।

ओसारपसारका हरेक अंक विशेष अंक हुन् । मानव बेचबिखन माथि अध्ययन अनुसन्धान गर्ने तथा योजना तर्जुमा गर्नेहरुका लागि "ओसारपसार" का अंकहरु सन्दर्भ सामग्री बनेका छन् । अतः यसरी ओसारपसारका बारेमा चासो एवं चेतना बढ्नुमा खोजमूलक सामग्रीहरुको विशेष भूमिका रहेको छ । यसर्थ आजसम्म यस पत्रिकालाई खोजमूलक सामग्री उपलब्ध गराएर महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै, ओसारपसारको प्रकाशनलाई मूर्त रुप दिन विभिन्न तरिकाले साथ सहयोग र मिहिनेत गर्ने कार्यसमितिका साथीहरू, प्रकाशन समिति, सचिवालयका कर्मचारी साथीहरू र आर्थिक सहयोग उपलब्ध गराई सहकार्य गर्ने अन्तर्राष्ट्रिय गैससहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अंकमा आन्तरिक मानव बेचबिखनको समस्या मुख्य विषय वस्तुका रुपमा रहेको छ । अन्तरदेशीय मानव बेचबिखनका बारेमा सबैको ध्यान केन्द्रित भैरहेको अवस्थामा देशभित्र नै हुने आन्तरिक मानव बेचबिखन बढ्दो समस्याका रुपमा देखा परेको परिवेशमा ओसारपसारको यो अंक आन्तरिक मानव बेचबिखन विशेष हुनु समसामयिक छ ।

आन्तरिक मानव बेचबिखन विषयमा केन्द्रीत रही लेख रचना, अनुभव तथा अन्तरवार्ता लगायतका सामग्री उपलब्ध गराई प्रस्तुत अंकलाई सफल तुल्याउनुहुने महानुभावहरुलाई म धन्यवाद ज्ञापन गर्दछु । पत्रिका प्रकाशनका लागि आर्थिक सहयोग गर्ने संस्था ग्लोबल फण्ड फर वोमन विशेष धन्यवादका पात्र हुनुहुन्छ । विज्ञ पाठकहरुबाट रचनात्मक सुझावको अपेक्षा गरेका छौं । धन्यवाद ।

**विमला ग्यवाली**
**अध्यक्ष**



# बेचबिखनको नविनतम स्वरुप : मनोरंजन क्षेत्रमा महिला तथा किशोरीहरुको शोषण

- इन्दिरा फुयाल

**पृष्ठभूमिः**
नेपालमा महिला तथा बालबालिकाहरुको आन्तरिक बेचबिखनको लामो इतिहास छ । जहानियाँ राणा शासनका पालादेखि नै काठमाडौं वरिपरिका जिल्लाहरुबाट किशोरी र महिलाहरुलाई झिकाएर घरायसी काममा लगाउने, भान्से, सुसारे, धाईआमाका नाममा प्रयोग गर्ने र कतिपयलाई शारीरिक एवं यौन शोषण समेत गर्ने गरिन्थ्यो । पछि विस्तारै भारतका मुम्बई लगायतका क्षेत्रमा चेलिबेटी बेचबिखन हुन थाल्यो । यो क्रम पछिल्लो समयमा आएर विभिन्न गन्तव्य मुलुकहरुमा बेचबिखनका स्वरुपहरु परिवर्तन हुदै गएको पाइन्छ।

पछिल्लो समयमा देशमा आधुनिकीकरण र बजारीकरणको बिस्तारसँगै सहर बजार क्षेत्रमा रेष्टुरेण्ट तथा होटेलहरु बिस्तार हुँदै गए । विगतको दशकमा क्याबिन रेष्टुरेण्ट, मसाज पार्लर एवं डान्सबारहरु समेत प्रशस्तै खुल्दै गए। यस क्रमसंगै यी क्षेत्रहरुमा महिला, विशेषतः किशोरीहरुलाई ललाई फकाई, राम्रो जागिर, धेरै तलब दिने मोह देखाएर, उनीहरुको बाध्यताबाट फाइदा उठाउने र शोषण गर्ने क्रम शुरु भयो । बेचबिखनबाट प्रभावितहरुलाई गाउँबाट सहरतिर आकर्षित गर्ने र किशोरीहरुलाई क्याबिन, डान्सबार, मसाज पार्लर र पर्यटनका अन्य नवीन क्षेत्रतिर उपयोग गर्न थालियो।

**वर्तमान स्थिति :**
हालसम्म पनि मनोरञ्जन क्षेत्रमा कति महिला तथा बालबालिकाहरु कार्यरत छन् भन्ने यकीन तथ्यांक छैन । नेपाल युथ सर्भे टीमका अनुसार नेपालमा २५,००० डान्सबार र क्याबिन रेष्टरेन्टुहरु रहेका छन् । अझै यो तथ्यांक बढ्न सक्छ किनकी कतिपय क्याबिन रेष्टुरेण्टहरु दर्ता छैनन् । साथी संस्थाका अनुसार काठमाडौं उपत्यकामा रहेका क्याबिन र डान्स रेस्टुरेन्टहरु पुरुष क्लब जस्ता लाग्छन् । यसमा ३०,००० जति महिला र किशोरीहरु पुरुष ग्राहकहरुलाई विभिन्न खाले सेवा प्रदान गर्दछन् र तिनले केवल ३,००० देखि ५,००० सम्म तलब पाउँछन् । त्यस्तै, २०१३ मा क्याबिन रेष्टुरेण्टहरुमा महिलाहरुको शोषणसम्बन्धी एसएनभीको सहकार्यमा गरिएको एक अध्ययन्का अनुसार काठमाडौं उपत्यकामा मात्र ४,००० क्याबिन र ३,००० डान्स रेष्टुरेण्टहरु रहेका छन् जसमा करिब १,००,००० किशोरीहरु पूर्णकालीन वा अल्पकालीन रुपमा कार्यरत छन् । तर नेपाल रेण्टुरेण्ट उद्योग संघका अनुसार काठमाडौंमा केवल ९०० क्याबिन रेण्टुराहरु मात्र दर्ता भएका छन् । यस अघि सन् २००४ मा साथीले गरेको सर्भेक्षण अनुसार क्याबिनमा कार्यरत जम्मा महिलाहरु मध्ये १५ प्रतिशत १२ देखि १४ वर्षसम्मका र ४० प्रतिशत १५ देखि २२ वर्षका रहेका थिए।

हालै महिलाको लागि महिला मंचले गरेको एक अध्ययन अनुसार काठमाडौंका क्याबिन, डान्स रेष्टुरेण्ट र मसाज पार्लरहरुमा करिब १,७०,००० देखि २,००,००० महिला तथा बालिकाहरु कार्यरत रहेका छन् । यस क्षेत्रमा कति महिलाहरु कार्यरत छन् भन्ने कुरा एउटा पाटो हो भने जति कार्यरत छन् तिनका समस्याहरुको पहिचान अर्को महत्वपूर्ण पाटो हो।

**यस क्षेत्रमा कहाँका महिला तथा किशोरीहरु किन प्रवेश गर्दछन् ?**
क्याबिन रेष्टुरेण्ट, डान्सबार र मसाज पार्लरहरुमा आउने महिला तथा किशोरीहरु अधिकांश त काठमाडौं उपत्यका बाहिरका हुने गर्दछन् । एसएनभी नेपालको सहकार्यमा क्याबिन रेष्टुरेण्टहरुमा महिलाहरुको शोषण सम्बन्धी सन् २०१३ मा गरिएको एक अध्ययन प्रतिवेदनले पनि यो पुष्टि गर्दछ। जस अनुसार काठमाडौं उपत्यकामा रहि यस क्षेत्रमा काम गर्ने २०० जना महिला तथा किशोरीहरुसंग गरिएको सर्भेक्षणबाट ९३ प्रतिशत काठमाडौं बाहिरको रहेको देखाएको छ। ती मध्ये अधिकाशंत् छिमेकी जिल्लाहरुबाट र काठमाडौं भित्रका ७ प्रतिशत पनि काठमाडौं वरिपरिका काँठ इलाकाहरुबाट आएको देखिन्छ। विगतका तथ्यांकहरु

भै यस तथ्यांकले पनि १५ देखि १९ वर्षका ४२ प्रतिशत र २० देखि २४ वर्षका ४२ प्रतिशत र ३० वर्षभन्दा माथिका त केवल १.५ प्रतिशत मात्र रहेको देखाएको छ । यसले अधिकांशत् बालिकाहरु र युवतीहरु यसको जोखिममा रहेको प्रष्ट पार्दछ । यस क्षेत्रमा आउने अधिकांश बालिका र महिलाहरु गरिबीको कारण, घरेलु हिंसा, छिटो पैसा कमाउने लोभ, आन्तरिक विस्थापन, सानैमा विधवा हुन बाध्य भएका र परिवार पाल्नुपर्ने बाध्यता, आन्तरिक विस्थापन, द्वन्द्व, परिवारको विखन्डन आदि कारणले यस क्षेत्रमा संलग्न हुन बाध्य भएको देखिन्छ।

यस क्षेत्रमा निरक्षरदेखि कलेज पढ्नेसम्म, सम्बन्ध विच्छेद गरेका, एकल महिला (विधवा) मात्र नभई विवाहित महिलाहरु समेत संलग्न भएको पाइएता पनि अधिकांशत: अविवाहित किशोरीहरु संलग्न रहेका छन् । उनीहरुले यस क्षेत्रमा काम गरेर कमाएको पैसाले आफ्नो मात्र नभई सिंगो परिवारको पालनपोषण र खर्च धान्नु परेको देखिन्छ। माथिकै सर्भेक्षणका अनुसार ७८.५ प्रतिशतले परिवारलाई आर्थिक सहयोग गर्ने गरेको बताएकाले नै पनि यो पुष्टि हुन्छ।

**कार्यक्षेत्रगत समस्या र चुनौतिहरु:**

यस क्षेत्रमा कार्यरत किशोरी तथा महिलाहरु अधिकांशले जानी नजानी यस क्षेत्रमा काम गरिरहेको भएतापनि घरमा आफ्नो कामको वास्तविक पहिचान दिंदैनन् । उनीहरु प्राय: स्थान परिवर्तन गरिरहन्छन् र परिचय पनि फेरिरहेका हुन्छन् । आफ्नो वास्तविक परिचय खुलेमा समाजमा बस्न असहज हुने तथा सामाजिक लान्छना लाग्ने डरले पनि कार्यक्षेत्र र स्थान फेर्न उनीहरु बाध्य हुने गरेको अध्ययनले देखाउँदछ । यी महिला तथा बालिकाहरुले काम गर्ने ठाउँ कम्ता जोखिमपूर्ण छैन किनकी चुरोट, रक्सी तथा लागुपदार्थको सेवन गर्ने लत बस्ने, नराम्रो शब्द बोल्ने, तलब भन्दा बढी टिप्सहरु पाइने भएकाले नसोचेको पैसा आउने तथा मोबाइल, सौन्दर्य प्रशोधन, लुगा आदिमा नै खर्च गर्ने बानी पर्ने गरेको र भबिष्यका लागि बचत गर्ने भन्दा बढी वर्तमानमा मोजमस्तीमा नै बढी खर्च गर्ने प्रवृत्ति बढ्दै जाने, शुरुमा यौन शोषणमा परेपछि विस्तारै यसै किसिमको माहोलमा अभ्यस्त भई आफ्नो व्यक्तित्व विकासतिर ध्यान नदिने, समाजमा गिरेको भनेर निराशा र हिनताबोधबाट डिप्रेशनमा जाने खतरा रहन्छ । साथै, उर्बर उमेरका यस्ता किशोरी र महिलाहरुमा एचआइभी, यौन रोग लाग्ने ठूलो जोखिम रहन्छ । ग्राहकहरुलाई जसरी हुन्छ खुशी पार्ने तर्फ ध्यान दिनुपर्ने भएकाले र कतिपय अवस्थामा जानकारीको अभावले पनि असुरक्षित यौन सम्बन्ध राख्न बाध्य हुनाले अनिच्छित गर्भरहने, यौनजन्य सरुवा रोगले सताउने हुनसक्छ। कयन महिलाहरुले पटक पटक गर्भपतन गराउन बाध्य भएको समेत कयन उदाहरणहरु पाइन्छन् । एकातिर रेष्टुरेण्ट मालिकले समयमा तलब नदिने, न्यूनतम ज्याला नदिने र ग्राहकलाई रिभ्ताउन जे गर्न पनि तयार हुन बाध्य बनाउने समस्या छ त अर्कोतर्फ प्रहरी प्रशासनले समय समयमा छापा मार्दा पनि ग्राहकलाई नभई तीनै महिला तथा किशोरीहरुलाई नै संचारमाध्यममा सार्वजनिक गर्ने र अनेकन दु:ख दिने अवस्था समेत विद्यमान छ।

**कानुनी प्रावधानहरु :**

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र यसको नियमावली २०६५ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यसले बेचबिखनका नवीनतम स्वरुपहरुलाई समेत समेटेर परिभाषित गरेको छ। साथै नेपाल सरकारले मानव बेचबिखनविरुद्ध राष्ट्रिय कार्ययोजना २०६८ समेत कार्यान्वयनमा ल्याएको छ । यसमा समावेश भएको रणनीति ५ मा सर्वोच्च अदालतले निर्देशात्मक आदेश गरे बमोजिम क्याबिन, मसाज, ब्युटि-पार्लर तथा डान्सबार क्षेत्रमा कार्यरत महिला तथा बाल-बालिकाहरु विरुद्ध हुने यौन तथा श्रम शोषण नियन्त्रण तथा अनुगमनका लागि ऐन निर्माण गर्ने, अनुसन्धान गर्ने, र स्पष्ट अनुगमन संयन्त्र निर्माण गर्ने लगायतका महत्वपूर्ण व्यवस्था गरिएको भएतापनि यसतर्फको प्रगति भने खासै मापन गर्न सकिने अवस्था छैन।

यसका साथै मनोरंजन क्षेत्रमा कार्यरत महिला तथा बाल-बालिकाहरुको अधिकारलाई सुनिश्चित गर्ने गरी डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका २०६५ कार्यान्वयनमा ल्याइएको छ। यो निर्देशिका डान्सबार, डान्स रेष्टुरेन्ट, क्याबिन रेष्टुरेण्ट, दोहोरी साँझ, मसाज पार्लरमा काम गर्ने महिला काम- दारहरुलाई कार्यस्थलमा गरिने यौन उत्पिडनका व्यवहार नियन्त्रण गर्नका लागि अल्पकालीन उपायका रुपमा यस सम्बन्धी कानुन नबने सम्मका लागि ल्याइएको हो । तर आजसम्म पनि यस सम्बन्धी पूर्ण कानून आइसकेको अवस्था छैन भने यस निर्देशिकाका बारेमा पनि आम सरोकारवाला निकाय र स्वयंम महिला तथा किशोरी कामदारहरुलाई ज्यादै न्यून जानकारी रहेको स्थिति छ।

यसैगरी बालबालिका नीति २०६९ को संरक्षण सम्बन्धी रणनीतिले पनि स्पष्टसंग बालबालिकाहरुको बेचबिखन र यौन शोषण विरुद्ध राज्यले विशेष नीतिहरु अवलम्बन गर्न

निर्देश गरेको छ।  यस नीतिले कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचबिखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्बन गरिने छ भन्ने स्पष्ट उल्लेख गरेको छ । यी सबै प्रावधानहरुलाई अक्षरस: कार्यान्वयन गरिनुपर्ने तर्फ भने सम्बन्धित निकायको कमै ध्यान पुगेको अवस्था छ।

साथै, नेपाल सरकारले तेह्रौ योजनाको आधारपत्रमा समेत बालबालिका तथा किशोर किशोरीहरुविरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभाव र बहिस्करणको नियन्त्रण गरी बालबालिकालाई उनीहरुको अधिकारको प्रत्याभूति गर्ने रणनीति तय गरेको छ। यसरी, नेपाल सरकारले कानुन तथा कार्ययोजना र नीतिहरु बनाउनका लागि जति तत्परता देखाएको छ, तर तिनको कार्यान्वयन, अनुगमन र अनुसन्धान तर्फ भने त्यति ध्यान नपुगेको स्पष्ट देख्न सकिन्छ।

**सुझावहरु :**

१. सर्वोच्च अदालतले निर्देश गरे झै क्याबिन, मसाज, ब्युटिपार्लर तथा डान्सबार क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाहरु विरुद्ध हुने यौन शोषण तथा श्रम शोषण नियन्त्रणसम्बन्धी स्पष्ट ऐन यथाशीघ्र ल्याइनुपर्ने तथा बनेका ऐन नियमावली तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिने।

२. डान्सबार, क्याबिन, मसाज पार्लरहरुको लगत राख्ने र कार्यरत मजदुरहरुको परिचयपत्रको व्यवस्था गर्ने, जसले गर्दा तिनको काममा पारदर्शिता र कार्यरत मजदुरहरुको कार्यक्षेत्र सुरक्षित हुन सकोस्।

३. विद्यमान कानुनी प्रावधान तथा डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका २०६५ विषयमा सम्बद्ध कामदार महिला तथा किशोरी एवं सर्वसाधारण जनसमुदाय तथा रेष्टुरेन्ट मालिकहरुलाई जानकारी गराउने।

४. समस्याको कारणलाई नै सम्बोधन गर्ने गरी गरिबी निवारणका कार्यक्रम संचालन गर्ने । साथै, लैंगिक विभेद तथा जातीय विभेदको अन्त्यका लागि सोंचमा परिवर्तन हुने खाले कार्यक्रमहरुमा जोड दिने र पाठ्यक्रमको माध्यमबाट व्यापक शिक्षा प्रदान गर्ने।

५. प्रभावकारी तथा नियमित अनुगमन तथा तथ्यांक प्रणाली विकसित गरी पीडकलाई कडा कारबाही र पीडितलाई तत्काल सहयोग, राहत तथा न्यायको प्रत्याभूति गराउने।

६. बाध्यतावश यस क्षेत्रमा लाग्न बाध्य किशोरीहरुलाई बेचबिखनको जोखिमबाट निकालेर वैकल्पिक रोजगारी र शिक्षा तथा तालिमको व्यवस्थापन गर्ने।

७. पीडित तथा प्रभावितहरुको मानव अधिकार तथा गोपनियताको संरक्षण गर्दै व्यावहारिक र दीर्घकालीन समाधानका उपायहरुको खोजीका लागि समष्टिगत अध्ययन् अनुसन्धान गर्ने र तिनको सुझावहरुलाई कार्यान्वयनमा ल्याउने।

*(लेखक साथी नेपालमा कार्यरत हुनुहुन्छ ।)*

■





# कति संरक्षित छन् उनीहरू ? नेपालमा बेचबिखनबाट प्रभावित/पीडित व्यक्तिहरूको संरक्षणका लागि विद्यमान संयन्त्रहरूको बिश्लेषण

**पृष्ठभूमी**

मानव बेचबिखनलाई जघन्य अपराध मान्दै नेपालले यसलाई नियन्त्रण गर्नका लागि साथै बेचबिखनबाट प्रभावित/पीडितको संरक्षणका लागि विभिन्न कानुन तथा नियमहरु तर्जुमा गरेको छ । विद्यमान ऐन पीडित केन्द्रित भएतापनि यसका प्रावधानहरुमा भए अनुरुप प्रभावित/पीडितहरुको संरक्षणलाई सुनिश्चित गर्न यी ऐनहरु सक्षम छैन । प्रभावित/पीडित मैत्री वातावरण र सहयोग लगायत यस ऐनका प्रावधानहरुको कार्यान्वयनका सम्बन्धमा कमी रहँदै आएको जानकारहरु बताउँछन् । साथसाथै वैदेशिक रोजगारीको नाममा भएका बेचबिखन र आन्तरिक बेचबिखनका प्रभावित/पीडितहरुलाई विद्यमान ऐनहरुले समेट्न नसकेको दाबी अधिकारकर्मीहरुको छ।

**अनुसन्धान सारांश**

प्रभावित/पीडितको संरक्षणको प्रमुख दायित्व राज्यको भएकाले नमुनाका रुपमा छनौट गरेका पाँच जिल्लाहरु मोरङ, दोलखा, कास्की, बर्दिया र अछाममा रहेका विद्यमान संरक्षण संयन्त्रहरुमा यो अनुसन्धान केन्द्रित रहेको थियो। यी जिल्लाहरु सबै पाँच विकास क्षेत्रहरुको प्रतिनिधित्व सुनिश्चित हुने गरी नमुना छनौट विधि मार्फत छनौट गरिएको थियो । यो अनुसन्धानमा संचारकर्मी, गैरसरकारी संस्थाका कर्मचारी, स्याहारकर्ता र प्रभावित/पीडित लगायतका प्रमुख सूचनादाता (बेचबिखनविरुद्धको कार्यका लागि जिम्मेवार व्यक्तिहरु) सँगको अन्तर्वार्ता लिइएको थियो । यसरी प्राप्त प्रारम्भिक सूचनालाई विश्लेषण गर्नुका साथै उपलब्ध तुलनात्मक अध्ययन गरिएको थियो।

**अनुसन्धानका नजिताका मुख्य संक्षेप तल दिइएको छ :**

- ✦ उत्तरदाताहरु हालै देखापरेका मानव बेचबिखनका विभिन्न आयामहरु बुझ्न सक्षम भएको पाइयो।
- ✦ जिल्लाहरुको मानव बेचबिखन सम्बन्धी अवस्थाका सम्बन्धमा अध्ययन गरिएको मध्ये:
  - मोरङमा मानव बेचबिखनलाई समस्याको रुपमा हेरिएको छ र यी पाँच जिल्लाहरु मध्ये मोरङमा नै अदालतमा सबैभन्दा धेरै मुद्दाहरु दायर गरिएका छन्।
  - अनुसन्धानमा दोलखालाई मानव बेचबिखनको एउटा उद्गम स्थल, प्रस्थान विन्दु मानेर अवलोकन गरिएको थियो। तर अहिलेसम्म अदालतमा केवल एउटा मात्र मुद्दा दर्ता भएको छ।
  - कास्की बिशेषगरी पोखरा आन्तरिक बेच-बिखनको गन्तव्य थलो भएको जिल्ला देखिन्छ तर यहाँ यसलाई बेचबिखनको मुद्दाको रुपमा नहेरी अझै सार्वजनिक अपराधको रुपमा हेरिन्छ।
  - भारतसँग लामो खुला सिमाना भएको बर्दिया जिल्ला भारत भई गैरकानुनी रुपमा तेस्रो राष्ट्रमा वैदेशिक रोजगारका नाममा बेचबिखन गर्ने नाकाको रुपमा प्रयोग भएको छ।
  - उत्तरदाताहरुले अछाम भारतमा बेचबिखनको स्रोत हुनसक्छ भन्ने विश्वास गर्दछन् तर यो विश्वासलाई प्रमाणित गर्ने कुनै तथ्यांक प्राप्त भएन। हालसम्म एउटा पनि बेचबिखनको मुद्दा जिल्ला अदालतमा दर्ता भएको छैन।
- ✦ सबै पाँच जिल्लाका उत्तरदाताहरुले वैदेशिक रोजगारको नाममा मानव बेचबिखन अगाडि बढेको हुनसक्छ भन्ने विश्वास गरेका छन्। र सबैले यसलाई नयाँ आयामको रुपमा सूचिकृत गरेका छन्।
- ✦ छनौट गरिएका पाँच जिल्लाहरुमा 'बाल श्रम,' 'बाल दुर्व्यवहार तथा शोषण' 'बाल विवाह' र 'द्वन्द्व पीडित बालबालिका' बाल संरक्षणका प्रमुख सवालहरु हुन्।
- ✦ नाबालिगहरु वैदेशिक रोजगारमा जाने अभ्यास पहिल्यै भएको भएता पनि हाल प्रशासनले उमेर खुलाउने कागजात अनिवार्य गरेकाले यो कम भएको देखिन्छ।
- ✦ विशेषगरी मानव बेचबिखन न्यूनीकरणमा मात्र लक्षित गैरसरकारी संस्थाहरु केवल मोरङ र कास्कीमा रहेको देखिन्छ।
- ✦ प्रत्येक वर्ष सरकारले मानव बेचबिखन विरुद्धका क्रियाकलाप गर्नका लागि महिला तथा बालबालिका विभाग मार्फत मोरङ, कास्की र वर्दियाका लागि रु. ५७०००.०० छुट्याएको पाइयो। त्यसैगरी दोलखा र अछामका लागि रु ४२०००.०० रहेको पाइयो।

- सबै पाँच जिल्लाहरुमा मानव बेचबिखनविरुद्ध जिल्ला समन्वय समितिको उपस्थिति छ तर बैठक, जनचेतना अभिवृद्धि कार्यक्रम र दिवसहरु मनाउनेमा मात्र क्रिया-कलापहरु सिमित छन्।
- सबै पाँच जिल्लाहरुमा सजायँ पाउनेको संख्या न्यून छ जसमध्ये मोरङमा सबैभन्दा धेरैलाई सजाय भएको देखिन्छ।
- अपराधीको डर, धम्की, प्रलोभन, सचेतनाको कमी, पारिवारिक दबाब, सामाजिक अपहेलना, आर्थिक समस्या र लामो कानुनी प्रक्रिया र न्यून सजाय दर आन्तरिक मानव बेचविखनका प्रमुख कारणहरु हुन्।
- मानव बेचबिखनबाट प्रभावित/पीडितले मुद्दा फिर्ता लिनुमा पनि माथि उल्लेखित कारणहरु नै प्रमुख भएको पाइयो।
- मुद्दाको निर्णय भएता पनि एक जना पनि प्रभावितले क्षतिपुर्ति प्राप्त गरेको देखिदैन।
- उल्लिखित जिल्लाहरुमा कुनै पनि ऐतिहासिक निर्णय भएको छैन।
- उत्तरदाताहरुले मानव बेचबिखन र आप्रवासनका भिन्न अर्थ बुझेका छन् र उनिहरु वैदेशिक श्रम आप्रवासन सुरक्षित हुनुपर्छ भन्ने पक्षमा छन्।
- वैदेशिक रोजगार ऐनबारे सबै जानकार नभएता पनि उत्तरदाताहरु वैदेशिक श्रम आप्रवासनको नाममा हुने गरेका बेचबिखनका घटनाहरु मानव बेचबिखन नियन्त्रण ऐन अन्तरगत हेरिनु पर्छ भन्ने पक्षमा देखिन्छन्।
- छनौट गरिएका कुनैपनि जिल्लामा सरकारी सहयोगमा संचालित पुनर्स्थापना केन्द्रहरु छैनन्।
- मोरङ र कास्कीमा रहेका पुनर्स्थापना केन्द्रहरु गैर-सरकारी संस्थाहरुद्वारा बाह्य आर्थिक सहयोगमा संचालित छन् । बर्दियामा मानव बेचबिखनका प्रभावितलाई लक्षित गरी कुनैपनि पनुर्स्थापना केन्द्र छैन तर आवश्यक पर्दा बाल गृहमा राख्ने गरिन्छ। दोलखा र अछाममा यस्ता कुनै केन्द्रहरु देखिएन।
- गैरसरकारी संस्थाहरुले संचालन गरेका पुनस्थापना केन्द्रहरुमा सन्तोषजनक भौतिक पूर्वाधार र सुविधाहरु; तालिमप्राप्त प्राविधिक कर्मचारीहरु र नीतिनियमहरु रहेका छन्।
- सरकारी कर्मचारीहरुले ती केन्द्रहरु बर्षको एक पटक निरिक्षण गरेको देखिन्छ।
- पुनस्थापना केन्द्रहरु अनुगमन तथा निरिक्षणका लागि जिम्मेवार सरकारी निकायलाई एन्.एम्.एस्. र एस्., ओ. पि. जस्ता बेचबिखनबाट प्रभावितको स्याहार र संरक्षणका लागि बनाएका मापदण्डहरुबारे राम्रोसँग अभिमुखिकरण गरिएको देखिदैन।
- जिल्लाहरुमा बेचबिखनबाट प्रभावित/पीडितहरुलाई उपलब्ध सहयोगहरु मध्ये कानुनी परामर्श अवस्था राम्रो छ भने प्रभावितलाई अन्य सेवाहरु पर्याप्त छैन।
- गैरसरकारी संस्थाहरु बीच सहकार्य देखिन्छ तर बेला बेलामा प्रतिस्पर्धाको रुप लिने गर्दछ।
- गैरसरकारी संस्थाहरु र सरकार बीचको सहकार्य राम्रो भएको देखिन्छ।
- संचारकर्मीहरु पहिलेको तुलनामा मानव बेचबिखनका घटनाको रिर्पोटिङमा बढी सम्वेदनशील हुने गरेका छन्। समाचार सम्प्रेशण गर्दा प्रभावितको गोपनियताको ख्याल राख्ने गरेको पाइन्छ।

■





# मनोरञ्जन क्षेत्रमा हुने महिला हिंसा



"सृजना पुन मगर महिलाको निम्ति महिला मञ्च नेपाल (वोफोवोन) की अध्यक्ष हुन् । डान्स, क्याबिन, दोहोरी, मसाज जस्ता मनोरञ्जन प्रदायक संस्थामा काम गर्ने महिलाहरूको मानव अधिकार संरक्षणमा सकृय वोफोवोन महिला तथा बालबालिका बेचबिखन विरुद्ध राष्ट्रिय सहकर्मी संस्था (एटविन), मानव बेचबिखन विरुद्ध राष्ट्रिय समिति एवं महिला मानव अधिकार रक्षक सञ्जालमा आवद्ध रहेको छ । दाङ, तुल्सीपुरकी १२ कक्षामा अध्ययनरत् सृजनाले मनोरञ्जन क्षेत्रको अवस्था, चुनौति एवं अवसरहरूका बारेमा एटविनका लागि अनिल अधिकारीलाई दिनु भएको अन्तर्वार्ताको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।"

**मनोरञ्जन क्षेत्रमा तपाईंले कति वर्ष काम गर्नु भयो ?**

मैले दोहोरी गायिकाको रुपमा काठमाण्डौको ठमेल तथा अन्य ठाउँमा गरी साढे ३ वर्ष काम गरें।

**तपाई तुल्सीपुर दाङको मान्छे, कसरी काठमाण्डौं आइपुग्नु भयो ? के आइसकेपछिको अवस्था सहज थियो ?**

द्वन्द्वकाल थियो त्यतिबेला, गाउँमा बस्न सक्ने अवस्था थिएन । ४-५ जना साथीसँग काठमाण्डौं आएँ। धेरै ठाउँमा काम खोज्यौं पाइएन। गलैंचा उद्योग, डिपार्टमेन्ट स्टोर हुँदै पछि दोहरीमा गाउन थालें। गाउँमा गीत गाउने गरेकोले यहाँ काम लाग्यो।

**मनोरञ्जन क्षेत्रमा १८ वर्ष मुनिका बालिकाहरुको संख्या कति छ ?**

यति नै यकिन भन्न सक्ने अवस्था छैन तर जहाँसम्म लाग्छ बालिकाहरुको संख्या उल्लेख्य छ र देशव्यापी हेर्ने हो भने भयावह छ । हामीले गर्ने कतिपय अनुसन्धानमा बालिकाहरुसँग कुरा गर्न खोज्दा धेरैले उमेर २० वर्ष भन्ने गरेका छन्। रेस्टुरेण्ट, दोहोरी र बार मालिकले नै त्यसो भन्न सिकाएका हुन्छन् । यकिन तथ्यांक भन्नलाई एउटा ठोस अनुसन्धानको खाँचो छ वास्तवमा।

**मनोरञ्जन क्षेत्रमा महिलाहरुको अवस्था कस्तो छ ? कस्ता समस्याहरु भोग्नु परिरहेको छ ?**

ठूला गुणस्तरीय रेस्टुरेण्ट, बार र दोहरी बाहेक अधिकांशले दिने तलब न्यून छ, बाँच्नै गाह्रो छ । मासिक २, ३, ५ हजारसम्म हुन्छ। १, २ हजार टिप्स हुन्छ। रातीको खाना साहुले दिन्छ। तर तलब समयमा नपाइने, ढिलो पुगे पैसा कटाउने, साहुसँग सवाल जवाफ गरे अपशब्द सुन्नुपर्छ। साहुकै मनमानी छ। ग्राहकहरुको यौन हिंसा सहनु पर्छ। राती १ बजे दोहेरी बन्द हुन्छ, बाटोमा चेकिङमा बस्ने सुरक्षाकर्मीहरुबाट हिंसा व्यहोर्नु पर्छ । उनीहरुले मनपरि बोल्ने, गीत गाउन लगाउने, रातभरि बाटैमा राखिदिने अझ एक जना बहिनीले बलात्कारको समेत शिकार हुनुपरेको घटना छ।

**मनोरञ्जन क्षेत्रका महिलाहरुमाथि समाजले हेर्ने दृष्टिकोण कस्तो छ ?**

यो क्षेत्रलाई अमर्यादित बनाइएकै कारण मेरो बिचारमा धेरै महिलाहरूले अझैपनि घर परिवारलाई ढाँटेरै काम गरिराखेको अवस्था छ। यहींभित्रै महिलाहरुलाई बदनाम गर्ने काम हुने गरेको छ। जबसम्म यो पेशा मर्यादित बनाईंदैन समाजले हेर्ने दृष्टिकोण पनि नकारात्मक नै हुन्छ।

**यस क्षेत्रमा महिला र बालबालिकाहरू कसरी आइपुग्छन् ?**

विभिन्न कारणहरू छन्। कोही मजस्तै द्वन्द्वको कारण भागेर आइपुगेका छन्, कसैलाई कामको प्रलोभनमा दलालले ल्याइपुऱ्याउँछ । कतिपय घरायसी काममा राख्ने भनेर झुक्याएर पनि परेका छन् । हामीलाई पनि त्यतिबेला

यहाँभन्दा इण्डियामा राम्रो छ जाऔं भनेको भए हामी पनि जान्थ्यौं होला ! सजिलै प्रलोभनमा पर्न सक्ने अवस्था थियो अहिले पनि छ। मुख्य भनेकै सामाजिक र आर्थिक अवस्थाका कारण हो।

**तपाईंलाई आफ्नो श्रमको शोषण भयो, अधिकार हनन् भयो भनेर कसरी थाहा भयो ?**

ओरेकले २०६४ देखि छहारी नाम दिएर गोंगबुमा महिला स्वास्थ्य परामर्श केन्द्र राखेको थियो । क्याबिनमा काम गर्ने १० देखि १५ जना महिलाहरुको ड्रप इन सेन्टर र क्लिनिक थियो त्यो । अंग्रेजी र नेपाली कक्षा, मनोविमर्श राखेको कक्षामा म पनि पढ्न गएँ। ओरेन्टेसनमा महिला अधिकार, महिला हिंसाको कुराहरु हुन्थे। त्यसबाट धेरै कुरा थाहा भयो। हामीमाथि ग्राहक, मालिक र समाजले गरेको व्यवहार हिंसा रहेछ भनेर त्यसबेला बुझ्यौं।

**महिलाको निम्ति महिला मञ्च नेपाल (वोफोवोन) खोल्ने प्रेरणा कहाँबाट आयो ?**

ओरेकको डा. रेणु राजभण्डारीले क्षमता अभिवृद्धिको ५ दिने तालिम दिनु भएको थियो। त्यही तालिममा भोलिको दिनमा के गर्ने भन्ने विषयमा छलफल हुँदा एउटा संस्था खोल्ने निर्णयमा पुग्यौं। डान्स, क्याबिन, दोहोरी र मसाजमा काम गर्ने ३८४ जना महिला हाल मञ्चमा आवद्द छन्।

**यसले कसरी काम गर्छ ?**

मनोरञ्जन क्षेत्रमा कामगर्ने महिलाहरु समेत सहभागी भई दिउँसो र राती अनुगमनमा जाने, इन्फरमेसन लिने, सानो उमेरका बालिका छन् भने पटक पटक भेट्ने उनलाई काउन्सिलिङ्ग गर्ने, उसलाई के कस्तो पुनःस्थापना चाहिने हो त्यो जानकारी लिएर रिफर गर्छौं। हालसम्म हामीले ४ बालिकाहरुलाई सिबिनमा रिफर गरिसकेका छौं। पुलिस चौकीले उद्दार गरेर ड्रप इन सेन्टरमा रिफर गरेका २ जना भागे, २ जना बालिकालाई सिविनले घर पठाइदियो। काम गर्ने क्रममा हामीले १२ वर्षकी बालिका समेत फेला पारेका छौं।

**अब बन्ने संविधानमा मनोरञ्जन क्षेत्रमा संलग्न महिलाहरुको के कस्ता अधिकार सुनिश्चित हुनु जरुरी छ ?**

मनोरञ्जन क्षेत्रमा श्रमिक महिलाहरुको श्रमलाई अधिकारको रुपमा स्थापित गरियोस् भन्ने हाम्रो भनाई हो। यस भित्र हुने हिंसा र शोषण अन्त्य हुनुपर्छ। सामाजिक दृष्टिकोण अझै चुनौतिपूर्ण छ जुन परिवर्तन हुनु जरुरी छ। यही हामीले उठाउँदै आएको प्रमुख सवाल हो।

**त्यसका लागि तपाईंहरुले के कस्तो प्रयासहरु गर्दै आइरहनु भएको छ ?**

सभासदहरूसँग छलफल, अन्तर्क्रिया गरिरहेका छौं। महिला मन्त्रालय, श्रम मन्त्रालय, सम्बद्ध विभाग, मानव बेचबिखन विरुद्धको राष्ट्रिय समितिमा हिंसा प्रभावित महिलाहरुको सहभागितामा वकालत गर्ने कामहरु भइरहेका छन्। महिला आयोग, महिला विकास, जिल्ला प्रशासन कार्यालयहरुमा ध्यानाकर्षण पत्र बुझाउने काम भइरहेको छ। पुलिस प्रशासनसँग समन्वय र छलफल एवं मिडियामा अन्तर्वार्ता, लेखहरु आइरहेका छन्। सिटिजन एफएमले प्रभावितहरूको लाइफ स्टोरी र यसक्षेत्रको अवस्थाको बारेमा प्रसारणको कार्यक्रम राखेको छ र यसले मनोरञ्जन क्षेत्रका मुद्दाहरुको प्रचार प्रसार र प्रवर्द्धनमा निकै सहयोग पुगेको छ।

**अन्तमा केही भन्न चाहनु हुन्छ ?**

अनिच्छाले, ललाई फकाई, वाध्यतावश बालिकाहरुलाई यस क्षेत्रमा लगाइएको छ भने त्यो बेचबिखन र ओसार पसार हो जसको रोकथामका लागि सरकारी, गैरसरकारी सबै निकाय सकृय हुनु जरुरी छ। साथै यो श्रमको क्षेत्र हो यसलाई मर्यादित र व्यवस्थित बनाइनु पर्छ।

मुख्य रुपमा भन्नुपर्दा श्रमको रुपमा यस क्षेत्रलाई सरकारले हेरेको छैन र व्यवस्थित छैन। मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गर्न २०६५ मा निर्देशिका बनेको त छ तर त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन, त्यस अन्तर्गत नीति नियमहरु बनेका छैनन्, सम्बन्धित निकायले गम्भिर भएर कार्यान्वयनमा तत्परता देखाओस् भन्न चाहन्छु। ■

**मनोरञ्जन क्षेत्रका समस्याहरु**

- न्यून पारिश्रमिकका कारण जीविकोपार्जनमा कठिनाई एवं रोजगारीका लागि विदेश पलायनमा वृद्धि ।
- चर्को ध्वनि, लाइट, चुरोटको धुँवा, तेलको गन्धका कारण कान, आँखा, टाउको, घाँटीको गम्भिर समस्या ।
- नियुक्ति पत्र, न्यूनतम ज्याला, बिदा, सञ्चय कोषको अभाव एवं रोजगारीको अनिश्चितता र सेवा शुल्क (३२ प्रतिशत सञ्चालक र ६८ प्रतिशत श्रमिकलाई) व्यवस्था भए अनुसार कार्यान्वयनमा अभाव ।
- सञ्चालनमा गुण्डा नाइकेहरुकै बिगबिगी, नकारात्मक धारणा, अधिकारमूलक गोष्ठी र अन्तर्क्रियामा उपस्थितिको कमी ।
- रातको समयमा कामबाट फर्किंदा बाटोघाटोमा सुरक्षाकर्मीबाटै हैरानी खेप्नुपर्ने ।



# मनोरञ्जन क्षेत्र र आन्तरिक बेचबिखन

**शान्ता खनाल**

"हामीले हाम्रा पौराणिक गाथाहरुमा स्वर्गका राजा इन्द्रले अप्सराहरुलाई नाचगान गराएर मनोरञ्जन लिने गरेको कुरा सुन्दै आएका छौं । मेनका, रम्भा, उर्वसी जस्ता अप्सराहरु पूज्य थिए । हाम्रो ऐतिहासिक पृष्ठभूमि केलाउने हो भने पनि तत्कालिन शाहकालिन एवम् राणाकालिन दरबारहरुमा राजधानी वरपरका जिल्लाबाट मीठो स्वरका धनी गायिकाहरु तथा राम्रो नाच्न जान्ने नर्तकीहरुलाई छानी छानी ल्याएर राख्ने चलन रहेको थियो । उनीहरुको मुख्य काम तत्कालिन शासक तथा तिनका आफन्तहरुलाई भरपूर मनोरञ्जन दिनु हुन्थ्यो । त्यसको बदला उनीहरुले प्रशस्त इनाम तथा बक्सिस पाएर आरामले आफ्नो जिवन गुजारा गर्थे ।"

मनोरञ्जन क्षेत्रले मानसिक स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । स्वस्थ मनोरञ्जनले मानिसको शारीरिक तथा मानसिक थकानलाई मेटाउनुका साथै थप काम गर्नका लागि पुनर्ताजगी, उत्साह र नयाँ उर्जा दिने काम गर्छ। त्यसैले प्रत्येक मानिसलाई स्वस्थ मनोरञ्जनको आवश्यकता छ। यसै कुराको महत्वलाई बुझेर नै कतिपय मानिसहरुले मनोरञ्जन क्षेत्रलाई नै जीविकोपार्जनको माध्यम बनाएका हुन्छन् । कतिले यसलाई व्यवसायकै रुपमा अपनाएका छन् भने कतिले यहिंबाट रोजगारी पाएर यस क्षेत्रलाई निरन्तरता दिइरहेका छन् । डान्सबार, क्याबिन रेष्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर जस्ता व्यवसायलाई मनोरञ्जन क्षेत्रको रुपमा लिइने गरिएको छ।

एकातिर यस्ता संस्थाहरुले मनोरञ्जनको क्षेत्रमा उल्लेख्य योगदान गरिरहेका छन् भने अर्कोतिर मुलुकको ठूलो हिस्सा ओगटेको युवा बेरोजगारको समूहलाई स्वदेशमै रोजगारी प्रदान गरेर विदेश पलायन हुनबाट रोकिएको अवस्था पनि छ। देशको ठूला शहर केन्द्रित यो व्यवसाय वर्तमान अवस्थामा नगर उन्मुख शहरहरुमा पनि फस्टाउँदो रुपमा रहेको छ। यति हुँदा हुँदै पनि यस्ता ठाँउहरुमा अवैध धन्धा तथा यौन व्यवसाय पनि चल्ने गरेका तथ्यहरु बेला-बेलामा स-प्रमाण सार्वजनिक भैरहेका छन् । यस्ता व्यवसायका संचालकहरु रातारात उल्लेख्य आर्थिक प्रगति गरी सम्मानजनक जिवनयापन गरिरहेका छन् भने यहीँ काम गर्ने कामदार, कर्मचारीको अवस्था भने सन्तोषजनक रहेको पाइदैन । यो क्षेत्रमा काम गर्नेहरु बेचबिखनको खतरामा पर्ने गरेको घटनाहरु बारम्बार दोहोरिइरहेका छन् ।..

कुनै पनि व्यक्तिलाई डर, धाक, धम्की, लोभ देखाई बल प्रयोग गरी, बँधुवा बनाई, यौन शोषण तथा अन्य जुनसुकै प्रयोजनका लागि एक ठाँउबाट अर्को ठाँउमा लैजानु तथा व्यक्तिको इच्छा विपरित काम गर्न बाध्य तुल्याइनुलाई मानव बेचबिखन तथा ओसारपसारको रुपमा लिइन्छ । नेपालको मानव बेचबिखन सम्बन्धी ऐन २०६४ ले (क) कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने, (घ) वेश्यागमन गर्ने जस्ता कार्यलाई मानव बेचबिखन मानेको छ र यी कामहरु दण्डनीय मानेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले मानव बेचबिखन विरुद्धको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको छ। अन्तरिम संविधान २०६३ को धारा २९ को उपधारा ३ र ४ मा मानिसलाई बेचबिखन गर्न, दास वा वाँधा बनाउन र कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन भन्ने व्यवस्था गरिएको छ।

मानव बेचबिखन तथा ओसारपसारलाई विशेष गरि वैदेशिक रोजगारीसंग मात्र जोडेर हेर्ने गरिएको छ। मुलुकमा बढ्दो युवा बेरोजगार, अवसरको खोजीमा शहर केन्द्रित हुनुपर्ने बाध्यात्मक परिस्थिति, बढ्दो महंगी आदिका कारणले गर्दा यौन शोषणको लागि मात्र नभई सस्तो श्रमको लागि देश भित्रै पनि विशेष गरि मनोरञ्जन क्षेत्रमा व्यापक रुपमा मानव बेचबिखन भइरहेको छ। गरिबीका कारण जिवन-यापनको बाटो खोज्दै जाँदा बेचबिखनमा पर्ने तथा पर्न सक्ने खतरा बढ्दै गएको छ। अझ वर्तमान अवस्थामा प्रविधिको बढ्दो प्रयोग तथा युवाहरुमा बढ्दो विलासी जिवन शैली तथा वैदेशिक रोजगारप्रतिको मोहले बेचबिखनको खतरा दिनानुदिन बढ्दो छ।

वि.स.२०४६ भन्दा पहिलेको अवस्थामा नेपालका महिला तथा किशोरीहरु भारतका विभिन्न कोठीहरुमा विशुद्ध यौन धन्दाको लागि दलालको माध्यमबाट पुऱ्याइन्थे । त्यहाँ उनीहरु जर्वजस्ती यौन धन्धामा लगाइन्थे । जब वैदशिक रोजगारीको बाटो खुल्यो त्यसलाई अवसर ठान्दै महिलाहरु पनि वैदेशिक रोजगारमा जान थाले । यसै सिलसिलामा बेचबिखनको स्वरुप तथा गन्तव्य पनि फेरिन थाल्यो । नेपालीहरू भारत तथा बंगलादेश हुदै खाडीसम्म पुऱ्याइन थालियो । सरकारले विभिन्न अंकुशहरु लगाएर वैदेशिक रोजगारीको माध्यमबाट हुने वेचविखन रोक्ने प्रयास गरिरहेकै छ । सरकारको ध्यान वैदेशिक रोजगारीको माध्यमबाट हुने बेचबिखन रोक्नमा केन्द्रित हुन खोज्दा आफ्नै देश भित्र हुने आन्तरिक बेचबिखनको पाटो भने ओझेलमा परेको देखिन्छ।

वर्तमान अवस्थामा आन्तरिक बेचबिखनको जालो पनि त्यतिकै रुपमा झाङ्गिदै गइरहेको छ। मनोरञ्जन क्षेत्रको नाममा खुलेका होटल, डान्सबार, क्याबिन रेष्टुरेन्ट, दोहोरी साँझ, डिस्कोथेक, मसाज पार्लर तथा ब्युटी पार्लरहरुमा व्यापक रुपमा मानव बेचबिखन हुने गरेको तथ्यहरू हाम्रो सामु छन् । व्यवसायीहरू गर्वका साथ शिर उँचो गरेर हिडिरहेका छन्। तर त्यही क्षेत्रमा काम गर्ने महिला तथा युवतीहरू आफ्नो पहिचान समेत लुकाएर हिड्न बाध्य छन्। मनोरञ्जन प्रदायक संस्थामा नृत्य, गायन तथा अन्य सेवा गर्नेलाई राम्रो नजरले हेर्ने गरेको समेत पाइदैन । हामीले हाम्रा पौराणिक गाथाहरुमा स्वर्गका राजा इन्द्रले अप्सराहरुलाई नाचगान गराएर मनोरञ्जन लिने गरेको कुरा सुन्दै आएका छौं । मेनका, रम्भा, उर्वसी जस्ता अप्सराहरु पूज्य थिए। हाम्रो ऐतिहासिक पृष्ठभूमि केलाउने हो भने पनि तत्कालिन शाहकालिन तथा राणाकालिन दरबारहरुमा राजधानी वरपरका जिल्लाबाट मीठो स्वरका धनी गायिकाहरु तथा राम्रो नाच्न जान्ने नर्तकीहरुलाई छानी छानी ल्याएर राख्ने चलन रहेको थियो । उनीहरुको मुख्य काम तत्कालिन शासक तथा तिनका आफन्तहरुलाई भरपूर मनोरञ्जन दिनु हुन्थ्यो । त्यसको बदला उनीहरुले प्रशस्त इनाम तथा बक्सिस पाएर आरामले आफ्नो जिवन गुजारा गर्थे।

तर वर्तमान अवस्था बिल्कुलै फरक छ। मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरु आफूलाई खुलाउन चाँहदैनन्। यति सम्म कि उनीहरु आफ्नै परिवारलाई पनि आफू मनोरञ्जन क्षेत्रमा काम गर्दैछु भन्ने जानकारी दिदैनन्। यसो हुनुमा यो क्षेत्रमा व्याप्त चरम श्रम तथा यौन शोषण र यसले समाजमा पारेको नकारात्मक प्रभाव नै हो । विभिन्न क्षेत्रबाट सार्वजनिक गरिएका तथ्यांक अनुसार हाल देशमा २०-२५ हजारको सख्यामा यस्ता मनोरञ्जन प्रदायक संस्थाहरु रहेका छन् जसमा काम गर्ने कुल जनसंख्याको ३० प्रतिशत हिस्सा १८ वर्ष भन्दा कम उमेर समूहका किशोरीहरुको रहेको बताइन्छ जसमध्ये पनि १२-१५ वर्ष उमेर समूहका बालिकाहरुको संख्या अत्यधिक रहेको छ। गाउँ-गाँउबाट गरिब परिवारका बालिका तथा किशोरीहरुलाई घरेलु श्रमिक वा राम्रो काममा लगाइ दिने तथा पढाइदिने जस्ता बहानामा शहर ल्याउने तथा मसाज पार्लर, बार तथा रेष्टुरेण्टमा जर्वजस्ती यौनकर्मी बनाइएका प्रसस्तै घटनाहरु छन् । पाहुनाको स्वागत सत्कारका लागि भनिएका होटलहरुमा समेत यौन व्यवसाय चल्ने गरेका घटनाहरु बारम्बार जस्तो सार्वजनिक नभएको हैनन्।

१० वर्षे शसस्त्र द्वन्द्वकालमा सुरक्षाको कारणले गाँउबाट शहर पस्ने क्रमको वृद्धिसँगै शहरमा रोजगारीको समस्या सृजना हुन थालेपछि मनोरञ्जन क्षेत्रमा महिला तथा बाल-बालिकाहरूको संख्या वृद्धि भएको तथ्यांकहरुले देखाएका छन्।

मनोरञ्जन प्रदायक संस्थाका संचालकहरूले कामदार-हरूलाई अबेर रातसम्म व्यवसाय संचालन गर्न दवाब दिन्छन् । राती अवेरसम्म ग्राहकसंग बसेर सेवा दिनुपर्ने बाध्यता छ भने नसामा लट्ठिएका ग्राहकको दुर्व्यवहारको शिकार बन्नुपर्ने बाध्यता पनि उस्तै छ। ग्राहक रिझाउन र संचालकलाई खुसी पार्न उनीहरुसंगै बसेर मद्यपान गरिदिनुपर्ने, उनीहरूका सबै काम गरिदिनुपर्ने, मादक पदार्थ सेवन गरेका ग्राहकले अभद्र तरिकाले संवेदनशील अंगहरुमा छोइदिने, छुन लगाउने, अश्लिल शब्दहरु बोल्ने, विरोध गरे जागिरबाटै निकालिनुपर्ने, तलब नपाउने जस्ता समस्याहरु भोग्न बाध्य छन् कतिपय कामदारहरु।

राष्ट्रिय मानव अधिकार आयोगको २०११ को अध्ययन् अनुसार ६० प्रतिशत ग्राहकले यौन सम्पर्क राख्ने गरेको तथा ७३.३ प्रतिशत ग्राहकले अनैतिक व्यवहार गर्ने गरेको र ४६.७ प्रतिशतले अभद्र भाषाको प्रयोग गर्ने गरेको देखाएको छ। त्यस्तै माइती नेपालले २०१० मा गरेको अध्ययन्मा १७ प्रतिशत उत्तरदाताले आफ्ना साथी त्यहींबाट बेचबिखनमा परेको बताएका थिए। यो क्षेत्रमा काम गर्ने अवधि शारिरिक आकर्षण कायम रहुञ्जेल अर्थात ३० वर्ष भन्दा कम उमेर सम्म मात्र रहेको देखिन्छ भने सरकारले वैदेशिक रोजगारीमा जाने महिलाको उमेर ३० वर्ष पुग्नु अनिवार्य गरेको छ। यसले यो क्षेत्रमा कार्यरत महिलालाई पहिले आन्तरिक बेचबिखन र त्यसपछि विदेशमा पुनः बेचिनु पर्ने स्थिति रहेको देखिन्छ।

यति धेरै समस्या संग जुधेर पनि न्यूनतम पारिश्रमिक मासिक २५०० रुपैयाँमा काम गर्न बाध्य छन् कतिपय कामदाहरु। काममा नियुक्ति पत्र नपाउने, साप्ताहिक बिदा नपाउने, दैनिक ८ घण्टा भन्दा बढी समय काम गर्नुपर्ने, बिरामी हुँदा तलबी विदा नपाउने, पारिश्रमिक समयमा नपाउने, थोरै रकम पटक-पटक गरेर पाउने, राती अबेर सम्म काम गर्नुपर्ने, यातायात सुविधा नपाउने, छापा हान्ने क्रममा प्रहरीले समेत दुःख दिने, बाटो मै नाँच्न लगाउने, आफूसंग रात बिताए थुनिनु नपर्ने जस्ता प्रस्ताव राख्ने, संचार माध्यमले पनि छोटो कपडा लगाएकोलाई अतिरंजित तरिकाले नाङ्गो भनी समाचार सम्प्रेषण गरिदिने जस्ता दोहोरो, तेहेरो सम्मको शोषण भोग्न बाध्य छन् कामदारहरु। अझ कतिपय अवस्थामा त व्यवसाय संचालकले पनि दुव्यवहार गर्ने, कान्छी श्रीमतीको रुपमा बाहिर डेरामा राख्ने, मानसिक तनाव दिने, यसबाट दोहोरो शोषणमा पर्ने आदि समस्याहरु यो क्षेत्रमा कार्यरत कामदार महिलाहरूले भोग्ने गरेका छन्।

यसरी हेर्दा मनोरञ्जन क्षेत्रमा बेचबिखनको स्थिति जटिल अवस्थामा रहेको देखिन्छ। न्यून आर्थिक अवस्था, गरिबी, शिक्षाको कमी, अज्ञानता, वेरोजगारी, लोभलालच, उच्च स्तरीय जिवनस्तरको चाहना, बढ्दो मंहगी, अस्थिर राजनीतिक अवस्था, घरेलु हिंसा तथा त्यसबाट हुने पारिवारिक बिखण्डन, असुरक्षित बसाई सराइ आदि जस्ता कारणले आन्तरिक बेचबिखनको स्थितिलाई फस्टाउने वातावरण सिर्जना भएको तथ्यलाई नकार्न सकिदैन। बेरोजगारीको समस्या भोगिरहेको यति ठूलो संख्याको यूवा शक्तिलाई रोजगारीको वातावरण सिर्जना गर्ने मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र संयमित गर्न सरकारले ध्यान पुर्‍याउनु जरुरी छ। व्यवसायी तथा कामदार बीचमा समन्वयकारी भूमिका खेल्दै नीति निर्माण गर्नु तथा भएका नीति नियमहरुको पालना गराउनु न्यूनतम ज्यालादर तोक्ने, अनिवार्य नियुक्तिपत्रको व्यवस्था, कामदारका सेवा सुविधा जस्ता कुरालाई व्यवस्थित गर्न सके यहाँ हुने बेचविखनको खतरा न्यूनीकरण हुन सक्ने प्रष्ट छ। कामदारहरुले पनि ट्रेड यूनियनहरुमा आवद्ध भएर आफ्नो आवाज र समस्याहरुलाई संस्थागत र संगठित रुपमा उठाउन सकेमा धैरै जसो समस्या समाधान हुने देखिन्छ।

*(लेखक WDSETC मा आवद्धद्द हुनुहुन्छ ।)*




# हार्दिक बधाई


एच.आई.भी एड्स संक्रमित महिलाहरूलाई उनीहरूको हक अधिकार स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरी तपाई श्री मकवानपुर महिला समूहले

***Celebrating Womanhood Durga Award 2070***

प्राप्त गरेको हुँदा हार्दिक वधाइ ज्ञापन गर्दछौं।

**विमला ज्ञवाली**
**अध्यक्ष तथा समस्त एटवीन परिवार**

# नेपालमा मृगौला बेचबिखनको बढ्दो समस्या तथा समाधानका उपाय



**पृष्ठभूमी**

नेपालमा मानव बेचबिखन डरलाग्दो रूपमा बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको छ । हालै प्रकाशित राष्ट्रिय मानवअधिकार आयोगको आ.ब.२०१२/२०१३ को प्रतिवेदनले समेत नेपालमा मानव बेचबिखन बढेर गएको देखाएको छ। विगतदेखि नै नेपाल यौन शोषण तथा श्रम शोषण गर्ने उद्देश्यले गरिने मानव बेचबिखनको प्रमुख स्रोत देशको रूपमा रहदै आएको छ। परम्परागत रूपमा नेपालबाट महिला तथा बालबालिकाहरूलाई भारतमा लगि यौन शोषण गर्ने उद्देश्यले बेचबिखन गर्ने गरिएको थियो । तर आज मानव बेचबिखन त्यतिमा मात्रै सिमित छैन। मानव बेचबिखनको नयाँ नयाँ स्वरुपहरू समेत व्यापक रूपमा बढेर गएको अवस्था छ । मानव बेचबिखनको नयाँ स्वरूपको कुरा गर्दा बैदेशिक रोगगारको सिलसिला गएका महिला मात्रै नभएर कुनै पनि मानिस कुनै पनि देशमा कुनै पनि समयमा बेचिन सक्ने खतरा रहेको छ।

मानव बेचबिखनको कुरा गर्दा मानव शरिरको अङ्ग बेचबिखनको सन्दर्भ उत्तिकै विचारणीय र गम्भिर विषय हो । यस्तो बेचबिखनमा पनि मानव मृगौलाको बेचबिखन व्यापक रुपमा बढ्दै गइरहेको छ। अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाल मृगौला स्रोत केन्द्र (Kidney bank) को रूपमा चिनिन थालेको छ। यसरी चाहे परम्परागत वा नयाँ तरिका जुनसुकै तरिकाबाट बेचविखन गरेको भए पनि यी सबै कार्यहरू ठूलो गिरोहको मिलेमतोमा संगठित तरिकाले गरिने भएकाले यस्तो कार्यलाई संगठित अपराधको रुपमा हेरिन्छ साथै मानवबेचबिखनलाई आधुनिक दासत्वको रुपमा समेत मानिंदै आएको छ।

**नेपालमा मृगौला बेचविखनको समस्या:**

नेपालमा सबै भन्दा बढी मृगौला बेचबिखनबाट प्रभावित जिल्लाको रूपमा काभ्रेपलाञ्चोकलाई चिनिन्छ। यस जिल्लाका थुप्रै गाविसहरू यस समस्याबाट प्रत्यक्ष रूपमा प्रभावित छन् भने अन्य जिल्लाहरूमा पनि मृगौला बेचबिखनको प्रभाव फैलिदै गएको पाइन्छ। भारत, कोरिया लगायतका मुलुकहरुमा मृगौला बेचबिखन हुने गरेको विभिन्न अभिलेखहरुले देखाउँदछ। गरिबी तथा स्वास्थ्य सम्बन्धी अल्पज्ञानको फाइदा उठाउदै मृगौला बेचबिखनमा संलग्न दलालहरूले मानिसहरूलाई भुक्याउने तथा पैसाको प्रलोभन देखाउने गरेको भेटिएको छ। गरिबी र कमजोरीमै मानव बेचबिखनको प्रभाव धेरै भेटिने गरेको र बेचबिखनका गिरोहको संलग्नता पनि त्यहीं रहने गरेको पाइन्छ । सबैभन्दा पहिले व्यक्तिको सामाजिक तथा आर्थिक पृष्ठभूमिको अध्ययन गर्ने र उक्त व्यक्तिमा जे कुराको बढी इच्छा छ त्यहि कुराको प्रलोभन देखाई मानिसलाई बेचविखन गर्ने गरेको पाइएको छ। यसरी मानिसहरुलाई पहिले मृगौला बेच्नको लागि पैसाको प्रलोभन देखाउने, मृगौलाको बारेमा गलत सुचना दिने, दुइवटा मृगौलामा एउटा झिकेमा केही पनि हुदैन भनेर गलत सूचना दिने, झिकेपछि

सफलताको कथा

# मृगौला बेच्नेलाई १० वर्ष कैद

मृगौला बेचबिखनमा अदालतबाट सजाय भएको नेपालको पहिलो मुद्दा

रीता (नाम परिवर्तन) ३० वर्षअघि काठमाडौंमा जन्मिएकी हुन् । उनका दुइ छोराहरु थिए। चरम गरिबीका कारण रीताका श्रीमान राजनले (नाम परिवर्तन) ले वैदेशिक रोजगारमा जाने निर्णय गरे । उनी साउदी अरबमा एउटा कारखानामा काम गर्थे । एकदिन उनी कारखानामै दुर्घटनामा परे । उनको दुवै खुट्टाले काम गर्न नसक्ने भयो । त्यस्तो अवस्थामा परदेशभन्दा आफ्नै देशमा फर्कनुको विकल्प रहेन । धन कमाउने सपना बोकी गएका श्रीमानको उमेर छँदै त्यो दशा देखी रीता मर्माहत भइन् । काठमाण्डौंको महँगी, दुइजना छोरा र आफूहरु गरी चारजनाको परिवारलाई जीवन धान्न रीतालाई धौं-धौं पर्न थाल्यो । उनकै काँधमा जिम्मेवारी थपिएको थियो । उनले हिम्मत हारिनन् । केही गरेरै छाड्ने प्रण गरिन् र एउटा सानो होटल चलाउन भनेर कतैबाट २ लाख रुपैया ऋण लिइन् । तर होटलको आम्दानी बढ्नुको साटो दिनदिनै घाटा पो हुन थाल्यो । यस्तैमा छिमेकमा बस्दै आएका रविनोद ढकाल र कृष्ण बहादुर दर्जीले रीता र राजनको सामुन्ने आफूहरुसँग पैसा कमाउने एउटा युक्ति छ भन्दै फकाउन थाले । 'पैसा कमाउ, सजिलै ऋण तिर', एक साँझ रीताको होटलमा आएका उनीहरुले रीतालाई फकाउँदै एकै स्वरमा भने । गोप्य कुरा हो कसैलाई नभन्नु भन्दै उनीहरुले मृगौला बेचेमा २ लाख कमाइने बताए । 'बिनाबित्ति किन डराउँछौ, एउटा मृगौला बेच्दैमा केही हुँदैन, फेरी पलाइहाल्छ नि दुइवटा मृगौला त शरीरको भार मात्रै हो', विनोदले फकाउँदै भन्यो । कृष्ण बहादुरले थप्दै भन्यो, '२ लाखले त तिमिहरुको सबै ऋण तिरिन्छ।'

पैसाको प्रलोभन देखाइ उनीहरुले रीतालाई फकाएर २०६९ सालको असोज महिनामा काठमाडौंको एउटा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गराए । २०६९ साल मंसिरमा रीतालाई उनीहरुले काठमाडौंबाट नेपालगञ्ज हुँदै नयाँदिल्लीको सिहानिया अस्पतालमा लगे र माघ १२ गते उनको देब्रे भागको एउटा मृगौला झिक्न लगाएर उनलाई माघ २७ गते काठमाडौं फर्काए । काठमाडौं आएपछि पनि रीतालाई मृगौला बेच्नु गम्भिर अपराध हो भन्ने कुरा थाहा थिएन । मिति २०७० साल बैशाख महिनामा रीता कसैगरी पिपिआर नेपालको सम्पर्कमा आइन् तबमात्र उनले मृगौला बेचबिखनका सबैकुरा जान्न पाइन् । उनलाई पिपिआर नेपालले निशुल्क कानूनी उपचार दिने जानकारी दियो । संस्थाकै सहयोगमा रीताले २०७० साल जेठ १ गते मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बमोजिम महानगरीय प्रहरी कार्यालय हनुमानढोकामा जाहेरी दिइन् ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ अन्तर्गत अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैया सम्म जरिवानाको सजाय गर्न माग दाबी सहित २०७० जेठमा काठमाडौं जिल्ला अदालतमा अभियोग दायर गर्‍यो । उक्त मुद्दामा पिपिआर नेपालले रीतालाई शुरुदेखि नै आवश्यक सहयोग तथा पूर्ण रुपमा कानूनी सहायता उपलब्ध गराउँदै आइरहेको थियो।

मिति २०७१ साल जेठ १८ गते काठमाडौं जिल्ला अदालतबाट प्रस्तुत मुद्दाको अभियोगमा माग दाबी ठहर गर्दै प्रतिवादीहरुलाई जनही १०/१० वर्ष कैद र २-२ लाख रुपैया जरिवाना हुने र पीडितलाई २ लाख रुपैया क्षतिपूर्ति हुने फैसला गर्‍यो ।

मानिसहरुलाई गलत सूचना दिई झुक्यानमा पारी औरे पैसाको समेत प्रलोभन देखाइ मृगौला बेचबिखन हुने गरेको उदाहरण प्रस्तुत मुद्दाबाट प्रष्ट भएको छ। काभ्रे जिल्लाका विभिन्न गाविसहरु पनि मृगौला बेचबिखनबाट निकै नै प्रभावित भए पनि हालसम्म यस्ता मुद्दाका अपराधीहरु कानूनी दायरामा ल्याउन नसकी उन्मुक्ती पाइरहेको अवस्थामा नेपालमा पहिलोपटक काठमाडौं जिल्ला अदालतले रीताको मुद्दामा यस्तो फैसला गरिदिएर पीडितलाई राहत दिएको छ। मानव बेचबिखन तथा मृगौला बेचबिखन विरुद्ध भएको यो आफैमा ऐतिहासिक फैसला हुन गएको छ। ■

पुन मृगौला पलाउने जस्ता समेत गलत सुचनाहरु दिई पीडितलाई भुक्याउने गरेको पाइएको छ । कतिपय अवस्थामा २०/२५ हजार रुपैयादेखि बढीमा १५०,०००/सम्म पैसा पीडितलाई दिने गरेको पाइएको छ। उता दलालहरूले उक्त मृगौला अन्तर्राष्ट्रिय बजारमा बेचेर ३०/३५ लाखदेखि करोडौ रूपैयासम्म कमाउने गरेको अड्कल गरिन्छ । मृगौला दिने व्यक्ति भने गम्भिर रुपमा सामाजिक एवं मनोसामाजिक समस्याका साथै गम्भिर स्वास्थ्यको जोखिम लिएर बाँच्नु परिरहेको अवस्था छ।।

**कानुनी व्यवस्था:**
अङ्ग प्रयारोपण सम्बन्धि ऐन २०५५ ले स्वास्थ्य संस्थाको सिफारिसमा आफ्ना परिवारका सदस्यभित्र अङ्ग प्रत्यारोपण गर्न मिल्ने व्यवस्था गरेको छ तर मृगौला बेचबिखनका दलालहरुले पीडितहरुको नक्कली नागरिकता लगायत कागजात तयार गरी अस्पतालहरुलाई समेत भुक्याई मृगौला बेच्ने गरेका छन्।

मानिसको शरीरको अङ्ग बेचबिखन पनि मानव बेचबिखनकै स्वरूप भएकोले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले पनि यसलाई मानव बेचबिखनकै परिभाषाभित्र राखेको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा १५(१)(ग) ले प्रचलित कानुन बाहेक मानिसको कुनै अङ्ग भिक्नेलाई दश वर्ष कैद र दुई लाख देखि पाँचलाख रूपैयासम्म जरिवाना हुने व्यवस्था गरेको छ। तर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन कार्यान्वयन भएको लामो समयसम्म पनि मृगौला बेचबिखनका पीडकहरु कानुनी दायरामा आउन सकेका छैनन् । मानिसहरुमा मृगौला बेचविखन अपराध हो भन्ने कुराको जानकारीको अभाव, गरिबी, न्यायमा पहुँचको अभाव जस्ता विविध कारणले गर्दा यस्ता अपराधको बारेमा प्रहरीमा उजुरी नपर्ने कारण यस्ता अपराधका घटनाले प्रोत्साहन पाउँदै गएको र गाउँ गाउँमा मृगौला बेचबिखनको घटनाले प्रश्रय पाउँदै गइरहेको देखिन्छ ।

**कानुनी कारवाही**
पछिल्लो समयमा जनअधिकार संरक्षण मञ्च (पिपिआर नेपाल) लगायत सरकार समेतको सकृयतामा गाउँ गाउँमा गई मृगौला बेचबिखनविरुद्ध मानिसहरुमा जनचेतना जगाउने, स्वास्थ्य शिविरहरु संचालन गर्ने र प्रभावित व्यक्तिहरुलाई निशुल्क कानुनी सहायता प्रदान गर्न थालेपछि यस्ता घटनाहरु कानुनी दायरामा आउन थालेका देखिन्छ र पहिलो पटक काभ्रेपलाञ्चोक जिल्लाबाट नै यो कार्यको सुरुवात भएको थियो । २०७० साल बैशाखमा काभ्रेपलाञ्चोक जिल्लामा पीडितको तर्फबाट उक्त अपराधको बारेमा प्रहरीमा उजुर परेपछि पीडकहरु उपर अभियोजन भयो भने मिति २०७० साल जेठ १ गते काठमाडौंमा अर्को जाहेरी पऱ्यो। उक्त जाहेरीमा अनुसन्धान भई काठमाडौं जिल्ला अदालतबाट नेपालमा नै पहिलोपल्ट पीडकलाई १० वर्ष कैद र २ लाख रुपैया जरिवाना गर्ने र पीडितलाई २ लाख रुपैया क्षतिपूर्ति दिने फैसला भएको छ। यसरी समाजमा लुकेर बसेको यस्तो गम्भिर अपराध पहिलोपटक संघ संस्थाहरुको सकृयतामा बाहिर आई गैर सरकारी संस्थाको पहलमा कानुनी दायरामा आउन कम्तिमा सुरुवात भएको छ । मृगौला बेचबिखन जस्तो गम्भिर अपराधको रोकथामका लागि गर्नुपर्ने थुप्रै कामहरु छन् तर कम्तिमा पनि कानुनी कारवाहीको सुरुवात भएको छ र यस्ता घटनामा कारवाही पनि हुदो रहेछ भन्ने जनमानसमा सन्देश गएको छ।

**समाधानका उपायहरू:**
समयसंगै गम्भिर अपराधका घटनाहरुको स्वरुप पनि फेरिदै गएको छ। मानव बेचविखन जस्तो गम्भिर अपराध अन्तर्गत मृगौला बेचबिखन पनि नयाँ स्वरुपको रुपमा थपिएको छ। समाज विकाससंगसंगै नयाँ नयाँ अपराधका घटनाहरु थपिदै गएको अवस्था छ। मृगौला बेचबिखनको रोकथामका लागि सबैभन्दा पहिले त जनमानसमा व्यापक चेतना जगाउन जरुरी छ। जनमानसमा व्याप्त गरिबी तथा बेरोजगारीको फाइदा उठाएर पीडितहरुलाई भुक्याउने गरिएकाले रोजगारी तथा आयआर्जनका कार्यक्रमहरु सृजना गरिनु पर्दछ । मानवबेचबिखनको बारेमा विद्यालय तह देखिनै पाठ्यक्रमहरुमा यस्ता विषयहरु समावेश गर्नु जरुरी छ। स्थानीय स्तरमा नै महिला समूहहरु गठन गरी तिनलाई सक्रिय वनाउनु जरुरी छ। त्यसैगरी कानुन कार्यान्वयन गर्ने निकायहरुलाई यस विषयप्रति सम्वेदनशील बनाउनुपर्छ । मृगौला बेचबिखन एक संगठित अपराध हो । गाउँदेखि सदरमुकाम, राजधानी र विदेशमा समेत आपराधिक गिरोहहरु यसमा सक्रिय रहेका देखिन्छन्। गाउँघरका सोभा एवं आर्थिक अभावमा रहेका व्यक्तिहरुलाई प्रलोभनमा पारी मृगौला बेचबिखन गर्ने गरेकोले यस विरुद्धको संघर्षमा सरकारी, गैरसरकारी संघसंस्था, शिक्षक, विद्यार्थी, कानुन कार्यान्वयन गर्ने निकाय, लगायत समाजका सचेतवर्ग एकजुट भई सहकार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। यसले गर्दा मृगौला बेचबिखनबाट प्रभावित व्यक्तिहरुको संरक्षण र अपराधीहरुलाई हदैसम्मको कानुनी कारवाही गर्न सकिने वातावरण बन्नेछ ।

*(लेखक पिपिआर नेपालमा कार्यरत हुनुहुन्छ ।)*

■

# एटविनसँगको मेरो सामिप्यता



विमला झवाली

**आफ्नै कुरा,**

म भित्र समाज प्रतिको जागरुकता पारिवारिक परिवेशले पनि बढाएको हुनु पर्दछ। राजनीतिक पारिवारिक परिवेशमा हुर्किन पाउनु मेरा लागि गर्वको कुरा हो । त्यसमाथि पनि नेपाली राजनीतिका शीर्ष व्यक्तित्व पुष्पलालसँगको निर्वासनको मेरो बाल्यकालको सामिप्यता अविश्मरणीय छ । जीवन, जगत, समाज, दर्शन, इतिहास, धर्म, साहित्य जस्ता जीवनका विविध पहुल माथि मेरा वरिपरि भैरहने छलफल मैले नबुझ्दा नबुझ्दै पनि शायद ती मेरो भावी जीवनको दिशा निर्देश गर्ने कारक थिए जस्तो लाग्दछ।

उच्च शिक्षाका लागि काठमाडौं आएर संघर्ष गर्दै जाने क्रममा म काठमाडौं लेडी जेसिसको सम्पर्कमा पुगें। साधारण सदस्य, महासचिव हुँदै सन् १९९६ को वर्षका लागि म काठमाडौं लेडी जेसिसको अध्यक्षसम्म भएँ। जेसिस विशेषतः व्यक्तित्व एवं नेतृत्व विकास गर्ने थलो हो। मानिसको व्यक्तित्व र नेतृत्व विकास समाजमै हुने हो र सामाजिक मुद्धाहरुलाई उठाउँदै जाँदा नै व्यक्तित्व र नेतृत्व विकास हुने हुन्। जेसिसको आयोजनामा समाजका विविध विषयहरुमा गहन छलफल र बहस हुन्थे। म त्यसको एउटा हिस्साका रुपमा रहन्थे। यसरी मलाई जेसिसले सामाजिक मुद्धाहरुलाई नजिकबाट नियाल्ने थप मौका दियो।

> बेचबिखन गर्ने दलालहरूले ललाई फकाई हाम्रा सोझा साझा चेलीहरूलाई भारतका विभिन्न शहरहरूमा लगेर कोठीहरूमा बेच्न थाले भने बालबालिकाहरूलाई घरेलु कामदार, कारखानाहरूमा बुधुँवा बाल मजदुर, सर्कसमा काम गराउने उद्देश्यले सीमा कटाउन थाले ।

सन् २००० मा आइपुग्दा मैले आफूलाई एटविनको कर्मचारीका रुपमा पाएँ। जेसिसमा रहँदा मानव बेचबिखनको छलफल र अन्तरक्रिया गराई हिड्ने म अब सोही मुद्धालाई आत्मसात् गर्न गइरहेकी थिए। म सन् २००० देखि २००७ सम्म एटविनको संयोजकका रुपमा क्रियाशील रहें । यसै अन्तरालमा मैले मानव बेचबिखनको सवाललाई थप गहिराइ सम्म बुझ्न पाएँ।

२०१२ को वर्षले मेरो र एटविनको सम्बन्धमा नयाँ उचाइ थपिदियो। सिविसको प्रतिनिधित्व गर्दै म एटविनको अध्यक्ष हुन पुगें। अब चाँडै नै दुईवर्षे कार्यकाल सकिँदैछ। यसरी सन् २००० देखिको एटविनसँगको मेरा सम्बन्ध १४ वर्ष पार गरेर १५ मा लाग्दैछ भने एटविन १९ बसन्त पार गर्दैछ। यसरी एटविनसँगको मेरो सम्बन्ध थप भावानात्मक बनेको छ।

**मानव बेचबिखनबारे,**

घटनाक्रम र परिस्थितिलाई हेर्दै जाँदा मानव समाजमा जघन्य अपराधको रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको तौर तरिका समयको परिवर्तन सँगसँग फरक फरक हुँदै गएको पाइन्छ। नेपालबाट हुने मानव बेचबिखनको इतिहासलाई कोट्याउँदा आरम्भमा महिलाहरुको ओसारपसार तथा बेचबिखन

तथाकथित सम्भ्रान्त मानिसहरुको यौन तुष्टिका लागि हुने गरेको भेटिन्छ । तर समयक्रमसँगै यस प्रकारको अनौपचारिक ओसारपसारले व्यावसायिक रुप लिन पुग्यो र महिला तथा बालबालिकाको बेचबिखन आरम्भ भयो । बेचबिखन गर्ने दलालहरुले ललाई फकाई हाम्रा सोझा साझा चेलीहरुलाई भारतका विभिन्न शहरहरुमा लगेर कोठीहरुमा बेच्न थाले भने बालबालिकाहरुलाई घरेलु कामदार, कारखानाहरुमा बधुँवा बाल मजदुर, सर्कसमा मनोरञ्जनकर्ताको रुपमा काम गराउने उद्देश्यले सीमा कटाउन थाले।

लामो समयसम्म नेपालबाट भारतका विभिन्न शहरहरुमा लगेर महिला तथा कलिला बालबालिकाको बेचबिखन गर्ने क्रम जारी नै रह्यो । शहरीकरणको विकास सँगसँगै आन्तरिक ओसारपसार तथा बेचबिखनका घटनाहरु पनि बाक्लिन थाले । वैदेशिक रोजगारीको बहावसँगै मानव बेचबिखनमा पल्केकाहरुले हाम्रा बिशेषतः महिला र बालबालिकाहरुलाई खाडी मुलुकहरुमा पुर्‍याउने मौका पाए। कम उमेरका बालबालिकाहरुको उमेर बढाएर विदेश पठाउने क्रम यतिबेर आम बनेको छ। वैधानिक अवैधानिक बाटो समातेर महिला तथा बालबालिकालाई जोखिममा पार्ने क्रम बढ्दो छ । भरपर्दो जन्मदर्ता प्रक्रियाको अभावमा सरकारी संयन्त्र निरिह जस्तै बनेको छ। यसरी सामाजिक अपराधका रुपमा मानव बेचबिखनको जगजगी विरुद्ध नागरिक समाज, सामाजिक संघसंस्था र यीनका सञ्जालहरु तथा सरकार स्वयम् पनि लागिरहेका छन्। यस अभियानमा अन्तर्राष्ट्रिय साथ सहयोग पनि उत्तिकै छ। तर पनि मानव बेचबिखनको सञ्जाल छिन्न भिन्न भएको छैन, चलि नै रहेको छ । यसबाट प्रष्ट हुन्छ कि हालसम्मका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रयासहरु पर्याप्त छैनन् र थप उर्जाका साथ मानव बेचबिखन विरुद्ध लाग्नु पर्ने देखिन्छ।

**मानव बेचबिखन विरुद्धको अभियानमा एटविन**

मानव बेचबिखन बहुआयामिक विषयवस्तु भएका कारण यो समाजको एउटा जटिल समस्याका रुपमा रहेको छ। विश्वकै सबैभन्दा बढी धन आर्जन गर्ने व्यवसायमा परिणत भएको यो समस्यासँग विभिन्न सामाजिक, राजनीतिक, आर्थिक पहलुका अतिरिक्त राष्ट्रिय/अन्तर्राष्ट्रिय अपराधिक तत्वहरु समेत गाँसिन आइपुगेका छन् । यी सबका विरुद्ध लाग्न हामीमा भावना भएर मात्र पुग्दैन। अवधारणात्मक स्पष्टता र रणनीतिक योजनाहरु पनि उत्तिकै जरुरी छन्।

यसक्रममा एटविनले आफ्नो जन्मकालदेखि नै अवधाराणात्मक स्पष्टताका लागि अभियान सञ्चालन गरिरहेको छ । अवधारणात्मक स्पष्टताका क्रममा यसले मानव बेचबिखनको सवाललाई दासत्व विरुद्धको अभियानका रुपमा अगाडि बढाएको छ । यसका अतिरिक्त मानव बेचबिखनका लागि बदलिंदो आयामहरुबारे पनि समाजलाई सजग गराउँदै आइरहेको छ। मानव बेचबिखन विरुद्धका कानुन, नीति, नियम तथा योजनाहरुलाई प्रभावित मैत्री बनाउनु एकातिर छ भने तिनको कार्यान्वयनका लागि दबाब सिर्जना गर्नु अर्को महत्वपूर्ण कार्य बन्दै आएको छ। मानव बेचबिखनका सम्बन्धमा समय समयमा गरिने अध्ययन अनुसन्धानबाट आएका नयाँ सूचना तथा देखिएका मुद्धाहरुका आधारमा वकालत प्रक्रियालाई अगाडि बढाउन एटविनलाई मद्दत पुगिरहेको छ। आफ्नो घोषित उद्देश्य प्राप्तिका लागि एटविनले सरकारी निकायहरु, मानवअधिकार आयोग, महिला आयोग लगायतका आयोगहरु सहित विभिन्न क्षेत्रीय, अन्तर्राष्ट्रिय सञ्जाल एवम् संघसंस्थाहरुसँग सहकार्य गरिरहेको छ।

*(लेखक एटविनकी अध्यक्ष हुनुहुन्छ ।)*





# पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ का मुख्य बुदांहरु

१. संक्षिप्त नाम र प्रारम्भ
२. परिभाषा
३. निर्देशिका लागू हुने
४. केन्द्रको लगत
५. केन्द्र स्थापनाको उद्देश्य
६. केन्द्रका लक्षित समूह
७. केन्द्रले प्रदान गर्ने सेवाहरू
८. केन्द्रको कार्यक्षेत्र
९. केन्द्रको आर्थिक व्यवस्थापन, पुर्नस्थापना कोषको स्थापना र परिचालन
१०. केन्द्रको स्थापना तथा सञ्चालन
११. जिल्ला समिति आफैद्वारा केन्द्र सञ्चालन
१२. केन्द्र सञ्चालन गर्ने संस्था छनौट
१३. केन्द्र सञ्चालन गर्ने संस्थालाई सहयोग
१४. केन्द्र करारमा दिन सकिने
१५. केन्द्र बन्द गर्न सकिने

**परिच्छेद २ : निर्देशक सिद्धान्तहरु**

**१६. निर्देशक सिद्धान्तहरू**
१. मानव अधिकार
२. लैङ्गिक संबेदनशील
३. गोपनीयता
४. भेदभाव नगरिने, सद्भावपूर्ण व्यवहार गरिने
५. समन्वय एवं सहकार्य
६. सहज सेवा र नि:शुल्कता
७. सेवामा निपूणता र निरन्तरता
८. पीडित व्यक्ति
९. केन्द्रले प्रदान गर्ने सेवा
१०. न्यूनतम मापदण्ड
११. सेवामा निरन्तरता र दिगोपना
१२. सुरक्षाको प्रत्याभूति
१३. सूचना सम्प्रेषण
१४. सम्मान
१५. राजनैतिक अधिकार

**परिच्छेद ३**

पुनर्स्थापना केन्द्रको संरचना तथा आधारभूत सुविधाहरु
१७. केन्द्रको क्षमता
१८. केन्द्र संरचना, प्राथमिक सेवा तथा त्यसको न्यूनतम मापदण्ड
- परिसर
- स्थान/ठाउँ
- भौतिक सुबिधाहरू
- भोजन
- लत्ताकपडा

**परिच्छेद ४**

पुनर्स्थापना केन्द्रको व्यवस्थापन
१९. पुनर्स्थापना केन्द्रको व्यवस्थापन
२०. केन्द्रको लेखापालन
२१. आर्थिक अनुगमन तथा खरिद प्रकृया
२२. आगन्तुकसंग भेटघाट
२३. अभिलेख
२४. केन्द्रको मर्मत संभार
२५. केन्द्रको सरसफाई को अवस्था र सेवाहरू
२६. केन्द्रको सुरक्षा

**परिच्छेद ५**


पुनर्स्थापना केन्द्रमा कर्मचारीको व्यवस्थापन तथा तालिम
२७. केन्द्रको कर्मचारी र व्यवस्थापन
२८. स्वंय सेवकको व्यवस्था
२९. कर्मचारी तालिम र विकास
३०. केन्द्रका कर्मचारीले काम गर्ने समय तालिका
३१. कर्मचारी विदाको व्यवस्था
३२. केन्द्रका कर्मचारीको सुपरीवेक्षण
३३. केन्द्रका कर्मचारीको तनाव व्यवस्थापान
३४. केन्द्रको बडापत्र कार्यविधि (Standard operating) तथा आचार संहिता

**परिच्छेद ६**

पुनर्स्थापना केन्द्रले प्रदान गर्ने सेवा र सहयोग
३५. केन्द्रमा आएका पीडितहरूलाई केन्द्रले पुऱ्याउने सेवा
३६. केन्द्रले प्रदान गर्ने सेवा र सहयोग
- स्वास्थ्य सेवा
- मनोविमर्श तथा मनोचिकित्सक सेवा
- कानुनी सेवा तथा परामर्शको व्यवस्था
- मनोरञ्जनात्मक क्रियाकलाप
- सिफारिस
- दोहोरो सिफारिस प्रणाली
- पुनर्स्थापना तथा पारीवारीक पुनर्मिलन
- अनुगमन, पुनःभेटघाट
- स्वदेशफिर्ती
- शिक्षा-दीक्षा तथा सीपमूलक तालिम
- बीउ पूँजी (सिड मनी)
- व्यक्तिगत फाइल बन्द गरिने

**परिच्छेद ७**

अनुगमन,निरीक्षण र मूल्याङ्कन
३७. अनुगमन,निरीक्षण र मूल्यांकन
३८. विविध



# आन्तरिक मानव बेचबिखन तथा प्रभावकारी सम्बोधनको चुनौती

बेनु माया गुरुङ

मानव बेचबिखनको स्वरुप हेर्ने हो भने यो आन्तरिक र बाह्य अर्थात देश भित्र तथा सीमाना पार हुने गरेको छ। अझै बेचबिखनको इतिहास हेर्ने हो भने यसको शुरुवात देश भित्रबाट नै शुरु भएको पाउँछौं। मुलुकी ऐन, २०२० जीउ मास्ने बेच्नेको महल तथा जिउ मास्ने बेच्ने ऐन अन्तर्गत हेर्ने हो भने सीमाना पारीको बेचबिखनलाई नै मान्यता दिएको देखिन्छ तर हाल जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले विस्थापित गरि सकेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ मा देश भित्र तथा सीमाना पारी हुने बेचबिखन दुवैलाई बेचबिखनको परिभाषा अन्तर्गत राखिएको छ।

मानव बेचबिखनको क्षेत्रमा नेपाल मुख्यतः स्रोत देशको रुपमा रहेको छ। नेपालबाट हुने विशेष गरि छिमेकी मुलुकहरु भारत र चीन लगायत खाडी मुलुकहरु तथा देश भित्र पनि एक ठाउँ बाट अर्को ठाउँमा मानव बेचबिखन हुने गरेको छ। हालको अवस्था हेर्ने हो भने घरेलु कामदार, विभिन्न व्यवसायहरु जस्तै होटल, जरि कारखाना, इँट्टाभट्टा, यातायात आदिमा बाल श्रमिकका रुपमा, डान्स तथा केबिन रेष्टुरेन्ट, डान्स बार, मसाज पार्लर जस्ता क्षेत्रमा महिला तथा बालिकाहरुको प्रयोग भएको देखिन्छ। त्यस्तै, विवाहको लागि, कम्लहरी, मृगौलाको बेचबिखनको रुपमा आन्तरिक बेचबिखनको अवस्था विद्यमान रहेको छ।

मनोरञ्जन क्षेत्र वा सेवा प्रदायक क्षेत्रमा हुने शोषण र बेचबिखनको नियन्त्रणका लागि सर्वोच्च अदालतले यस सम्बन्धित ऐन नआउन्जेल "श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५" पनि जारी गरि सकेको छ। तर हालको अवस्था हेर्ने हो भने न त सो निर्देशिका अन्तर्गत कुनै कारवाही भएको पाइन्छ न त मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ परिभाषा गरे अनुसार नै आन्तरिक बेचबिखनका मुद्दा परेको देखिन्छ। आन्तरिक बेचबिखनका मुद्दा कानून कार्यान्वयन गर्ने निकायहरुको प्राथमिकता आन्तरिक बेचबिखनको मुद्दा नपरेको र त्यसलाई उनीहरुले बेचबिखन भनेर स्वीकार गर्न गाह्रो मानिरहेको अवस्था छ जबकि त्यसमा विद्यमान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ परिभाषा गरे अनुसार सबै तत्वहरु विद्यमान हुन्छन्। आन्तरिक बेचबिखनको मुद्दालाई पनि समान्य शोषण वा ठगीको रुपमा लिइएको पाइन्छ।

बेचबिखनका मुद्दालाई बेचबिखनको रुपमा नलिई दिंदा पीडित/प्रभावितले समस्याबाट निस्कन अथवा उनीहरुले उद्धार हुने अवसर पनि पाउँदैनन् संगसंगै न्यायमा पहुँचको अधिकारबाट पनि उनीहरु बञ्चित भई रहेका छन्। यसका साथै राज्यले थोरै रुपमा भएतापनि बेचबिखनबाट प्रभावित र पीडितको लागि गरि दिएको सहयोगको व्यवस्थाबाट उनीहरु बञ्चित समेत हुन पुग्दछन्।

डान्स तथा केबिन रेष्टुरेन्ट, डान्स बार, मसाज पार्लर जस्ता क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरुको अवस्था हेर्ने हो भने त्यसमा १८ वर्ष मुनिका किशोरीहरुको उल्लेख्य उपस्थिति रहेको पाइन्छ। नेपाल सरकारको एक अध्ययन अनुसार काठमाण्डौ उपत्यकामा मात्र १२०० सय मसाज पार्लर, डान्स् बार, क्याबिन रेष्टुरेण्टमा ५० हजार कामदार छन् जसमा ८० प्रतिशत १२ देखि ३० बर्ष उमेरका बालिका तथा महिला कामदार छन। ती बालिका तथा महिला कामदार मध्ये ५० प्रतिशत शोषण र दुर्व्यवहारमा पर्दछन्। जसमा ९ देखि १५ हजार बालिकाहरु छन्। ९५ प्रतिशत बालिका विभिन्न यौनजन्य दुर्व्यवहारमा पर्दछन्। अधिकांशले यौन जन्य दुर्व्यवहार घर, शैक्षिक संस्था, कार्य स्थल र अन्य ठाँउहरुमा भोग्दछन्। उनीहरुले न्यूनतम तलबको आधा पनि नपाएको, नियुक्ति पत्र नदिएको, काम गर्ने ठाउँको असहज र अस्वस्थ वातावरण, ग्राहकहरुबाट हुने दुर्व्यवहार र शोषणबाट संरक्षणको अभाव, श्रम तथा यौन शोषणको अवस्था रहेको छ। यस क्षेत्रमा शोषण तथा

दासत्वको अवस्था अन्त्यका लागि कार्यरत सरकारी तथा गैर सरकारी निकायले काम गर्दा सावधानी र सचेततापूर्वक गर्न आवश्यक देखिन्छ। बालबालिका तथा वयस्कहरूलाई फरक फरक तरिकाले हेर्नु पर्दछ । जोखिममा रहेका बाल-बालिकाहरुलाई तत्काल उद्धार गर्नु पर्ने देखिन्छ भने वयस्कलाई स्वैच्छिक उद्धारको भावनालाई कदर गर्नु पर्दछ। र दुवैलाई उद्धार गर्दा पुनः त्यही जोखिमपूर्ण र शोषणको अवस्थामा फर्कन बाध्य नहोउन् भनेर पुनःस्थापनाको योजना सहित जान आवश्यक देखिन्छ । यस क्षेत्रले धैरै जनालाई रोजगारी दिएको अवस्था छ।

बाल श्रमलाई मनोञ्जनका क्षेत्रबाट अन्त्यै गर्नु पर्दछ र यसबाट निस्कन चाहनेलाई आवश्यक सहयोग गर्नु पर्दछ सबैलाई एकैसाथ उद्धारगर्न सहज छैन । हाल भइरहेका कामदारलाई त्यहाबाट हटाए पनि त्यसको ठाउँमा सञ्चालकले अर्को कामदारलाई लगाउछ। कतिले आफ्नो कला र शीप मार्फत रोजगारी गरिरहेका छन्। त्यसैले यस क्षेत्रलाई नै मर्यादित, व्यवस्थित तथा कामदारको अधिकार हनन् नहुने गरि कामदार मैत्री बनाउनु पर्दछ।

यसै प्रकारले घरेलु बाल श्रमिक लगायत विभिन्न व्यवसायमा निकृष्ट तथा जोखिमपूर्ण काममा बाल-बालिकाको प्रयोगको अवस्था अझै पनि विद्यमान रहेको छ। उनीहरु अझै पनि दासत्व तथा बेचबिखनको अवस्थामा आफ्नो सम्पूर्ण अधिकारबाट बञ्चित भएर बाँचि रहेका छन्।

आन्तरिक मानव बेचबिखनको अवस्था पनि नेपालमा गम्भीर रुपमा बढ्दै छ । आन्तरिक मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुको सहि पहिचान तथा सम्बोधनको टड्कारो आवश्यता रहेको छ। यसको न्यूनीकरणका लागि सरकारी, गैरसरकारी तथा दातृ निकायको ध्यानाकर्षण तथा चासो बढ्नु आवश्यक भईसकेको छ अन्यथा यसले भविष्यमा विकराल रुप लिने निश्चित छ। सीमाना पारिको बेचबिखनसँगसँगै यसलाई पनि प्राथमिकतामा राख्नु आवश्यक छ किनकि आन्तरिक बेचबिखनका पीडीत/प्रभावितहरुको अवस्थाले बाह्य बेचबिखनलाई मलजल गरिरहेको छ । उनीहरु सुरक्षित वैदेशिक रोजगारी तर्फ आकर्षित भई मानव बेचबिखन तथा तस्करीको शिकार भइरहेका छन्।

यसका लागि सरोकारवाला निकायले बाल श्रमको अन्त्य, मनोरञ्जन क्षेत्रलाई मर्यादित, व्यवस्थित तथा कामदार मैत्री बनाई दर्ता मार्फत कानुनको दायरा भित्र ल्याउने, यस क्षेत्रसंग सम्बन्धित व्यक्ति तथा निकायलाई सचेतना, संवेदनशील र सशक्त बनाउने, आवश्यताअनुसार आन्तरिक मानव बेचबिखन स्पष्ट खुल्ने गरि "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४" मा शंशोधन तथा "श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५" को प्रभावकारी कार्यान्वयनको आवश्यकता रहेको छ । यसका साथै कार्यान्वयन गर्ने निकायलाई आन्तरिक बेचबिखन पहिचानका लागि आवश्यक अभिमुखिकरण तथा तालिमको व्यवस्था, सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय बीच प्रभावकारी समन्वय तथा संयोजन हुनु आवश्यक छ।

*(लेखक एटविनका कार्यक्रम संयोजक हुनुहुन्छ ।)*

■


# बधाई ज्ञापन



मानव बेचबिखन विरूद्ध खेलेको अतुलनीय भूमिकाको कदर गर्दै **Ramon Magsaysay Award Foundation** द्वारा सन् २०१३ मा फिलिपिन्सको मनिलामा आयोजित समारोहमा शक्ति समूहले गरिमामय **Ramon Magsaysay Award** प्राप्त गरेकोमा हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

**विमला ज्ञवाली**
**अध्यक्ष तथा समस्त एटवीन परिवार**



■ कमल खनाल ■

# मानव ओसारपसार र न्यूनीकरणका चुनौतिहरु

मानव ओसारपसार हाम्रो साम विगत लामो समयदेखि एउटा जटील सामाजिक समस्याको रुपमा रहँदै आएको विषय हो । यो कहिले रंगभेदको कारण दासत्वको उपजका रुपमा रह्यो त कहिले युद्धमा जबरजस्ती होमिनका लागि । कहिले गरिबीका कारणले मानव ओसारपसार भएको पाइन्छ त कहिले अनभिज्ञता एवं असावधानीका कारण पनि । महिला तथा बालिकाहरुको ओसारपसार तथा बेचबिखनको विषयमा भन्नुपर्दा यसको इतिहास लामो छ। मानव ओसारपसारमा व्यक्तिको स्थानान्तरण हुने गर्छ । वैदेशिक रोजगारका नाममा नेपालमा ठूलै संख्यामा मानव ओसारपसार हुने गरेको पाइन्छ। नियालेर हेर्दा विभिन्न समयमा फरक फरक स्वरुपबाट मानव ओसारपसार सञ्चालन भएको देखिन्छ । मानव तस्कर तथा दलालहरुले ओसारपसार तथा बेचबिखनलाई विभिन्न तौरतरिका र हथकण्डा प्रयोगगरी निरन्तरता दिइरहका देखिन्छन्।

> कुनै पनि व्यक्तिलाई ललाई फकाई, डर धम्की देखाई, बल प्रयोग गरी, बँधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरेर यौन शोषण वा अन्य जुनसुकै प्रयोजनका निम्ति एक ठाँउबाट अर्को ठाँउमा लग्नु बेचबिखन र ओसारपसार हो ।

कुनै पनि व्यक्तिलाई ललाई फकाई, डर धम्की देखाई, बल प्रयोग गरी, बँधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरेर यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति एक ठाँउबाट अर्को ठाँउमा लग्नु बेचबिखन र ओसारपसार हो । संयुक्त राष्ट्रसंघको परिभाषा अनुसार मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जसअन्तर्गत अरुको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अंग झिक्ने समेत पर्दछ।) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग गरेर वा झुक्याएर, शक्तिको प्रयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्ति माथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाँउबाट अर्को ठाउँमा लैजाने, भर्ती गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ।

मानव ओसारपसार एउटा जघन्य अपराध हो । मुख्यतया गरिबी तथा बेरोजगारी, खुल्ला सिमाना, अशिक्षा र न्यून चेतना यसका प्रमुख कारण हुन्। नेपालमा ग्रामीण भेकबाट सहरतिर, भारत, मध्यपूर्व तथा मलेसियासम्म यौन शोषण, घरेलु कामदार, मगन्ते, कारखाना तथा खानी मजदुर, सर्कस तथा अन्य प्रयोजनका लागि महिला तथा बालिकाहरुको ओसारपसार हुने गरेको तथ्य छ । पिछडिएका समुदाय तथा विपन्न महिला तथा बालिकाहरु यसको बढी शिकार भएका देखिन्छन्।

द्वन्द्वको समयमा नेपालमा मानव ओसारपसार तथा बेचबिखनले विकराल रुप लिएको विभिन्न अध्ययन् एवं अनुसन्धानहरुले देखाउँदछ । उक्त समयमा खासगरी ग्रामिण क्षेत्रमा द्वन्द्वको असर बढी हुनाका कारण ठूलो संख्यामा युवावर्ग सहरतर्फ पलायन भएको अवस्था थियो । महिला तथा बालबालिकाहरुको संख्या यसमा उल्लेख्य थियो फलस्वरुप धेरै महिला तथा बालिकाहरु ओसारपसार र बेचबिखनको चपेटामा परे।

वैदेशिक रोजगारीका लागि अहिले नेपालबाट धेरै महिलाहरु विदेशिएका छन् । विभिन्न अध्ययन अनुसार त्यसको केही अंश विभिन्न व्यवसाय डान्सबार, मसाजपार्लर तथा यौनजन्य व्यवसायमा समेत संलग्न देखिन्छन् । यसको पृष्ठभूमी हेर्दा निकै ठूलो अंश बेचबिखन तथा ओसारपसारमा परेको बुझ्न गाह्रो छैन।

सम्बद्ध मानव अधिकारकर्मीहरुको आँकलन अनुसार मानव ओसारपसारको क्रम अहिले केही हदसम्म ओह्रालो लागेको मानिन्छ । राजनैतिक दलहरुका स्थानीय, सरकारी, गैरसरकारी निकाय, प्रहरी प्रशासन आदिको तदारुकता यसको कारण रहेको ठम्याई उनीहरुको छ। यी निकायहरुको निरन्तर पैरवी, विषयको प्रचारप्रसारबाट जनस्तरमा मानव ओसारपसार विरुद्धको चेतनास्तर बढ्दै गएको उनीहरु बताउँछन्। यस्ता तदारुकताका कारण विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको बारेमा जानकारी प्राप्त गर्न र हस्ताक्षर गर्न सरकारलाई दवाव परेको देखिन्छ र सरकारलेपनि ओसारपसार न्यूनीकरणतर्फ केही निश्चित कदम चालेको पाइन्छ।

सरकारी संयन्त्र, प्रहरी, प्रशासन तथा अन्य सरोकारवाला संस्थाहरुको समन्वयमा मानव खासगरी महिला तथा बालिका ओसारपसारको पहिचान तथा नियन्त्रणका लागि प्रगति उन्मूख भएपनि सफलता भने आशिंक मात्र छ । राजनीतिक संक्रमणकालका कारण यो समस्या पनि अझै जटिल अवस्थामै छ । प्रभावकारी कानुनको अभाव तथा भएका कानुनको उपर्युक्त कार्यन्वयन पनि अहिलेको मुख्य चुनौतिको विषय हो। जब मुलुकले एउटा दिशा अवलम्वन गर्दछ समग्र सामाजिक, आर्थिक विकासमा नयाँ आयामहरु थपिदै जान्छन् र यस्ता आपराधिक क्रियाकलापहरु समेत क्रमशः घट्दै जान्छन्। नेपालमा आर्थिक विपन्नता नै मानव ओसारपसारको सबभन्दा ठूलो कारकको रुपमा रहेको देखिन्छ र देशको राजनैतिक स्थायित्वसँगै यो अवस्था परिवर्तन हुँदै जाने आशा गर्न सकिन्छ। तर निश्चित रुपमा समयका पछाडि यो मुद्दा छाड्न सकिदैन र छाड्नु हुँदैन र यो समस्याबाट छुटकारा पाउन निरन्तर लागि पर्नु जरुरी छ।

*(लेखक आरआरएनमा कार्यरत हुनुहुन्छ ।)*

■

# सन्देश



विजया सुवेदी शर्मा
कास्की

हिजोआज मानव तस्कर सल्बलाई रका छन्,
मानवसँगै अंग बेच्ने नाईके भका छन्।
महिला पुरुष आफन्त छन्, यस्तो काम गर्नलाई
बालक बृद्धा केही भन्दैनन्, पीडा दिन्छन् है॥

आफ्नै घरको आमाबुबा दिदीबहिनी जस्तै हुन्,
छोराछोरी पनि उस्तै अलग रहे कुन।
सोचिहेरौं एकपल्ट, आफूलाई यस्तो भएमा,
कडा कानून सजाय होस्, तस्कर पक्रि गएमा॥

बलात्कारमा आफन्त र विक्रीमा छन् समाज
उनको मासु लुछि पैसा सँगै रमा छ।
सोझा साझाहरू चाँही दीर्घा दर्शक बनेका
मोजमस्ती गर्दै हिँड्छन्, तस्कर भनेका॥

देशको कानून कडा बनोस्, अपराध गर्नेलाई
बालक चेली मानव बेच्न अघि सर्नेलाई।
मानव वेचविखन गर्ने, आपराध रोक्नलाई
चेतनाको ज्योति फैलाउ सभ्य देख्नलाई॥

विगुल फुकौं अब कोहीले यस्तो काम नगरुन्
निस्तेज पारौं उनीहरूलाई अघि नपरुन्।
संघसंस्था र सरकार पक्ष सचेत हुनुपर्दछ
सब हात एक हुन् गलत गर्नेको सेखी झर्दछ॥

चारैतिर जनचेतना फैलाउँदै लानु छ
मानव वेचविखन रोक्न प्रतिबद्धता र कसम खानु छ।
चेतनाको विगुल फुकौं कही नहुन केही क्षति
आँशु झारी नरोउन् कोही भयो यो खति॥



# जोखिममा छन् इँटाभट्टाका बाल श्रमिकहरू !


- अनिल अधिकारी

अस्मिता र पूजा दैनिक दुइदेखि तीन हजार इँटा बोक्छन् । 'एक खेपमा २४ वटा बोक्छौं', पूजा भन्छिन् । उनीहरू पुषदेखि वैशाखसम्म इँटा भट्टामा काम गर्छन् । 'त्यसपछि गाउँ जाने, खेतीपातीमा बा आमालाई सघाउने', अस्मिता भन्छिन् 'गाउँ गएपछि अब इँटा नबोक्ने ।'

दाङकी अस्मिता र पूजा विक ललितपूर हरिसिद्धीस्थित हारतीमाइँ इँट्टा भट्टामा काम गर्छन्। १३ र १४ वर्षका अस्मिता र पूजाजस्तै थुप्रै केटाकेटीहरू सो इँटाभट्टामा काम गरिरहेको स्थलगत रिपोर्टिङमा भेटियो । 'हामीजस्ता २५, ३० जना होलान् कि !', अस्मिता अड्कल लगाउँछिन्।

अस्मिता र पूजालाई खेम विक नामका श्रमिक नाइकेले २ महिनाअघि दाङबाट ल्याएको उनीहरू बताउँछन् । 'मेरो आफ्नै दाई नि यहीं काम गर्नुहुन्छ', अस्मिता भन्छिन्।

हरिसिद्धीमा झण्डै १ दर्जन इँटाभट्टा सञ्चालनमा छन् र सबैजसोमा बालश्रमिक भेटिन्छन्। इँटाभट्टामा भारतबाट आएका बालश्रमिक र वयस्क बढी भेटिन्छन् भने पश्चिम नेपालका दाङ र रोल्पाका महिला, पुरुष श्रमिक, तिनका ६ महिनादेखि २० वर्षसम्मका केटाकेटी र नाइकेहरूले ल्याएका बालश्रमिकहरू छन् । उनीहरू भट्टावरिपरि इँटाको सानो टहरामा जीवन गुजारा गर्छन् । भट्टामा बनाइएका चर्पी नाम मात्रको फोहर हेरिनसक्नु छ।



'यो सिजनल काम हो', हारतीमाइँका एक सञ्चालक बताउँछन्। बालअधिकारका विभिन्न संघसंस्थाहरूले बेलाबखत आफ्नो भट्टामा ताकेता गरिरहने बताउने यिनी आफूले बालश्रमिक राखेको मान्न तयारै छैनन् जबकी अशिमता र पूजाजस्ता थुप्रै उनको भट्टामा काम गर्छन्। आफ्नो हैसियत खुलाउन पनि उनले चाहेनन्। हारतीमाइँ मात्र हैन छिमेकका सबै भट्टामा बालश्रमिक इँटा बोकिरहेको भेटिन्छन् तर सञ्चालकहरू यस सम्बन्धमा बोल्न चाहँदैनन् । हरिसिद्धीमा मात्र हैन इमाडोलस्थित श्री सत्यनारायण इँट्टा भट्टामा स-साना बालबालिकाहरू इँटा सुकाउने, बोक्ने, गाडामा माटो बोक्ने, कोइला फोड्ने काममा लागेको भेटिए।

सत्यनारायणका सञ्चालक लक्ष्मण महर्जन आफूका २ सय श्रमिक काम गर्ने बताउँछन् तर बालश्रमिक भनेर छुट्टै नरहेको उनको भनाई छ । 'बालबालिकाहरू नभएका होइनन्, तर तिनिहरू श्रमिक नभई अभिभावकहरूलाई काम सघाइरहेका छन्', उनी भन्छन् । कर्न्सन नेपाल नामक गैससको पहलमा थालिएको अभियानले बालश्रम नियन्त्रण भएको र बालश्रम

जोखिम निकै कम भएको महर्जनको दाबी छ। इमाडोलमा ३ वटा इँटाभट्टा छन् । तर महर्जनले जे भनेपनि व्यवहारमा बालश्रम भने भेटियो। सोही भट्टामा रोल्पाका १६ वर्षे चिरन परियार र १५ वर्षे पहलमान घर्ती इँटा बोक्दै थिए। रोल्पा नुवागाउँकै १७ वर्षे भिमसेन बुढा पाकेको इँटा निकाल्दै थिए। भिमसेन मासिक १३ हजार पाउँछन्। 'इँटाको काम जोखिम छ', भिमसेन भन्छन्, 'पाकेको इँटा टाउकोमै खस्न सक्छ, सतर्क हुनुपर्छ।' भक्तपुरका ११ वर्षे राम श्रेष्ठ भने बाआमालाई सघाउन पानी ओसारिदिने, इँटा चाँग लगाइदिने, इँटा सुकाइदिने गर्छन्।

यता अस्मिता र पूजा दैनिक दुइदेखि तीन हजार इँटा बोक्छन्। 'एक खेपमा २४ वटा बोक्छौं', पूजा भन्छिन्। उनीहरू पुषदेखि वैशाख-सम्म इँटा भट्टामा काम गर्छन् । 'त्यसपछि गाउँ जाने, खेतीपातीमा बा आमालाई सघाउने', अस्मिता भन्छिन् 'गाउँ गएपछि अब इँटा नबोक्ने।'

जोखिम अवस्थामा काम गर्न बाध्य यस्ता बाल-बालिकाहरू अभिभावक, आफन्त, गाउँलेको रेख-देखमा काम गर्ने भएतापनि यदाकदा यिनीहरू एउटा भट्टाबाट अर्कोमा हिंडडुल गर्ने भएकाले बाहिरियाहरूले यिनीहरूसम्म सहजै पहुँच बनाउन सक्ने खतरालाई नकार्न सकिन्न । अस्मिता र पूजालाई यस पंक्तिकारले हारतीमाईबाट नजिकैको दक्षिणकाली इँटा भट्टामा जाँदै गरेको भेटेको थियो। उनीहरु यता काम नभए उता जाने आउने गरिरहन्छन् । इँटा भट्टामा बालबालिकाहरुको संलग्नताले एकातिर उनीहरूको ओसारपसार हुनसक्ने खतरा देखिन्छ भने अर्कोतिर बालबालिकाहरूको शारिरीक एवं मानसिक स्वास्थ, व्यक्तिगत, शैक्षिक एवं सामाजिक विकासमा समेत नकारात्मक प्रभाव पर्न सक्छ।

नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१ एवं बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले १४ वर्ष नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन नहुने प्रावधान राखेको छ। उनीहरूलाई साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म र दिनको ६ घण्टा र हप्ताको ३६ घण्टाभन्दा बढी काममा लगाउन नहुने, लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा विश्राम दिनुपर्ने जस्ता प्रावधान सो ऐनले गरेको छ। साथै कसैले यस प्रावधानको उल्लङ्घन गरे ५ हजार सम्म जरिवाना वा २ महिनासम्म कैद वा दुवै सजायँ हुनसक्ने व्यवस्था बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले गरेको छ तर व्यवहारमा १४ वर्ष मुनिका हजारौं बाल-बालिकाहरू देशभरका अनुमानित ७ सयको हाराहारीमा रहेको इँटा-भट्टाहरूमा बाल-श्रमिकका रुपमा काम गर्न बाध्य छन् जसको सरकारी निकाय-बाट कुनै अनुगमन छैन । बाल श्रमको अन्त्यका निमित्त सयौं गैसस क्रियासिल नभएका हैनन्, बाल विकास केन्द्र, आवधिक गृह, बालगृह, पुनःस्थापना केन्द्रहरू देशका कुना कुनामा सञ्चालनमा छन्। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रिय बालकल्याण समिति, ७५ जिल्लामै जिल्ला बाल-कल्याण समिति, महिला तथा बालबालिका विभाग, प्रहरीमा महिला तथा बालबालिका सेवा केन्द्र, बाल विकास केन्द्रजस्ता बालअधिकार संरक्षण र सम्बर्द्धन गर्ने महत्वपूर्ण संयन्त्रहरू व्यवस्था गरिएका छन् तर बालश्रमको समस्या ज्यूँ का त्यूँ छन्। जानकारहरू इँटाभट्टाजस्ता जोखिमपूर्ण उद्योगहरूमा सरकारी अनुगमन नहुने, तिनमाथि नियन्त्रण र कार्वाही नहुनुले पनि समस्या जस्ताको तस्तै रहेको अड्कल गर्छन्।

## बालश्रम सम्बन्धी तथ्यांक

- आइएलओको प्रतिवेदन अनुसार विश्वभर झण्डै २२ करोड ५० लाख बालबालिकाहरु निषेधित बाल श्रममा संलग्न छन् जसमध्येपनि ५० प्रतिशत असुरक्षित एवं जोखिमपूर्ण अवस्थामा छन्।
- नेपालका ५ देखि १७ वर्ष उमेर समूहका ७० लाखभन्दा बढी बालबालिकाहरू मध्ये ३१ लाख ४० हजार बालबालिकाहरू रोजगारीमा छन् जसमध्येपनि २ तिहाई १४ वर्ष मुनिका छन्।
- रोजगारीमा रहेका मध्ये आधा अर्थात् १६ लाख बालबालिकाहरु बालश्रमको सूचीमा पर्छन्।
- यी मध्ये ६ लाख २१ हजार बालबालिकाहरु जोखिमयुक्त काममा संलग्न रहेको अनुमान गरिन्छ।
- यी मध्ये केटी (४८%) छन् भने केटा (३६%) र केटीहरुको जोखिमपूर्ण संलग्नता (६०%) रहेको छ।
- काठमाण्डौ उपत्यकाभित्र मात्र ११,००० देखि १३,००० केटी र महिलाहरु रात्रिकालिन मनोरञ्जन क्षेत्र (डान्स, दोहरी, क्याबिन रेष्टुरेन्ट र मसाज पार्लर) मा संलग्न छन् जसको उल्लेख्य हिस्सा यौनजन्य क्रियाकलापमा संलग्न हुन बाध्य गराइएका एवं बेचबिखनको खतरामा छन्।

स्रोत : अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)/नेपाल

*(लेखक स्वतन्त्र पत्रकार एवं टेका समूह नेपालका अध्यक्ष हुनुहुन्छ ।)*

# बालश्रम नियन्त्रण सम्बन्धी विद्यमान कानुनी व्यवस्थाहरु



- मधु सुधन दवाडी

बालश्रम नेपालमा एक जटिल समस्याको रुपमा रहेको छ। आज पनि झण्डै बीसलाख बालबालिकाहरु नेपालमा विविध खाले श्रम गर्न बाध्य छन्। यी बालबालिकाहरुलाई श्रमको अँध्यारोबाट मुक्त गरी शिक्षाको उज्यालोतर्फ लैजानु साँच्चै नै अहिले हाम्रो निम्ति चुनौती को रुपमा रहेको छ। तर यस्तै अनवरत अभियान, प्रतिवद्धता र इमानदार प्रयासले नेपाली बालबालिकाहरुलाई श्रमको अँध्यारोबाट मुक्त गर्न सकिन्छ भन्ने विश्वासका साथ लागि पर्नु आजको आवश्यकता पनि हो।

**बाल श्रम के हो ?**

बालबालिकाहरुलाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो । नेपालको कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरु तोकेको छ। कानुनी प्रावधान अनुसार १४ बर्ष उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा लगाउनु दण्डनीय हो। १४ देखि १६ बर्षसम्मका बालबालिकाहरुलाई सामान्य काममा लगाउन सकिन्छ तर कानुनले जोखिमपूर्ण भनी परिभाषित गरेका काम गराउन १६ र १८ बर्ष उमेर पूरा गरेको हुनुपर्दछ।

कानुनले तोकेकोभन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई श्रम शोषण मानिन्छ र यो कानुनी रुपमा अपराध हो । नेपालको सन्दर्भमा १६ बर्षमुनिका बालबालिका जसको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पार्ने तथा उनीहरुको शैक्षिक अधिकार कुण्ठित हुने गरी गराइने काम बालश्रम हो।

सिविन-नेपालको एक अध्ययन् अनसुार हाल नेपालमा ५ देखि १४ बर्ष उमेर समुहका बीस लाख बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्छन् । ती मध्ये १२ लाख बालबालिका जोखिमपूर्ण काममा संलग्न छन्। आइएलओले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बालश्रमिकको रुपमा परिभाषित गरेको छ । आइएलओको महासन्धि नं १३८ ले १८ बर्ष मुनिका बालबालिकाहरुलाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । आइएलओ बाल श्रम उन्मूलन सम्बन्धी अर्को महासन्धि नं १८२ ले बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने र यसबाट बालबालिकाहरुलाई उद्धार गरी उनीहरुलाई समाजमा पुनःस्थापित गर्ने कार्यकालागि आवश्यक तथा उपयुक्त सहयोग प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ।

आइएलओ/आइपेकको एक अध्ययन अनुसार नेपालमा ७ प्रकारका बालश्रमलाई निकृष्ट प्रकारका बालश्रम भनी पहिचान गरिएको छ । जस अनुसार बाल भरिया, सडक बालबालिका, बेचविखनमा परेका बालबालिका, बँधुवा बालश्रम, घरेलु बालश्रमिक, ईँटा कारखानामा कामगर्ने र कोइला तथा अन्य खानीमा कामगर्ने बालश्रमिक पर्दछन।

बालश्रम (नियमित र निषेधित गर्ने) ऐन २०५६ ले ११ प्रकारका कामलाई जोखिमपूर्ण व्यवसाय वा काम भनी उल्लेख गरेको छ। विभिन्न कानुनले बालश्रमलाइ दण्डनीय बनाएको भएतापनि हाल पनि व्यवहारमा बालश्रम जारी रहेको देखिन्छ।

**बालश्रम ऐन २०५६ अनुसार जोखिमपूर्ण व्यवसाय वा कामहरु**

क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुरा, बार, रिसोर्ट, स्किइङ, ग्लाइडिङ, ऱ्याफ्टिङ, केवल कार कम्प्लेक्स, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरु।

ख) कार्यशाला, प्रयोगशाला, पशु बधशाला, शीतभण्डार आदि सेवामुलक व्यवसायहरु।

ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरु।

घ) चुरोट, बिँडी बनाउने, गलैंचा कारखाना, ऊन सफा गर्ने, कपडा डाइगर्ने, बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने,

सिमेन्ट कारखाना, सलाई, बिष्फोटक तथा अन्य आगोजन्य पदार्थहरुको उत्पादन र बिक्रि वितरण, मदिरा तथा अन्य पेय पदार्थहरुको उत्पादन, साबुन, कागज, स्लेट, पेन्सिल, कीटनाशक औषधि, लुब्रिकेट तेल उत्पादन, फोहरमैला सङ्कलन, प्रशोधन, इलेक्ट्रोप्लेटिङ, फोटो प्रोसेसिङ, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरु।

ङ) जलश्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्यास, बायोग्याँस तथा त्यस्तै अन्य स्रोत बाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा बितरणसँग सम्बन्धित कार्यहरु।

च) खानी, खनिज पदार्थको उत्खनन्, प्रशोधन, तथा वितरणसँग सम्बन्धित कार्यहरु।

छ) रिक्सा वा ठेलागाडासँग सम्बन्धित श्रमको काम।

ज) कटिङ मेसिनका काम।

झ) जमीनमुनि, पानीमुनि र धेरै उचाइमा चढेर गर्नुपर्ने कामहरु।

ञ) रासायनिक पदार्थहरुसँग सम्पर्क हुने कामहरु।

ट) प्रचलित कानुन बमोजिम तोकिएका अन्य जोखिमपूर्ण कामहरु।

**बालश्रम शोषणबाट बालबालिकाहरूमा निम्न बमोजिमका प्रभावहरु पर्दछन्।**

- बालबालिकाका बालापन लुटिन्छन्।
- बालबालिकाको शारीरिक वा मानसिक विकासमा अवरोध पुग्दछ।
- बालबालिकाहरू शिक्षाबाट वञ्चित हुन्छन्।
- बालबालिकाको स्वास्थ्यमा जोखिम आउँछ।
- बालबालिकाहरूले परिवारबाट पाउने माया र स्नेहबाट वञ्चित हुन्छन्।
- बालबालिकाहरु हेलाँ र दुर्व्यवहारबाट पीडित हुन्छन्।
- साथीभाईसँग मिलेर खेल, मनोरञ्जन र रमाइलो गर्ने वातावरणबाट वञ्चित हुन्छन्।
- दवाब र शोषणयुक्त परिस्थितिमा जीवन बिताउनुपर्ने हुँदा बालबालिकाहरूको सिर्जनशिलतामा नकारात्मक असर पर्न सक्दछ।
- बालबालिकाहरु उज्यालो भबिष्यबाट वञ्चित हुन्छन्।

**बालश्रम ऐन २०५६ ले बालबालिकाहरूले गर्ने कामका लागि तोकिएको समय**

१) बालबालिकाहरूलाई बेलुका ६ बजेपछि, बिहान ६ बजे सम्मको अबधिभर काममा लगाउनु हुँदैन।

२) बालबालिकाहरूलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक हप्तामा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन।

३) बालबालिकाहरूलाई प्रत्येक दिन लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एकदिनको बिदा दिनु पर्दछ।

४) एकैदिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालबालिकालाई सोहिदिन पुन अर्को प्रतिष्ठानमा काममा लगाउनु हुदैन।

**बालश्रमिक राखेमा हुने सजायँ**

१) १४ बर्षभन्दा कम उमेरका बालबालिकालाई काममा लगाएमा तीन महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनसक्छ।

२) बालबालिकाको इच्छा बिपरित काममा लगाए १ बर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजायँ हुनसक्छ।

३) ऐनको दफा ६, ७, ८, ९, १० र ११ मा भएको प्रावधान विपरित बालबालिकालाई काममा लगाएमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रुपैंयासम्म जरिवाना वा दुवै सजायँ हुन सक्छ।

४) कुनै व्यबस्थापकले दफा ५, १३ वा १४ विपरित कुनै काम गरेमा निजलाई एक महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनसक्छ।

५) कसैले जोखिमयुक्त काममा लगाएमा १ बर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजायँ हुनसक्छ।

**नेपालमा बालश्रम अत्याधिक रहने ठाउँ तथा क्षेत्रहरु:**

घर, होटल, रेस्टुरेन्ट, मसाज पार्लर, उद्योग तथा कलकारखाना, यातायात, निर्माण, स्वरोजगार, सडक, सीमा वारपार सामान ओसारपसार गर्ने श्रमिक बालबालिका एवं यौन क्षेत्रमा बालश्रम रहेको छ।

**बालश्रम न्यूनीकरणका लागि सरकारी निकायको भूमिका**

- जिल्लास्थित बालबालिका सम्बन्धी सरोकारवाला निकाय (जिल्ला श्रम कार्यालय, महिला तथा बालबालिका कार्यालय तथा जिल्ला बाल कल्याण समिति) ले निरन्तर बालश्रम प्रयोगका क्षेत्रको अनुगमन गर्ने।
- जिल्लाका बालश्रमिकको अवस्थाका बारेमा लगत संकलन गर्ने।

- जोखिमयुक्त श्रममा रहेका बालबालिकाहरूको उद्धार गर्ने।
- सरकारी कर्मचारी, कार्यालय परिसरका क्यान्टिन तथा विकास निर्माणका कार्यमा बालबालिकाहरूको प्रयोग नगर्ने सम्बन्धी मन्त्री परिषदको निर्णय कार्यान्वयन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने।
- बाल श्रमिक राख्ने प्रतिष्ठान, उद्योग तथा परिवारलाई कानुनको दायरमा ल्याउने।
- जिल्लामा बालबालिकाहरूको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने।
- जोखिमपूर्ण बालश्रममा रहेका बाल- बालिकाहरूको तत्काल उद्धार र पारिवारिक तथा सामाजिक पुनःस्थापना गर्ने।

**बालश्रम न्यूनीकरणकालागि व्यावसायिक संघसस्थाहरूको भूमिका**

- १६ बर्ष मुनिका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा नलगाउने ।
- आफ्नो व्यावसायिक फर्ममा काम गर्ने श्रमिकहरूको व्यक्तिगत फाइल तयार गरी राख्ने।
- श्रममा राख्नु भन्दा पहिला अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि माग्ने ।
- आफ्नो व्यावसायिक फर्ममा काम गर्ने श्रमिकको अध्यावधिक विवरण जिल्ला श्रम कार्यालयमा नियमित रुपमा पठाउने
- बालश्रमसँग सम्बन्धित कानुन कार्यान्वयनमा सहयोग गर्ने।

**बालश्रम न्यूनीकरणका लागि गैसस नागरिक समाजको भूमिका**

- बालश्रम न्यूनीकरणकालागि सचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने।
- बालबालिकाहरूलाई श्रममा लगाउँदा हुनसक्ने जोखिम तथा हानि नोक्सानीका बारेमा जानकारी गराउने।
- बालश्रमसँग सम्बन्धित कानुनहरूको बारेमा जानकारी गराउने तथा प्रचारप्रसार गर्ने।
- बालबालिकासँग सम्बन्धित कार्यालय तथा संघसंस्थाहरूले बाल संरक्षण नीति निर्माणमा सहयोग गर्ने।
- बालश्रमिकको तथ्याङ्क संकलन गरी श्रम कार्यालयहरूलाई उपलब्ध गराउने र जोखिमयुक्त काममा संलग्न बालबालिकाहरूलाई उद्धारकालागि समन्वय र सहकार्य गर्ने।

बाल श्रम न्यूनीकरण वा निर्मूलन एकल प्रयासले मात्र नभई सबैको अवधारणागत् सम बुझाई एवं निरन्तर सहकार्यबाट मात्र सम्भव हुन सक्दछ। बालश्रम निर्मूलनका लागि हाम्रो देशले अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरेको प्रतिवद्धता, तर्जुमा भएका कानुन, नीति, योजना तथा कार्यक्रमहरू तदनुरुप अवधारणगत बुझाईबाट कार्यान्वयन प्रभावकारी हुन आवश्यक छ । कानुन नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयन प्रभावकारी नभए कागजका खोस्टा सरह मानिन्छन् । त्यसैले जवाफदेही कार्यान्वयन गर्नु राज्यको दायित्व हुन्छ । बालश्रमले बालपन लुट्दछ । बालापनको सुरक्षा र बालबालिकाहरूको समग्र विकास सर्वाधिक प्राथमिकतामा परे मात्र कुनैपनि राष्ट्रको भविष्य सुनिश्चित हुनेमा कसैको दुइमत हुनसक्दैन। ■

*(लेखक सिविन नेपालका कार्यक्रम संयोजक हुनुहुन्छ ।)*


# बधाई ज्ञापन




मानव बेचबिखन विरूद्ध नारी सीप सृजना केन्द्र, मकवानपुरले खेलेको भूमिकाको कदर गर्दै मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस २०७१ को अवसरमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका माननीय मन्त्री श्री नीलम शर्मा ज्यूबाट सो संस्थाले प्रंशसा पत्र प्राप्त गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**विमला ज्ञवाली**

**अध्यक्ष तथा समस्त एटवीन परिवार**

# अधिकार र आवश्यकतामा आधारित कार्यक्रम छ



*प्रदिप डंगोल विगत १५ वर्षदेखि घरेलु बालश्रमिकको अधिकार संरक्षणमा क्रियाशिल रहँदै आउनु भएको छ । उहाँ सिविस नेपालमा बाल संरक्षण अधिकृतका रुपमा कार्यरत हुनुहुन्छ । अप्ठेरो अवस्थामा रहेका घरेलु बालश्रमिकको सामाजिक पुन:स्थापना, हक अधिकार स्थापना गर्ने उद्देश्य अनुरुप सिविसले क्रमश:अर्जेन्ट एक्सन युनिट, अन्तरदृष्टि, रेस्क्यू, रिलिफ एण्ड केयर हुँदै हेल्पलाइनको सञ्चालन गर्दै आइरहेको छ । घरेलु बालश्रमिकको संरक्षणका अवस्था र त्यसमा रहेका समस्याहरुका बारेमा प्रदिप डंगोलले एडविजका लागि अनिल अधिकारीलाई आफ्नो अनुभव यसरी बताउनु भयो ।*

**बालश्रमिकको क्षेत्रमा काम गर्ने प्रेरणा कसरी मिल्यो ?**

सिविसमा काम गर्न थालेदेखि नै हो । बिस्तारै बालश्रमिकको विषयमा बुझ्दै गएँ, अझ बढी जिम्मेवारी महसुस हुन थाल्यो । यसमै १५ वर्ष बितिसकेको छ।

**रेस्क्यू, रिलिफ र केयरमा दैनिक कति घण्टा समय दिनु हुन्छ ?**

समयको सीमै हुन्न, यो काम टेन टु फाइभ हैन, साँझबिहान जुन बेला पनि आइपर्न सक्छ।

**परिवारको सहयोग छ त !**

शुरु शुरुमा घरपरिवारलाई समय नै दिन नसक्ने भइयो । श्रीमतीलाई कसै कसैले तिम्रो बुढा रातबिरात केटी लिएर हिंड्छ भनेर सुनाइ दिन्थे, कहिले भिक्टीमलाई लिएर हिड्नुपर्थ्यो, कहिले काउन्सिलरलाई र कहिले वकिलसँग । एकपटक एउटा रेस्क्यू अपरेसनमा छोरीलाई पनि लगेको थिएँ। न्यायधिशको घरमा १२ वर्षको केटोलाई रेस्क्यू गरेका थियौं, उसको स्वास्थ्य परिक्षण गर्दा, ऊ सँग गरिएको डिलिङ हेरिसकेपछि २३ वर्षकी मेरी छोरीले सबै बुझी र घरमा उसैले श्रीमतीलाई पनि सम्झाई। त्यसपछि घरबाट निकै सपोर्ट हुनथाल्यो।

**संस्थाले रेस्क्यू, रिलिफ र केयरको काम कसरी गर्छ ?**

सर्वप्रथमत: फोनबाट आपत् विपत्को इन्फरमेसन लिन्छौं र त्यसको भेरिफिकेसन गर्छौं, यदाकदा झुठा केस पनि आउँछन्। केसको प्लान गर्छौं। समस्या के हो? के के गर्ने? तत्कालिन र दीर्घकालिन जोखिम के के आउन सक्छ अध्ययन् गर्छौं? प्रहरीको भूमिका खोज्छौं, अन्य संस्थासँग सहकार्य गर्ने वा आफू एक्लैले गर्ने लिखित कागजातकै आधारमा केस अगाडि बढाएर सोही अनुसार जनशक्ति परिचालित गर्छौं।

हामी सफ्टवेयर र हार्डवेयर २ अप्रोचबाट काम गर्छौं। सामाजिक मनोविमर्शकर्ताबाट पहिला बच्चा र परिवारलाई काउन्सिलिङ गर्छौं। परिवार र बच्चा तयार भइ सकेपछि परिवारमा पुन:मिलन गराउँछौं। २०१३ मा हामीले ३६२ जनालाई पारिवारिक पुनर्मिलन गराएका छौं । बच्चाहरूलाई त्यत्तिकै पठाउँदैनौं, प्याकेज सहति पठाँउछौं । जस्तै छात्रबृत्ति सहित स्कूलको होल सर्पोट हुन्छ । आर्थिक अन्तर्गत बाखापालन, सुंगुर र बंगुर पालन, लुगा सिउने तालिम दिन्छौं । उपत्यकाको नगरपालिका, वडा र गाविसमा बाल संरक्षण समिति छ । सबैसँग सिविसले काम गर्छ।

**सिविस बालचौतारीका बारेमा भनिदिनुस् न ?**

१५ वर्ष अघि काठमाण्डौका घरेलु बालश्रमिकहरुलाई सुख दुखका कुरा राख्न सिविसले बालचौतारी शुरु गरेको हो जहाँ २० जना घरेलु बालश्रमिक र सडक बालकहरु आउँथे । खासमा उनीहरुलाई २ घण्टाका लागि पढ्न र आफ्ना कुराहरु राख्न बोलाइन्थ्यो । घरेलु बालबालिकाहरु त्यति बोल्दैनथे बरु सडक बालकहरु मज्जाले कुराहरु राख्थे । काठमाण्डौंमा २ वटा सेन्टरमा २०-२० जना हुन्थे । अहिले काठमाण्डौं, भक्तपुर र ललितपुरमा ४४ वटा बाल चौतारी छ जहाँ बालबालिकाहरुले सीप सिक्छन् । बालअधिकारका कुरा गर्छन् । परिवार के हो ? किन चाहिन्छ ? सँगै नबस्दा के के समस्या हुन्छ बुझ्छन् ?

**हेल्पलाइन के हो ?**

हेल्पलाइन सिविसले सञ्चालन गरेको अर्जेन्ट एक्सन युनिट, अन्तरदृष्टि, रेस्क्यू, रिलिफ एण्ड केयर जस्ता सेवा प्रदायक कार्यक्रमहरुको परिमार्जित रुप हो । हामीले काम गर्दै गयौं, सिकाइहरुका आधारमा आवश्यकताहरुलाई बिचार गर्दै कार्यक्रम परिमार्जित हुन थाल्यो । शुरुमा महिला परामर्शदाताबाट भाइबहिनीहरुको समस्यामा परामर्श दियौं । त्यसपछि मनका कुरा मात्र बुझेर हुन्न कानुनी प्रक्रिया पनि आवश्यक छ भन्ने भयो र सोही अनुसार गर्न थाल्यौं । त्यसपछि आवश्यकतामा आधारित कार्यक्रम जस्तै खाने, बस्ने सेवा तुरुन्तै परिवारमा पुऱ्याउने, कानुनी प्रक्रिया अघि बढाउन पर्ने आवश्यकता भयो नत्र फेरि पनि हिंसामा पर्न सक्ने अवस्था देखियो । सेभ द चिल्ड्रेनले यसका लागि सहयोग जुटाउँदै आइरहेको छ।

हिंसाका खबर हामीसम्म कसरी आइपुग्छ भन्ने विषयमा छलफल गर्दा टोल फ्रि नम्बर १६६००११०००० लियौं र त्यसको नाम हेल्पलाइन राख्यौं । शुरुमा ३२ वटा सरकारी स्कूलको भित्ताहरुमा यो नम्बर लेखेका थियौं, अहिले बढेर ३०० वटा स्कूल पुगिसकेको छ । सञ्चार माध्यमहरुमा पनि बाँड्यौं । वर्षमा २५ हजार ब्रोसर बाँड्दै आइरहेका छौं । नयाँ बस्ती बसेको र सानो परिवारलाई बढी लक्षित गरेका छौं किनकी धेरै जसो सानो परिवार (न्यूक्लियर फेमिली) ले घरमा बालश्रमिक राख्ने गरेको पाइन्छ।

**घरेलु बालश्रमिकको संरक्षणमा देखिएका समस्याहरूलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

थुप्रै समस्याहरु छन् । एउटा केस किनारा लगाउन ३,४ वर्ष लाग्छ । काठमाण्डौंको यौनजन्य हिंसा (सेक्स्यूल एब्यूज्ड) मा परिक्षणका लागि प्रसुती गृह जानुपर्छ । रिपोर्ट लिन महिना दिनसम्म लाग्छ । सरकारले फास्ट ट्रयाकको कुरा गर्छ तर रिपोर्ट १ महिनामा दिन्छ । ७० वर्षको बुढाले १० वर्षको नाबालिकालाई बलात्कार गर्छ, रिपोर्टमा सामान्य भनेर लेखिदिन्छ। हद म्याद नाघेको समस्या पनि धेरै छ। आमासँग बच्चा हुने र दोस्रो बिहा गर्ने केसमा सौतेनी बाबुद्वारा चेलीले यौन हिंसा व्यहोरेको हुन्छ। यही जुन महिनामा ३ वटा त्यस्तो मुद्दा हामीले व्यहोर्चौं । फेसबुक र मोबाइलको प्रयोग गरी यौनजन्य हिंसा गर्ने बढी छन् । प्रहरी चौकीहरुमा महिलाहरूसँग सोधपुछ गर्ने लोग्नेमान्छे छन् अझैपनि । छुट्टै कोठा छैन सोधपुछ र परामर्शको । पटके त्यहीं हुन्छ, गुण्डा बदमास त्यहीं हुन्छ, लोग्नेस्वास्नी त्यहीं बाझिरहेका हुन्छन् त्यस्तोमा बच्चाले कसरी बोल्ने ! सिविसले उपत्यकाका ७ वटा प्रहरी वृत्तमा बाल मैत्री कोठाहरु बनाइदिएको छ तर उपयुक्त ढंगले चलेको छैन।

**हिजो र आजमा के फेरिएको छ ?**

प्रहरीमा पहिला धेरै गाह्रो थियो काम गर्न, अहिले सहयोगी (सपोर्टिभ) छन् । सिविसले जबर्जस्ती र सोको आशय करणी र उद्योगका ३ वटा मुद्दाहरुमा सर्वोच्चको नजिरहरुको संग्रह निकालेर सरकारी वकिलहरुलाई दिइसकेपछि उनीहरुको हेर्ने दृष्टिकोण फेरिएको छ । हिजोआज सिविसले पेश गरेको मुद्दाहरुलाई हेर्ने दृष्टिकोणमा फरक आएको छ । हेल्पीङ ह्याण्ड, मोडल र कान्ती बाल अस्पताल लगायत अन्य १३ वटा सरोकारवाला गैससँग सहकार्य गरेर काम गरिराछौं।

हिजो बालअधिकारको मात्र कुरा हुन्थ्यो अहिले अभिभावकको अधिकार (प्यारेन्टल राइट) मा पनि काम गर्दै छौं । अधिकार र आवश्यकता (राइट र निड) मा आधारित कार्यक्रम छ।

■

# महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एटविन) द्वारा प्रस्तावित 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' मा सुधार गर्नु पर्ने बुँदाहरू

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयबाट मिति २०७० चैत्र १० गते प्राप्त भएको पत्रानुसार **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४** लाई समसामयिक रुपमा परिमार्जनका गरि यसको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा माग गरिएको सुझाव सम्बन्धमा महिला तथा बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूह नेपाल (एटविन) ले सदस्य संस्थाहरुसँग वृहत् छलफल गरि आएको सुझावहरुलाई लिखित रुपमा बुझाएको थियो।

| क्र. सं. | दफा | उपदफा | खण्ड | भएको व्यवस्था | सुधार गर्नु पर्ने |
|---|---|---|---|---|---|
| १ | २ | ग | | वेश्यावृत्ति, वेश्यागमन गर्ने भन्ने शब्दहरु | वेश्यावृत्ति, वेश्यागमन गर्ने भन्ने शब्दको सट्टा यौन शोषण यौन व्यवसाय गर्ने भनी उल्लेख गर्नु पर्दछ। |
| २ | २ | ङ | | "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ। | शोषणलाई थप प्रष्ट पार्दै यौन शोषण तथा श्रम शोषण थप्नु पर्ने। |
| ३ | ४ | घ | | वेश्यागमन भन्ने शब्द उल्लेख गरिएको छ। | वेश्यागमन भन्ने शब्दको साटो यौन शोषण गर्ने भनी उल्लेख गर्नु बढी सान्दर्भिक देखिन्छ। |
| ४ | ११ | | | अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ। | सरकार/अदालतले दोभाषे वा अनुवादकको व्यवस्था गर्नु पर्ने साथै बोल्न र सुन्न नसकने व्यक्तिको हकमा शुरु देखिनै दोभाषे अथवा सांकेतिक भाषाको व्यवस्था हुनु पर्दछ। |
| ५ | १२ | | | कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ। | साथसाथै कुनै व्यक्ति स्वदेशमा बेचिएको वा ओसारपसार गरिएको अवस्थामा रहेको छ भने निजको उद्धार पनि नेपाल सरकारले गर्नु पर्नेछ थप्नु पर्ने। |
| ६ | १३ | ७ | | थप्नु पर्ने | पीडितको समाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा तथा रोजगारीको सुनिश्चितता सरकारले गर्नु पर्ने थप्नु पर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १५ | क | | मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना | ५ लाख देखि २० लाख रुपैयाँ जरिवाना राख्नु पर्ने । |
| ८ | १५ | ख | | कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना | जरिवानाको हकमा २ लाख देखि ५ लाख जरिवाना राख्नु पर्ने । |
| ९ | १५ | ग | | मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना । | मानिस किन्ने बेच्ने सरह आजीवन कारावास तथा जरिवानाको हकमा एक जनाको अङ्ग झिक्ने २ लाख राख्नु पर्ने। |
| १० | १५ | ङ | | विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना | जरिवानाको हकमा २ लाख राख्नु पर्ने । |
| ११ | १५ | उपदफा ६ च | | उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ | दफा ६ को उपदफा ३ संग बाझिएकोले हटाउनु पर्ने अथवा रिसवीले झुट्टो मुद्दा दिएको प्रमाणित भएमा थप्नु पर्ने । |
| १२ | १७ | | | क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न लेखिएको "अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।" | जरिवाना बराबरको रकम पिडितलाई क्षर्तिपूर्ति वापत पाउनु पर्ने र तत्काल राज्यबाट व्यवस्था गर्नु पर्दछ । साथै अपराधीले क्षतिपूर्ति वापतको रकम नतिरेको खण्डमा थप सजायँको व्यवस्था हुनु पर्ने । |
| १३ | १७ | ३ | | क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ । | श्रीमान श्रीमति थप्नु पर्ने । |
| १४ | १८ | | | थप्नु पर्ने । | अभियोग पत्र साथ अनुसन्धानको क्रममा पीडकको चल अचल सम्पत्ति रोक्का गर्नु पर्ने छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | १९ | १ | | कसुर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिवानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनःस्थापना कोषबाट प्रदान गरिनेछ। | पुनःस्थापना कोषको सट्टा सूचना दिने व्यक्तिलाई दिने पुरस्कारको प्रतिशत बढाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने। |
| १६ | | | | त्यसैगरी दण्ड सजायँको तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था अन्तर्गतका सबै दफाहरूमा उल्लेख गरिएको वेश्यावृत्ति भन्ने शब्दको व्यवस्था गरिएको छ। | त्यसैगरी दण्ड सजायँको तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था अन्तर्गतका सबै दफाहरूमा उल्लेख गरिएको वेश्यावृत्ति भन्ने शब्द हटाई यौन शोषण तथा निकृष्ट प्रकारको श्रम भन्ने शब्द राख्नु पर्ने। |

## 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लगायतमा हुनुपर्ने व्यवस्थाहरू'

- आन्तरिक बेचबिखनलाई स्पष्ट रूपमा सम्बोधन हुनु पर्दछ।
- मुद्दाको प्रक्रियाको जानकारी पीडितलाई गराउनु पर्नेछ।
- पुनःस्थापना केन्द्रमा प्रभावितलाई राखिने अवधि बढीमा छ महिना भनेकोमा अन्य विकल्प नरहेकोमा अवधि बढाउन सकिने व्यवस्था हुनु पर्ने।
- प्रहरी कार्यालयले उद्धार तथा पीडितको बयान गराउँदा महिला प्रहरी मार्फत गराउनु पर्दछ।
- यदि जिल्ला अदालतमा समेत बयान दिनु पर्ने भएमा महिला कर्मचारी मार्फत बयान गराउनु पर्दछ।
- बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ। जस्तै छुट्टै पुनःस्थापना गृह एवं शिक्षाको व्यवस्था, जिल्ला समितिमा जिल्ला बाल कल्याण समितिको प्रतिनिधित्व आदि।
- राष्ट्रिय समिति तथा जिल्ला समितिको बैठक आवश्यकता अनुसार बस्ने छ भन्ने उल्लेख भएकोमा न्यूनतम तोकिनु पर्दछ।
- पारिवारिक पुनर्मिलन गराउँदा पिडित र निजको परिवारलाई पूर्ण सुरक्षा हुने अवस्था नभएमा घर परिवारमा पठाउनु हुँदैन, आवश्यकता अनुसार पुनःस्थापना केन्द्रमा नै राख्ने व्यवस्था मिलाउनु पर्दछ।
- कानुनी प्रक्रिया प्रभावित मैत्री हुनु पर्ने।
- उद्धार तथा पुनःस्थापना नीति बनाउनु पर्ने।
- सुरक्षाको व्यवस्था उजुरी गर्नेलाई मात्र नभई आवश्यक भएको खण्डमा पारिवारिक तथा नजिकका आफन्तको सुरक्षाको व्यवस्था पनि हुनुपर्ने।
- जिल्ला समितिमा पनि प्रभावितको प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने।

# मानव बेचबिखन विरुद्धका प्रयासहरुको सहभागितामुलक अनुगमन पद्धतिको विकास: हाम्रो उत्तरदायित्व विषयक GAATW र AATWIN को संयुक्त अनुसन्धानको सारांश निष्कर्ष

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह-नेपाल तथा Global Alliance Against Traffic in Women (GAATW) ले जुलाई देखि सेप्टेम्बर २०१२ अवधिमा अनुसन्धान "मानव बेचबिखनबिरुद्धका प्रयासहरुको सहभागितामुलक अनुगमन पद्धतिको विकास: हाम्रो उतरदायित्व" विषयक सम्पन्न गरि सरोकारवालामाझ यसका निष्कर्षहरुको सार्वजनिकीकरण गरेको थियो । यो अनुसन्धान एटविन सदस्य संस्थाहरु महिला आत्म निर्भरता केन्द्र (मान्क), नारी सीप सिर्जना केन्द्र (ओस), ग्रामीण महिला सिर्जनशील परिवार, शक्ति समुह, सामाजिक परिवर्तनका लागी महिला जागरण मञ्च-नेपाल, का १५ जना प्रतिनिधिहरुमार्फत ४ वटा जिल्लाहरू काठमाडौं, सिन्धुपालचोक, मकवानपुर तथा कैलालीमा गरिएको थियो । अनुसन्धान सरोकारावाला राज्यका निकायहरु, गैर सरकारी संस्था/नागरिक समाज/सञ्जाल, बेचबिखनबाट प्रभावितहरु र बेचबिखनको जोखिमा रहेका समुदायका प्रतिनिधिहरुसंग गरिएको थियो । अनुसन्धानको निष्कर्षलाई विभिन्न विषयवस्तुमा वर्गीकरण गरि उत्तरदाताका केहि भनाई सहित तल प्रस्तुत गरिएको छ।

**सरोकारवालाहरुको बेचबिखनबारे बुझाई**

- काठमाडौं मकवानपुर र सिन्धुपाल्चोकमा राम्रो तर कैलालीमा कम रहेको
- सरोकारवालाहरुबिच बेचबिखनसम्बन्धी जानकारी अभिवृद्धिका लागि गैससहरुको क्रियाकलापमा वृद्धि
- बेचबिखनको मुद्दा "महिला" को मुद्दाको रुपमा रहेको नकि समग्रमा मानव विकासको मुद्दाको रुपमा
- श्रम आप्रवासनसंग जेलिएको
- आधिकारिक तथ्याङ्कको आभाव

मकवानपुर र सिन्धुपाल्चोकमा बेचबिबखनविरुद्धमा धेरै संस्थाहरुले काम गरि रहेको र विषय पनि उठान भएको

गैसस महासंघको सदस्य अनसार "महिलाको बेचबिखन सधै वेश्यावृतिसंग जोडिन्छ । यहाँ बेचबिखनका केहि घटनामा महिलाहरु सर्कसमा बेचिएका छन् तर मख्य गरि वेश्यवृतिका लागि महिलाको बेचबिखनलाई मात्र बढि प्राथमिकता दिईएको छ त्यस कारणले पनि बेचबिखनको मुद्दा मूलधारको मुद्दा नभएर महिलाको मुद्दाको रुपमा रहेको छ।"

कैलाली जस्तै जिल्लाहरुमा कम्लहरी र हलियाहरुमा बेचबिखनको समस्या रहेको छ तर यस विषयमा कुनै छलफल भएको पाइन्दैन।

प्रभावित/अधिकारकर्मी: "यौन शोषणसंग सम्बन्धित बेचबिखनको विषयमा पुर्वाग्रही र परम्परागत अवधारणा रहेको छ । साधारण बुझाईमा उनीहरु महिला हुन र महिलालाई त्यस्तो हुन्छ भन्ने रहेको छ । नेतृत्व मानव बेचबखिनको आधुनिक दासत्वको स्वरुपसंग परिचित छैन।"

**कारक तत्व**

- आर्थिक परनिर्भरता,
- लैङ्गिक विभेद
- सामाजिक, सांस्कृतिक र राजनीतिक विभेद

एक बेचबखिनबाट प्रभावित अधिकारकर्मीको अनुसार: "मानव बेचबिखन एतिकै हुदैन । यो अधिकारहरुको उल्लंघनको श्रंखलाहरुको अन्तिम परिणाम हो साथै चरम उल्लंघन पनि। जुन व्यक्तिहरुको अधिकार उल्लघंन भएको छ उनीहरु बेचबिखनको बढी जोखिममा छन् । यदि कुनै बालिका घर र समाजमा अपहेलित छिन भने उसले अन्तै आफ्नो महत्वलाई खोज्दा दलालले यसै मानसिकताको फाइदा उठाउछ।"

सिन्धुपाल्चोकका एक नागरिक समाजका अगुवाका अनुसार बालिकालाई परिवारको लागि कमाउनेको रुपमा हेरिन्छ र जुन अभिभावकको छोरी छैन उनीहरु आफ्नो भाग्यलाई दोष दिनु हुन्छ । उनको अनुसार गाउँमा छोरी भएको घर टिनले छाएको राम्रो घरले नै चिनिन्छ। देशको अन्य भागको विपरित मानिस यहाँ छोरी जन्मियो भने खुशी हुन्छन ।

यहाँको विश्वासअनुसार भाग्गमानीले मात्र छोरी जन्माउछन् अनि छोरीले घरमा समृद्धि ल्याउछे।

**बदलिंदो परिवेश**

- श्रम प्रवासनका लागि थप गन्तव्यहरुको विकास/खोज
- प्रत्येक जिल्ला बेचबिखनका स्रोत, पारगमन टान्जिट र गन्तव्य हुन सक्छ
- दलाल/अपराधी आफन्त, साथीहरु, फर्केर आएका र वैदेशिक रोजगारदाता हुन सक्छन
- बढी सचेतना र उजुरीमा वृद्धि
- समुदायको भुमिकाको पहिचानमा वृद्धि

मकवानपुरको एक अनुभवी गैसस अनुसार “बेचबिखनको प्रवृतिमा परिवर्तन भई रहेको छ। धेरै व्यक्तिहरुले कानूनी रुपमा देश छोड्दै छन् तर यसको परिणाम बेचबिखनको रुपमा हुँदैछ । किनकि उनीहरुसंग आप्रवासन सम्बन्धि सहि/आवश्यक सुचना छैन । उनीहरुसंग कागजी प्रक्रिया तथा उनीहरुको अधिकारबारे सुचना छैन । उनीहरुले पैसा पनि तिर्छन र बेचबिखनमा पनि पर्छन।”

**बेचबिखनविरुद्धको प्रयासहरू**

मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने निकायबाट पूर्णरुपमा बुझाइको कमी
जिल्ला विकास योजनाहरुमा राष्ट्रिय कार्ययोजनाअनुसार बेचबिखनबाट प्रभावितहरुको लागि प्रावधानहरु रहेको पाइन्दैन
सरकारी अधिकारी/कर्मचारीहरुको छिटो छिटो परिवर्तनले जवाफदेही/उतरदायित्वको प्रवर्द्धन गर्दैन
मानव बेचबिखन पूर्णरुपमा महिला विकास कार्यालयको विषयवस्तुको रुपमा रहेको छ।

एक सरकारी अधिकारीको अनुसार “एक सरकारी कर्मचारीलाई जिल्लाको वस्तुस्थिती बुझ्नलाई कम्तिमा छ महिना लाग्छ। तर कर्मचारीहरु छिटो छिटो एक स्थानबाट अर्को स्थान स्थान्तरण भई रहन्छन । नयाँ कर्मचारीले अवस्था बुझ्नलाई फेरि त्यतिनै समय लाग्छ।”

एक अनुसन्धानकर्ताका अनुसार “पुर्नस्थापना केन्द्रको निर्देशिकाको अनुसार छ महिनामा बेचबिखनबाट प्रभावितले केन्द्र छोड्ने समयमा आफ्नो जिविका चलाउने सक्षम हुने गरि हुनु पर्दछ । तर छ महिनामा प्रभावितले आफूलाई केन्द्रको वातावरणमा सहज गर्न मात्र लाग्दछ।”

**बेचबिखनविरुद्धको प्रयासहरू**

पुर्नस्थापना केन्द्रहरुको नियमित अनुगमन भएको छैन।
कर्मचारीहरुको लागि कार्यान्वयनको तहमा नियमित अद्यवधिक तालिमहरुको अभाव

काठमाडौंका एक नेतृत्वतहको अधिकारकर्मीका अनुसार “सरकारबाट यस विषयमा संवेदनशीलता तथा इच्छाशक्तिको अभाव देखिन्छ। महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुखमा पनि पुरुष छन्। महिलाले आफ्नो समस्या पुरुष कर्मचारीलाई भन्न कतिको सहज महसुस गर्न सक्छ ? फेरि उनीहरु पीडितलाई कसरी सोधपूछ गर्ने ? कसरी परामर्श गर्ने, कसरी व्यवहार गर्ने विषयमा तालिम प्राप्त पनि हुदैनन। यहाँ सम्मकी परामर्श पनि सर्वसाधारण आवत जावत गर्ने खुल्ला स्थानमा गरिन्छ।”

एक जना महिला विकास अधिकृतको अनुसार उहाँले अहिले सम्म मानव बेचबिखनविरुद्धको कुनै लिएको छैन। उहाँहरु अहिले सम्म कुनै अनुगमनमा जानु भएको छैन। मासिक बैठ बस्ने गरेतापनि कार्यालयमा नियमित तथ्याङ्क संकलन छैन।
एक जना सरकारी कर्मचारीको अनुसार नियमित अनुगमन छैन तर नियमित बैठकमा प्रतिवेदन प्रस्तुत गर्नकालागि गरिन्छ।

**बेचबिखनबाट प्रभावितको अधिकार**

- पुर्नस्थापना गृहहरुको संचालन मापदण्ड राष्ट्रिय कार्ययोजना अनुसार नपाइएको।
- प्रभावितहरुको मूलभूत आवश्यकताका सेवाहरु नरहेको जस्तै पर्याप्त लुगा तथा पौष्टिक खाना
- जिविकोपार्जनका तालिमहरु लैङ्गिकमुखि तथा दिगो नभएको
- सहयोगहरु “के आवश्यक छ” भन्दा पनि “के उपलब्ध छ” मा आधारित
- सहयोगमा परामर्श, परिवार र समाजमा पुर्नस्थापना भएको पाइयो।

सिन्धुपालचोकको सरकारद्वारा सहयोग प्राप्त पुर्नस्थापना केन्द्रका बारेमा एक प्रभावितका अनुसार “केहि नहुनु भन्दा हुनु ठीक”। त्यस केन्द्रका प्रभावितहरु प्रश्नका जवाफ दिंदा बढी नर्भस भएको पाइयो।

काठमाडौंमा रहेको प्रभावितहरुद्वारा संचालित केन्द्रका प्रभावितहरुको बढि गतिशीलता, गतिविधि तथा बोल्नका लागि तत्पर रहेको पाइयो।

अनुसन्धानकर्ताका अनुसार कैलालीका केन्द्रहरु "बन्दीगृह जस्तै महसूस भयो"

कैलालीका कम्लहरी सम्बन्धित पुर्नस्थापना केन्द्र विद्यालयको एक कोठामा संचालित भएको पाइयो । जुन आवासको लागि उपयुक्त थिएन । फेरि पनि उद्धार भएका बालिकहरुको भनाई थियो "कम्तिमा हामीले पढन त पाएका छौं" उनीहरुका अनुसार बाँच्नका लागि खाना पर्याप्त छ तर पर्याप्त लुगाहरु छैन जस्तै आधारभूत आवश्यता अर्न्तवस्त्रहरु

**बेचबिखनबाट प्रभावितको अधिकार**

- मानव बेचबिखनविरुद्ध आपराधिक ढाँचाबाट सम्बोधन जुन मानव अधिकारमुखि ढाँचासंग बढी अनुकूल छैन।
- कानूनहरु दलाल/दोषीहरुलाई अपराधीकरण गर्न प्रभावी छैनन।
- क्षतिपूर्तिको व्यवस्था व्यवहारिक छैन।
- कानूनी प्रक्रियाले प्रभावितहरुलाई stigmatises गर्छन र उनीहरुको अधिकार उल्लघनका विषयमा छैन।

काठमाडौंका एक नेतृत्वतहको अधिकारकर्मीका अनुसार "ऐनमा भएको क्षतिपूर्तिको व्यवस्था व्यवहरिक छैन । अपराधीले दिनुपर्ने जरिवानाको आधा रकम पीडितले पाउने र आधा रकम राज्यको कोषमा जाने व्यवस्था रहेको छ। जुन नैतिक रुपमा पनि गलत हो । यसका साथै यस विषयमा अनुसन्धानको पनि आवश्यकता रहेको छ कि कति जना प्रभावितहरुले वास्तवमा क्षतिपूर्ति पाउन सफल भए किनकि मेरो जानकारीमा यस्तो एउटा पनि केस छैन।"

काठमाडौंको पुर्नस्थापना केन्द्रमा रहेको एक प्रभावितको अनुसार "केस दर्ता गरे पछि मइलै धेरै व्यक्तिहरुलाई उनीहरुको प्रश्नहरुको उत्तर दिनु पर्‍यो। र मैले आफ्नो पुरा कथा धेरै पटक दोहोर्‍याउनु पर्‍यो । अदालतमा पनि मसंग असम्बन्धित प्रश्नहरु सोधियो जस्तै दिनमा कतिजना ग्राहकहरुलाई सन्तुष्ट गर्नु पर्थ्यो । यस प्रकारका प्रश्नहरुले मलाई झन् पीडित बनाउथ्यौ र म कानूनी प्रक्रियालाई अगाडी बढाउन चाहन्दैनथे।"

**बेचबिखनबाट प्रभावितको अधिकार**

मकवानपुरका एक अधिकारकर्मीको अनुसार "मधेसी समुदायका २ जना बहिनीहरु बेचबिखनमा पर्नु भएका थिए। अपराधीलाई मुद्दा र सजाय भयो । अपराधीललाई २ लाख जरिवाना गरियो र ५०% प्रतिशत क्षतिपूर्ति बापत प्रभावितले पाउने निर्णय गरियो तर प्रभावितले त्यो रकम कहिले पाएन । मुद्दा पनि सार्वजनिक गरिदिएकोले उनीहरु सुरक्षित पनि छैनन । श्रीमानहरुले पनि स्वीकार गरेनन् । अधिकारहरुको सुरक्षाको कहाँ छ ? हामीहरुले उनीहरुको लागि के गर्न सक्छौं ?"

एक जना बेचबिखनबाट प्रभावितको अनुसार "दलालले झूठो वाचा र प्रलोभन दिएर नजिकका परिवारका सदस्यहरुलाई प्रयोग गरि पीडितलाई पारवहन र गन्तव्य सम्म ल्याउन लगाउछन्। जब बेचबिखनको मुद्दा अदालतमा जान्छ तब दलालले ती परिवारका सदस्यहरुलाई तिमीहरु पनि अपराधमा संलगन थियौ र तिमीहरुलाई पनि अभियोग र सजाय हुन्छ भनेर धम्की दिइन्छ। यहाँ सम्म कि अपराधी कानूनको घेरा भित्र नै आउदैन।"

**समन्वय**

- समान सवालमा काम गरिरहेका संस्थाहरुको गतिवितिहरु बिच समन्वयको अभाव
- संस्थाहरुको क्रियाकलापहरु व्यक्तिगत बुझाई अनुसार संचालन
- राज्यसंगको समन्वय धेरै जस्तो राज्यबाट ◆ संस्थाहरुलाई रेफर/सिफारिशमा सीमित
- अन्तर सरकारी निकायहरुमा पनि समन्वयको आभाव

एक अनुसन्धानकर्ताले आफ्नो अनुभव सम्झदै भन्नु भयो "राज्यले आफ्नो उतरदायित्व संस्थाहरुमाथि थोपारदिन्छ र अनुगमनको विषयमा कुनै चिन्ता लिदैन । उहाँहरुले पुर्नस्थापना केन्द्रको अनुगमनको जिम्मेवारी पनि महसुस गर्नु हुन्न।"

एक अधिकारकर्मीको अनुसार कैलालीमा विभिन्न संस्थाहरुले गीत, रेडियो कार्यक्रम र सडक नाटक मार्फत सुचना तथा सचेतनाका कार्यक्रमहरु गरिएको पाइयो। तर ती सन्देशहरुमा कुनै परिवर्तन अथवा विविधता पाइएन । उदाहरणका लागि सबैले बेचबिखन के हो ? भन्दै थिए तर कसैले पनि यसको कानूनी उपचार के हो ? भनेको पाइएन। विस्तृत रुपमा सुचना दिन स्रोतका लागि समन्वयात्मक प्रयासको कमी।

**आफ्नो विचार राख्ने**

- बेचबिखनबाट प्रभावितहरुको विचारलाई स्थान दिनु भन्दा पनि उहाँहरुलाई प्रमाण/साक्षी/घटनाको रुपमा प्रयोग गरेको पाइयो।
- काठमाडौंका प्रभावितहरुले उनीहरुले नीतिगत तहका

फोरमहरुमा आफ्नो पनि विचार राख्ने अवसर कहिले पनि नपाएको कुरा व्यक्त गरेको।

- एक जना प्रभावितकको अनुसार उनीहरुलाई मुद्दा दर्ता र कार्यक्रमहरुमा सहभागिता गराइन्छ तर विचार राख्न अवसर र सुनुवाई हुदैन।
- सिन्धुपाल्चोकको एक प्रभावितका अनुसार भाषाको संवेदनशीलतालाई विचार गरिएन र हामीलाई पीडितको रुपमा प्रस्तुत गरियो।
- मकवानपुरको केहि प्रभावितहरुको अनुसार "केहि सम्बन्धित विषयमा भाग लिएर आफ्नो मुद्दा उठाएको।"

**समुदायको भुमिका**


- मानव बेचबिखनविरुद्धको सबै प्रयासहरुमा समुदायको भुमिकालाई समावेश गर्नु महत्वपूर्ण हुन्छ।
- जुन जिल्लाहरुमा समुदाय बढी सचेत छ त्यहाँ मानव बेचबिखनविरुद्धका प्रयासहरु बढी प्रभावकारी हुन्छन्।
- समुदायको भुमिका सामाजिक पुनएकीकरणमा महत्वपूर्ण हुन्छ।
- मानव बेचबिखनविरुद्ध कार्यरत संस्थाहरुको अनुभव अनुसार समुदायका ती व्यक्तिहरुसंग काम गराउन सजिलो हुन्छ जसले यस मुद्दालाई कार्यगततहमा बुझेको हुन्छ।
- विद्यालय छोडेका युवा त्यसमा पनि तामाङ्ग समुदायका युवाहरु बेचबिखनको बढी जोखिममा पर्न सक्ने विषयमा मकवानपुरका केहि समुदाय सचेत छन्। त्यसैले समुदायले जिल्लामा स्थानीय संस्था तथा ती युवाहरुसंग मिलेर सचेतना सम्बन्धी अभियानहरु चलाई रहेको छ।

**भविष्यको बाटो**

- मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, यसको बुझाईको सुनिश्चितताका लागि विभिन्न कार्यक्रमहरुको संचालन
- मानव बेचबिखनलाई सम्बोधनका लागि मानव अधिकारमुखि दृष्टिकोणको वकालत
- प्रभावितप्रति प्रत्येक कार्यान्वयन गर्ने निकायको उतरदायित्व सुनिश्चित गर्ने।
- प्रभावितहरुको आवाजलाई नीतिगततहमा समावेशको सुनिश्चितता गर्ने।
- कार्यान्वयन गर्ने निकायको समन्वय सहितको कमी कमजोरीलाई सम्बोधन गर्ने।
- सबै सरोकारवालाहरुको उतरदायित्वकालागि व्यक्तिहरुको सहभागिता र सहभागीतामूलक अनुगमनमा वृद्धि गर्ने। ■







# ग्रामिण महिला सिर्जनशिल परिवार

पांग्रेटार–१ लामोसाँघु, सिन्धुपाल्चोक
सम्पर्क नं :०११-४९५०४७/०११-४९५०५७
इमेल : srijansil@gmail.com
www.gmsp-nepal.org
संस्था दर्ता मिति : २०५०-४ –३२ दर्ता नं ०७५

**परिचय :**

ग्रामिण महिला सिर्जनशिल परिवार नेपालमा भई रहेको महिला तथा बालबालिकाहरुको शोषण र उत्पीडनको बिरुद्धमा स्थानीय स्तर देखि नै मानव अधिकारवादी दृष्टिकोणबाट अभियान संचालन गर्दै लैङ्गिक र वर्गीय भेदभावको विरुद्वमा महिलाहरुको सक्रियतामा उनीहरुको स-शक्तिकरणको अभियान संचालन गर्ने अठोट सहित स्थापीत सामाजिक संस्था हो । यो संस्था संघसंस्था दर्ता ऐन २०३४ अनुसार २०५० साल श्रावण ३२ गते जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा दर्ता भई समाजकल्याण परिषदसँग आवद्ब रहेको छ ।यस संस्थाले आफ्नो स्थापना काल देखि नै जिल्लाको विभिन्न गा.वि.स.मा पर आश्रित भई पारीवारीक तथा सामाजिक दमन, उत्पीडन सहेर बाच्न वाध्य महिला र पिछडियका वर्गहरुसँग मिलि समतामुलक समाज निर्माण गर्ने, प्रजनन् स्वास्थ्य, शिक्षा, किशोरी शिक्षा , मानव बेचबिखन विरुद्ध सामुदायिक संगठन निर्माण, महिला अधिकार, मानव अधिकार र बाल अधिकार सम्वन्धी सचेतीकरणको कार्यक्रमका साथै शिप बिकास र आयआर्जन बृद्धिको लागि परिवार तहदेखी समुह र संजाल मार्फत कार्य संचालन गरी यसलाई नै निरन्तरता दिदै आएको छ।

**परिकल्पना :**

ग्रामिण महिला सिर्जनशिल परिवारको परिकल्पना सकारात्मक, समतामूलक र शसक्त समाजको निर्माण गर्नु हो ।

**ध्येय :**

प्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन र उपयोगमा समान अवसरको विकास गर्दै स्वास्थ्य, शिक्षा सांगठनीक भौतिक र बौद्विक विकासका लागि एकिकृत कार्यक्रम गर्दै समाजमा भईरहेको विद्यमान भेदभावको अन्त्य गर्ने वातावरणको सिर्जना गर्दै जानुको साथै चेतना विकासको लागी एकिकृत कार्यक्रम गर्दै सुदायलाई नै शसक्त बनाउदै जाने, मानव बेचविखुनको अन्त्य गर्ने र महिलाहरुलाई विभिन्न क्षेत्रमा पहुँच बढाउन सहयोग गर्ने ।

**लक्ष्य :**

महिलावादी सोचमा आधारित मानव अधिकारमुखी विकासको माध्यमबाट संस्थागत सुदृढीकरण र समान सोच भएका अन्य सरोकारवाला पक्षहरुसँग सहकार्य गर्दै बेचबिखन, महिला हिंसा र द्वन्द्व प्रभावितहरुको स-शक्तिकरण गर्नु एवम् कार्यक्षेत्र भित्र विभिन्न तह र तप्कामा महिला पुरुषहरुलाई चेतना, संगठन र जीविकोपार्जनको माध्यमबाट परिचालित गर्दै ती क्षेत्रलाई बेचबिखन र महिला बिरुद्व हुने सबै हिंसावाट मुक्त बनाउने दिशामा कार्यगर्नु यस संस्थाको मुख्य लक्ष्य हो ।

**उद्देश्य :**

☞ बेचबिखन, द्वन्द्व र हिंसाबाट प्रभावित महिला पुरुष, किशोर-किशोरी, बालबालिकाको स-शक्तिकरणका लागी परामर्श सहयोग, सामाजिक एकिकरण तथा क्षमता अभिबृद्वि गर्दै समान अवसरको वितरण, संजाल निर्माण र परिचालन गरी समाजमा उनीहरुले सम्मानीत जीवनयापन गर्ने वातावरण सिर्जना गर्ने

☞ महिला, प्रभावित र जोखिममा परेका ब्यक्तिहरुलाई हेर्ने सामाजीक दृष्टिकोणबाट परिवर्तन गर्न चेतना अभिबृद्धि, शैक्षिक बिकास, समुदायमा आधारीत संगठन वा संजालको निर्माण परिचालन गरी उनीहरुलाई जिम्मेवारीको हस्तान्तरण गर्ने प्रकृया थालनी गर्ने ।

☞ महिला, गरीब, अति विपन्न वर्गका लागि सिप विकास, क्षमता विकास र आयआर्जनका कार्यक्रम संचालन गरी उनीहरुको जीवनयापनलाई सहज र सम्मानित बनाउदै बेचबिखनको जोखिमलाई कम गर्नु ।

☞ प्रजनन् स्वास्य सम्बन्धि प्रशिक्षण तथा स्वास्थ्यको अधिकार बारे सचेतिकरण गर्ने ।

☞ संस्थागत मानवीय, भौतिक, आर्थिक रुपले स्रोत सम्पन्न बनाउँदै यसमा नेतृत्व, दक्षता, सिप र व्यवसायिक क्षमताको अभिवृद्धि गरी बाहुल्यता, पारदर्शिता, तटस्थता, जवाफदेहिपनलाई सुदृढ गर्दै संस्थागत गर्नु ।

☞ महिलाको पक्षमा भएका कानुनको प्रभावकारी कार्यन्वयन, फितलो कानुनको परिमार्जन तथा आवश्यकता अनुसार (महिला, दलित, आदीवासी जनजाती र प्रभावीतको पक्षमा) नयाँ कानुनको निर्माणको दिशामा वकालत गर्ने ।

☞ समस्याको सामुहिकीकरण गर्दै सुचना र अनुभवको आदानप्रदान गरी सवालप्रतिको ऐक्यवद्वता बढाउन नीतिगत वकालत गर्ने कार्यका लागि स्थानीय क्षेत्रिय स्तरमा सहकार्य गर्दै संजाललाई सुदृढ बनाउँदै यसको तह वृद्धि गर्ने ।

**कार्यक्षेत्र :**

ग्रामिण महिला सिर्जनशिल परिवारले बिशेष गरी ग्रामीण भेगमा काम गर्दै आएको छ र पनि कार्यक्रमको प्रकृति अनुसार महिला विरुद्व हुने सबै हिंसाहरु अन्त्य गर्न हामी सक्छौ अभियान रामेछाप, दोलखा र सिन्धुपाल्चोकमा, संविधानसभा सचेतीकरण कार्यक्रम रामेछाप, दोलखा, सिन्धुपाल्चोक र काभ्रेपलान्चोक जिल्लामा संचालन गरिसकेको भने बिशेषगरि सिन्धुपाल्चोक जिल्लाको निर्वाचन क्षेत्रनं १ का ३० गा.बि.स.हरु पकेट गाबिस र सिन्धुपाल्चोक जिल्ला कार्यक्षेत्र तथा संस्थाको कार्यक्रमको प्रकृति अनुसार रष्ट्रिय स्तरमा समेत संजालको माध्यमबाट कार्यक्रम संचालन गर्न सकिने छ।

# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

# प्रगति प्रतिवेदन

(१ जनवरी २०१३ देखि ३१ अक्टोबर २०१४ सम्म)

| क्र.स. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| **मानव बेचबिखन विरुद्धको युएन प्रोटोकोलको अनुमोदनको निम्ति वकालत** | | | |
| १ | ४ सेप्टेम्बर २०१४ | मानव बेचबिखनविरुद्धको आठौं राष्ट्रिय दिवस २०७१को सन्दर्भमा उक्त आलेखको अनुमोदनको आवश्यकता सम्बन्धी "संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल ( आलेख) र अनुमोदनको आवश्यकता" विषयक सभासद तथा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रमको आयोजना । | नयाँ बानेश्वर, काठमाडौं |
| २ | २२ जुलाई २०१४ | संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (आलेख) अनुमोदनको सम्बन्धमा परराष्ट्र मन्त्री मा. महेन्द्र पाण्डे तथा श्रम तथा रोजगार राज्य मन्त्री मा. बहादुर गुरुरूङलाई वहाँको कार्यकक्षमा पत्र हस्तान्तरण । | सिंहदरबार, काठमाडौं |
| ३ | जुन २०१३ | संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धि र यसको मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदन गर्नु पर्ने वकालतसम्बन्धी १,२०० प्रति लिफलेट प्रकाशन तथा वितरण । | काठमाडौं |
| ४ | २ डेसेम्बर २०१३ | संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (आलेख) अनुमोदन सम्बन्ध अन्तरक्रिया कार्यक्रम । | नयाँ बानेश्वर, काठमाडौं |
| **"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" र "वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४ लगायत सम्बन्धित नीति नियमहरुमा बेचबिखनबाट प्रभावित तथा अप्रवासी कामदारको अधिकार सुनिश्चिततताका लागि सुधारका लागि वकालत** | | | |
| ५ | २८ फेब्रुवरी २०१४ | मानव बेचबिखन विरुद्धको विभिन्न विषयवस्तुमा राष्ट्रिय महिला आयोगका अध्यक्ष मा. शेष चाँदतारा सहित आयोगका सदस्यहरुमा मोहना अन्सारी, मा.उर्मिला देवी विश्वकर्मा, मा.मनु हुमागाई के.सी., मा.धनेश्वरी कुमारी चौधरी तथा सचिव श्री शरदराज विष्टलाई ज्ञापनपत्र हस्तान्तरण । | काठमाडौं |
| ६ | २८ मार्च र अप्रिल २०१४ | "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" मा सुधारका लागि २ पटक बैठक बसी लिखित रुपमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई बुझाइयो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ७ | १८ जुन २०१३ | "मानव बेचबिखन तथा स्थानागमन बिचको अन्तरसम्बन्धः चुनौती तथा सम्बोधन" विषयक कार्यशाला गोष्ठी । | त्रिपुरेश्वर, काठमाडौं |
| ८ | २७ जनवरी २०१४ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सदस्य रहेका एटविनका सदस्यसंस्थाहरुसँग मानव बेचबिखन विरुद्धका सम्बन्धित ऐनहरु सुधारका लागि संगठित वकालतका लागि बैठक । | बिजुलीबजार, काठमाडौं |
| **विद्यमान कानून तथा योजनाहरु जस्तै मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना र सर्वोच्च अदालतको मनोरञ्जन क्षेत्रका महिला संग सम्बन्धित निर्देशिका लगायत आदिको प्रभावकारी कार्यान्वयन** | | | |
| ९ | २५ जुलाई २०१४ | मानव बेचबिखनविरुद्धको प्रथम विश्व दिवस, ३० जुलाईको सन्दर्भमा यस राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अवस्थामा छलफल गर्न "**मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ : कार्यान्वयनको अवस्था र रणनीति**" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना । | नया" बानेश्वर, काठमाडौं |
| १० | २ अप्रिल २०१४ | सर्वोच्च अदातलको निर्देशिका अन्तर्गतको अनुगमन तथा कारवाही समिति MAC को कार्यान्वयनका लागि प्रहरी तथा महिला तथा बालबालिका अधिकृतसंग भेटघाट तथा ध्यानाकर्षण पत्र बुझाएको । | काठमाडौं |
| ११ | २०१३ डेसेम्बर ३१ | संचारमा मानव बेचबिखन विरुद्धको मुद्दा वकालतका लागि संचारकर्मीहरुसंग अन्तरक्रिया | बिजुलीबजार, काठमाडौं |
| १२ | १२ जुन २०१३ | मानव बेचबिखन विरुद्धको विशेष समाधिक्षक (स्पेशल र्‍यापोर्टर) को कार्यालयका समाधिक्षकको यथाशीघ्र नियुक्ति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्याध्यलाई ध्यानाकर्षण पत्र हस्तान्तरण र प्रेस विज्ञप्ति जारी । उक्त समयमा आयोगका अन्य आयुक्तहरु मा. गौरी प्रधान, मा. राम नगीना सिंह तथा डा.के.बी.रोकाया तथा सचिव वेद प्रसाद भट्टराईको उपस्थिती रहेको थियो । | हरिहरभवन, ललितपुर |
| १३ | जुलाई - जुन २०१३ | मानव बेचबिखन तथा दासता विरुद्धको रेडियो कार्यक्रम "जीवनको खोजी" - पाक्षिक कार्यक्रम | काठमाडौं |
| १४ | | मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ सम्बन्धी जिल्लास्तरको कार्यक्रममा प्रस्तुती तथा सहजीकरण<br>मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ सम्बन्धी चारवटा जिल्लाहरु मकवानपुर, सिन्धुपाल्चोक, बर्दिया तथा झापाको जिल्लास्तरीय कार्यक्रममा प्रस्तुती तथा सहजीकरण गरिएको थियो । उक्त कार्यक्रमहरु एटविन सदस्य संस्थाहरु क्रमशः नारी शीप सिर्जना केन्द्र, ग्रामीण महिला सिर्जनशील परिवार तथा शक्ति समूहको आयोजना तथा मानव बेचबिखन विरुद्धको जिल्ला समिति (DCCHT) को संयूक्त आयोजनामा गरिएको थियो । | मकवानपुर, सिन्धुपाल्चोक बर्दिया तथा झापा |

| | | | |
|---|---|---|---|
| १५ | २६ डेसेम्बर २०१३ | "मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरुको समस्या पहिचान र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम ।<br>शक्ति समूहद्वारा आयोजित मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरुको समस्या पहिचान र समाधानका उपाय विषयक बन्द सत्रको दुई दिने कार्यशालाका विषयवस्तुको प्रस्तुती सहित उक्त कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा उक्त क्षेत्रमा कार्यरत महिला कामदारहरुले आफ्नो अनुभव सुनाउनु भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| **सरोकारवालाहरुको क्षमता अभिवृद्धि** | | | |
| १६ | २०-२३ जून २०१४ | "मानव बेचबिखन विरुद्धको पश्चिमाञ्चल स्तरीय क्षेत्रिय प्रशिक्षक प्रशिक्षण" ४ दिने तालिम २०१३ ९त्इत्०<br>स्थानीय सहयोगी संस्था : सिविन नेपाल<br>सहभागी संख्या र जिल्लाहरु : २४ जना कास्की, चितवन, गोर्खा, नवलपरासी, स्याङजा, तनहुँ, लमजुङ, पाल्पा, गुल्मी, बाग्लुङ | पोखरा, कास्की |
| १७ | १६-१९ सेप्टेम्बर २०१३ | "मानव बेचबिखन विरुद्धको क्षेत्रिय प्रशिक्षक प्रशिक्षण" ४ दिने तालिम २०१३<br>स्थानीय सहयोगी संस्था : सामाजिक परिवर्तनका लागी महिला जागरण मञ्च-नेपाल<br>सहभागी संख्या र जिल्लाहरु : २५ जना, कैलाली, कञ्चनपुर, बांके, बर्दिया, डडेल्धुरा, बैतडी, डोटी, मकवानपुर | धनगढी, कैलाली |
| अनुसन्धान : शीर्षक **"कति सुरक्षित छन् उनीहरु ? नेपालमा बेचबिखनबाट प्रभावित/पीडित व्यक्तिका लागि विद्यमान संरक्षण संयन्त्रहरूको विश्लेषण"**<br>जिल्लाहरु : मोरङ, कास्की, दोलखा, अछाम, बर्दिया, | | | |
| १८ | ४-६ अप्रिल २०१४ | जिल्ला अनुसन्धानकर्ताहरुलाई आवासीय तालिम | गोदावरी, ललितपुर |
| जिल्लास्तरीय मानव बेचबिखन विरुद्धको अनुसन्धान सम्बन्धी परिचयात्मक तथा छलफल कार्यक्रम" २०१३ तथा २०१४ | | | |
| १९ | १६ अप्रिल २०१४ | मोरङ, सह-आयोजक : जागरण नेपाल तथा आरआरएन | विराटनगर |
| २० | २८ अप्रिल २०१४ | कास्की, सह-आयोजक : शक्ति समूह | पोखरा |
| २१ | ५ मे २०१४ | दोलखा, सह-आयोजक : सिविन नेपाल | चरिकोट |
| २२ | २२ मे २०१४ | अछाम, सह-आयोजक : समविकास नेपाल | मंगलसेन |
| २३ | २५ मे २०१४ | बर्दिया, सह-आयोजक : शक्ति समूह | गुलरिया |
| २४ | ७ अगस्ट २०१४ | जिल्ला अनुसन्धानकर्तासँग जिल्लागत तथ्याङ्क संकलन तथा छलफल बैठक । | नयाँ बानेश्वर, काठमाडौं |
| २५ | ८ सेप्टेम्बर २०१४ | जिल्ला अनुसन्धानकर्तासँग प्राप्त तथ्यांङ्कलाई अन्तिम रुप दिने सम्बन्धी बैठक । | नयाँ बानेश्वर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| २६ | १० सेप्टेम्बर २०१४ | "कति संरक्षित छन् उनीहरु ? नेपालमा बेचबिखनबाट प्रभावित व्यक्तिहरुको संरक्षणका लागि विद्यमान संयन्त्रहरुको विश्लेषण" विषयक अनुसन्धानको निष्कर्ष सार्वजनिक तथा छलफल कार्यक्रमको आयोजना । | कुपन्डोल, ललितपुर |
| २७ | अक्टुबर २०१४ | एटविन बुलेटिन ओसारपसार अंक १२ को प्रकाशन (१००० प्रति) | काठमाडौं |
| उद्देश्य : मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन | | | |
| २८ | १५-१६ डेसेम्बर २०१३ | "मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना२०६८ : प्रभावकारी कार्यान्वयन र रणनीति" विषयक २ दिने राष्ट्रिय कार्यशाला गोष्ठी | कुपण्डोल, ललितपुर |
| २९ | डेसेम्बर २०१३ | मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को मुद्रण - १००० प्रति | काठमाडौं |
| ३० | ३१ डेसेम्बर २०१३ | "मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन रणनीतिलाई अन्तिम रुप दिने परामर्श बैठक | काठमाडौं |
| **अनुसन्धान "मानव बेचबिखन विरुद्धका प्रयासहरुको सहभागितामूलक अनुगमन पद्धतिको विकासः हाम्रो उतरदायित्व"** जिल्लाहरु : काठमाडौं, सिन्धुपाल्चोक, मकवानपुर र धनगढी | | | |
| ३१ | १ सेप्टेम्बर २०१३ | नेपालमा मानव बेचबिखन विरुद्धका प्रयासहरुः सहभागितामूलक अनुसन्धानको प्रारम्भिक निष्कर्ष माथि छलफल तथा सार्वजनिकीकरण कार्यक्रम<br>सह-आयोजकः राष्ट्रिय महिला आयोग | भद्रकाली, काठमाडौं |
| अनुसन्धान "नेपालमा मानव बेचबिखन तथा दासत्व विरुद्ध भइरहेका अभ्यासहरुको मापन तथा सिकाइ र प्रभावकारी अभ्यासहरुको पहिचान" २०१३ तथा २०१४ | | | |
| ३२ | अप्रिल देखि जुलाई २०१४ | अनुसन्धानमा नेपालमा मानव बेचबिखन तथा दासत्व विरुद्ध भइरहेका अभ्यासहरुको मापन तथा सिकाई र प्रभावकारी अभ्यासहरुको पहिचान गर्दै त्यसलाई आगामी दिनमा प्रवर्द्धन गर्नका लागि "वाक फ्रि फाउण्डेसन अस्ट्रेलिया" को सहयोगमा एक अध्ययन सम्पन्न गरियो । आधुनिक दासत्व तथा मानव बेचबिखनविरुद्ध विभिन्न कार्य गरिरहेका नेपाल सरकार तथा गैरसरकारी निकायहरुको अन्तवार्ता गरी यस अध्ययनबाट प्राप्त निष्कर्षहरुलाई सम्बन्धित निकायहरुलाई सिकाई र असल अभ्यासहरुको प्रवर्द्धन गर्नका लागि प्रोत्साहित गरिनेछ । उक्त अनुसन्धानमा मिलन धरेल नेपाल अनुसन्धानकर्त्ताका रुपमा संलग्न रहनु भएको थियो । | |
| **सह आयोजक** | | | |
| १ | २८ सेप्टेम्बर २०१४ | उर्लिदौ सय करोड अभियान कार्यक्रम (One Billion Rising Campaign) संयूक्त आयोजक- सम्वन्धित संघ संस्था | कमलादी, काठमाडौं |
| २ | सेप्टेम्बर २०१४ | संविधानमा नागरिकता सम्बन्धी अधिकारको वकालत अभियान (वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न आमा वा बाबु भन्ने प्रावधान राखिनु पर्ने विषयक) विभिन्न बैठक, कार्यक्रम तथा पत्रकार सम्मेलन<br>आयोजक : नागरिकता अधिकार सम्बन्धी नागरिक समाजको संजाल | काठमाडौं |

| | | | |
|---|---|---|---|
| अनुसन्धान "नेपालमा मानव बेचबिखन तथा दासत्व विरुद्ध भइरहेका अभ्यासहरुको मापन तथा सिकाइ र प्रभावकारी अभ्यासहरुको पहिचान" २०१३ तथा २०१४ | | | |
| ३ | ५ सेप्टेम्बर २०१३ र<br>५ सेप्टेम्बर २०१४ | छैठौं, ७ औं, र ८ औं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस– भदौ २०<br>संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | काठमाडौं |
| ४ | २०-२२ अगस्ट २०१४ | "बेइजिङ्ग +२० राष्ट्रिय महिला सम्मेलन" को नारा मानवताको लागि महिला सशक्तिकरण: व्यवहारमा उतारौं को आयोजना आयोजक : बियोण्ड बेइजिङ्ग कमिटी तथा बेइजिङ्ग पुनरावलोकनका लागि राष्ट्रिय सञ्जाल | जावलाखेल, काठमाडौं |
| ५ | १४ सेप्टेम्बर २०१४ | राष्ट्रिय बालदिवस २०७१ (भदौ २९) को आयोजना<br>संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | लैनचौर, काठमाडौं |
| ६ | २७ जुलाई २०१४ | संविधान सभा लक्षित बाल अधिकार पैरवी: नागरिक समाजको राष्ट्रिय परामर्श गोष्ठी,<br>आयोजक बालबालिकाको अधिकारमा कार्यरत नेटवर्कहरु ब्व्द्धक्ल, ऋल्भ्त ल्भउर्बा, ऋयलकयचतषक ल्भउर्बा, ऋश्इएए, ँयचग ायच क्लअगिकष्यल भ्मगअबतष्यल, ऋच्क्ष ऋयकष्ततभभ, ल्ड्क्ऋ, ल्ऋएब | थापाथली, काठमाण्डौं |
| ७ | १८ जून २०१४ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, नियमावली २०६५ र राष्ट्रिय कार्ययोजना २०६८: बालबालिका सम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था विषयक राष्ट्रिय कार्यशालाबाट प्राप्त सुझावहरु, आयोजक सिविन तथा एटविन | नयाँ बानेश्वर, काठमाण्डौं |
| ८ | २६-२७ जुन २०१४ | लैङ्गिक समानताका लागि पुरुष सहभागिता विषयक राष्ट्रिय सम्मेलन, मेनइन्गेज एलायन्स नेपाल | नयाँ बानेश्वर, काठमाण्डौं |
| ९ | १८ जुन २०१४ | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, नियमावली २०६५ र राष्ट्रिय कार्ययोजना २०६८ : बालबालिका सम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था विषयक राष्ट्रिय कार्यशाला बाट प्राप्त सुझावहरु सिविन तथा एटविन | नयाँ बानेश्वर, काठमाण्डौं |
| १० | ८ मार्च २०१३<br>८ मार्च २०१४ | १०३ औं र १०४ औं अन्तर्राष्ट्रिय महिला दिवस २०१४ को अवसरमा रैली आयोजना ।<br>संयूक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ११ | ८ मार्च २०१३ | मानव बेचबिखनबाट प्रभावित महिलाहरुको तेश्रो राष्ट्रिय भेला<br>संयोजक: शक्ति समूह तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ललिपुर |
| १२ | ८ मार्च २०१३ | १०३ औ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला हिंसा विरुद्धको बेल बजाऔं अभियानको प्रारम्भ ।<br>संयोजक: सेभ द चिल्ड्रेन नेपाल | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १३ | ४ अप्रिल देखि १६ मे २०१३ | दोस्रो संविधानसभाका निर्वाचनमा महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता सहितको महिलाहरुका अनिवार्य रुपमा कार्यान्वयन गरिनुपर्ने १३ बुँदे अडानहरु विभिन्न राजनैतिक दलका प्रमुखहरु तथा निकायहरुमा ज्ञापनपत्र सहित बुझाएको : राष्ट्रपति डा. रामवरण यादव, प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेती, मन्त्री परिषद्को अध्यक्ष श्री खिलराज रेग्मी, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, एनेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति सुशील कोइराला | काठमाडौं |
| १४ | ३ - ४ जुन २०१३ | बैठक, धर्ना, प्रेस विज्ञप्ति तथा पत्रकार सम्मेलन<br>मूल आयोजक: कम्लरी प्रथा उन्मूलन संयक्त संघर्ष समिति र सहयोगी संस्थाहरुको तर्फबाट एटविन सदस्यको रुपमा मनोनित गरिएको । | काठमाडौं, |
| १५ | १२ अगष्ट २०१३ | बेचबिखनबाट प्रभावित बालिका तथा महिलाहरुको स्वदेश फिर्ती कार्यविधि सम्बन्धी कार्यशाला<br>संयूक्त आयोजक- शक्ति समुह तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कुपण्डोल, ललितपुर |
| १६ | २८ नोभेम्बर २०१३ | ध्बपिाचभभ को दासत्व सम्बन्धी प्रतिवेदन कार्यक्रम, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँग बैठकको संयोजन । | |
| १७ | नोभेम्बर २५-डिसेम्बर, २०१२ र २०१३ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, रैली, स्टल तथा अन्य विभिन्न कार्यक्रमहरु<br>संयोजक - राष्ट्रिय महिला आयोग | राष्ट्रिय सभागृह, काठमाडौं |
| १८ | १९ नोभम्बर २०१३ | दोस्रो संविधानसभाको निर्वाचनमा पर्यवेक्षण | |
| १९ | डिसेम्बर २०१३ | मानव अधिकार राष्ट्रिय महाभेला २०७० | काठमाडौं, |
| **संस्थागत गतिविधिहरु:** | | | |
| | १ जनवरी २०१३ देखि ३१ अक्टुबर २०१४ सम्म | **एटविन सूचना तथा स्रोत केन्द**<br>प्रयोगकर्ता - १९६ जना<br>विविध प्रकाशनहरु प्राप्त - ३,५१४<br>विविध प्रकाशनहरु वितरण - ८,०९७<br>अंग्रेजी ब्रोसर प्रकाशन - २,००० प्रति<br>नेपाली ब्रोसर छपाई ३,००० प्रति<br>मानव बेचबिखन तथा लैङ्गिक हिंसा विरुद्ध चेतनामूलक एफ्ब प्रसारण - प्रतिदिन २ पटक (बिहान तथा रातीको समय) मार्च २०१४ देखि निरन्तर | |
| **विभिन्न बैठकहरू :** | | | |
| | १ जुलाई २०१२ देखि ३१ अक्टुबर २०१४ सम्म | नवौ र पाँचौ अधिवेशन तथा दशौं साधारण सभा - २ पटक<br>त्रैमासिक नियमित बैठक - ६ पटक<br>कार्यसमिति बैठक - १९ पटक<br>प्रकाशन समितिको बैठक - ८ पटक<br>विविध बैठक - ११ पटक | |

**साझेदार संस्थाहरु:**

- फ्री द स्लेभ्स (Free The Slaves)
- Global Fund for Women
- इएसपी/युकेएड (ESP/UKAID)
- Global Alliance Against Traffic in Women (GAATW)
- Hope for Children Organization Australia Limited/ Walk Free Fondation

**विभिन्न निकाय तथा विषयवस्तुहरुमा संयोजन तथा सहकार्य :**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति/महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
- राष्ट्रिय महिला आयोग
- मेनइन्गेज एलायन्स नेपाल
- जनसार्क २०७१
- बेइजिङ्ग +२० पुनरावलोकन
- नागरिकता अधिकार सम्बन्धी नागरिक समाजको संजाल
- National Action and Coordination Group (NACG), supporting body to South Asia Initiative to End Violence Against Children [SAIEVAC]: SAARC Apex Body
- Universal Periodic Review (UPR)
- Post 2015/ Sustainable Development Goal (SDG)
- मानव अधिकार राष्ट्रिय महाभेला Human Rights National Magna Meet 2014
- उर्लिदै सय करौड अभियान कार्यक्रम (One Billion Rising Campaign)



# बधाई ज्ञापन



स्विडेनको स्टकहोममा आयोजित समारोहमा
**Sophie Stenbeck Family Foundation,**
**World Childhood Foundation & Reach for Change**
द्वारा मानव बेचबिखन विरुद्ध खेलेको अतुलनीय भूमिकाको कदर गर्दै
**C10 Award** प्राप्त गर्नु भएकोमा
शक्ति समूहका संस्थापक तथा अध्यक्ष श्री सुनिता दनुवार एवं
नेपालका सम्माननीय राष्ट्रपति रामवरण यादव ज्यूबाट
गणतन्त्र दिवस २०७१ का अवसरमा गरिमामय समाज सेवा श्री पदक
प्राप्त गर्नु भएकोमा शक्ति समूहका संस्थापक तथा कार्यक्रम
संयोजक श्री चरीमाया तामाङ ज्यूलाई हार्दिक
बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

**विमला ज्ञवाली**
**अध्यक्ष तथा समस्त एटवीन परिवार**

आयोजक
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

आयोजक
शक्ति समूह

सह-आयोजक
एटवीन

# मानव बेचबिखनबाट प्रभावित महिलाहरुको तेस्रो राष्ट्रिय भेलाका अवसरमा जारी भएको

# घोषणा-पत्र

१. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरु मानव अधिकारको हनन् एवम् मानवता विरुद्धको गम्भीर अपराध भएकोले त्यसको अन्त्य गर्ने वातावरण बनाउन राज्य एवम् सबै पक्षको सक्रिय भूमिका आवश्यक छ।

२. समुन्नत समाजको बाधकको रुपमा रहेको महिलाहरुको मानव अधिकार हनन् लगायत महिला विरुद्ध हुने सबैखाले विभेद र हिंसा अन्त्यका लागि विद्यमान विभेदकारी कानुनहरु खारेज हुनुका साथै लैङ्गिक समानताका लागि निर्माण भएका प्रावधानहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुनु पर्दछ।

३. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिलाहरुप्रति दैनिक जीवनमा हीनता बोध हुने गरी शब्दहरु प्रयोग गरिदिंदा र मिडियाले प्रभावितहरुको अनुमति बिना घटनाभन्दा व्यक्तिगत विवरण ल्याइदिँदा थप पीडा र मानसिक यातना हुने गरेकोले राज्यका सबै संयन्त्र, नागरिक समाज र मिडियाले संवेदनशील भई मानव अधिकारमूखी शब्द प्रयोग गर्नु पर्दछ।

४. मानव बेचबिखन तथा ओसारपसारका आयामहरुमा परिवर्तन आएको र वैदेशिक रोजगारका नाममा हुने बेचबिखन लगायत महिला उपर हुने जघन्य अपराधका घटनाहरुलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु पनि अत्यन्त आवश्यक छ । नेपाल सरकारले अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी अनुमोदन गरि सकेको सन्दर्भमा मानव बेचबिखनविरुद्धको आलेख (पार्लेमो प्रोटोकल) अनुमोदन गर्नुका साथै वेश्यावृत्तिका लागि हुने बेचबिखन विरुद्धको सार्क महासन्धिलाई समयानुकुल पुनरावलोकन गरी त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नुपर्ने खाँचो छ । निकट भविष्यमा काठमाण्डौंमा आयोजना हुने सार्क शिखर सम्मेलनमा वैदेशिक रोजगार र यससँग जोडिएका विभिन्न आयामहरुका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने विषयले पनि प्राथमिकता पाउनु पर्दछ।

५. बेचबिखनबाट प्रभावित महिलाहरुको शारीरिक र मानसिक स्वास्थ्य समस्या बढी देखिएकोले सर्वशुलभ रुपमा स्वास्थ्य उपचार, मनोसामाजिक सेवाको सुनिश्चितता हुनु पर्दछ । स्वास्थ्यकर्मीहरुबाट प्रभावितप्रति गरिने व्यवहार मैत्रीपूर्ण हुनु पर्दछ।

६. प्रभावितहरुको न्यायमा पहुँच बढाउनका लागि कानुन कार्यान्वयन गर्ने निकायहरुमा प्रभावित मैत्री वातावरण निर्माण गर्नुका साथै अनुसन्धान अभियोजनका प्रक्रियाहरुमा सुधार गरी कानुनी सचेतनाका अभियान सञ्चालन गर्न जरुरी छ । न्यायका लागि साक्षी सुरक्षा नीतिको व्यवस्था गर्नुका साथै द्रुत न्याय प्रणाली अवलम्बन गर्नु आवश्यक छ। दीर्घकालीन पुन:स्थापना केन्द्रको आवश्यकता समेत क्रमश: अनुभव हुँदै आइरहेको अवस्था छ।

७. राज्यको सहयोगमा सञ्चालित पुन:स्थापना केन्द्रहरु नेपाल सरकारबाट स्वीकृत न्यूनतम मापदण्ड अनुरुप सञ्चालनमा रहेकोले त्यस्ता पुन:स्थापना केन्द्रहरुलाई व्यवस्थित गराउनु आवश्यक छ।

८. पुन:स्थापना केन्द्रमार्फत प्रभावित र तीनका आश्रित बालबालिकाहरुका लागि पनि नि:शुल्क एकीकृत सेवा जस्तै स्वास्थ्य, शिक्षा, शीप तालिम, नागरिकता प्रमाण-पत्र, जन्मदर्ता, पारिवारिक पुनर्मिलन र सहयोग तथा सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरु कार्यान्वयन गर्नु आवश्यक छ।

९. राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार क्षेत्रको भूमिकालाई प्रभावितहरुको पक्षमा र पीडकहरुको विपक्षमा सक्रिय पार्न त्यत्तिकै आवश्यक छ । गोपनियता सम्बन्धी कानुन तथा पत्रकार आचार-संहितालाई विशेष ध्यान दिनुका साथै प्रभावितहरुको हित प्रतिकुल नहुने गरी खोजमूलक पत्रकारिता मार्फत मानव बेचबिखनका घटनाहरुलाई उजागर गर्न जरुरी छ।

१०. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुप्रति विभेदकारी र लाञ्छनापूर्ण दृष्टिकोणहरु यद्यपी कायमै छन्; जसका कारण प्रभावित समुदायले खुला रुपमा सामाजिक जीवन जीउन र सेवाहरुमा समान पहुँच बनाउन सकेका छैनन् । त्यसैले, सबै सेवा प्रदायक तथा पेशागत क्षेत्रहरुमा प्रभावितहरुप्रति सम्मानजनक र मर्यादीत व्यवहार प्रवर्द्धनका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक छ।

**मिति: २०७१ ज्येष्ठ २१ र २२ गते सम्म**
**स्थान: ललितपुर**

■

## वैदेशिक रोजगार र अध्ययनका ३५ कर्मचारी पक्राउ

## बयान फेर्दा तीन महिना कैद

## चीनको खासामा नेपाली युवती बेचिन थाले

## घरेलु कामदारमा व्यक्तिगत श्रम स्वीकृति बन्द

कान्तिपुर । बिहीबार २०

## जघन्य अपराधको तत्काल सुनुवाइ

## छोटकरी

**बेचबिखनमा प्रहरी जवान पक्राउ**

बुटवल (कास)- युवतीलाई फकाएर बेच्न भारत लँदै गरेको आरोपमा एकक सशस्त्र प्रहरी

मुग्लान बेचबिखन

## पहिला आफ्नो, पछि अरूको

कसरी बेच्छन् ?

## नाच सिकाएर विदेशमा यौनधन्दा

## मिर्गौला तस्करलाई १० वर्ष कैद

### यो नै पहिलो कानुनी कारबाही

## राजधानीमै मिर्गौला कारोबार

दसजनाको गिरोह रंगेहात पक्राउ, टिचिङको अप्रेसन थियटरबाट उद्धार

Nepal Samacharpatra / Wednesday, February 26, 2014

नेपाल

मानव बेचबिखन मुद्दा

## पीडितले क्षतिपूर्ति पाएको 'रेकर्ड' छैन


## सरकारबाटै क्षतिपूर्ति भराउन अदालतको राय

सजाय स्थगन

बेचबिखनविरुद्ध मुद्दा

Nepal Samacharpatra / Tuesday, January 28, 2014

## नेपालबाट भारतीय युवतीको उद्धार



# बेचबिखनबाट प्रभावितहरूको दुई दिने राष्ट्रिय भेला

राष्ट्रिय भेलाका सहभागी महिलाहरूले देशका ...

राज्यको गम्भीर ध्यानाकर्षण गराउनुभएको छ। उपाध्यक्ष घर्तीमगरले घरघरबाट हिंसारहित मानसिकतामा परिवर्तन गरी समुन्नत समाज ...

आर्थिक अवस्था, प्रभावितहरूको स्वास्थ्य अवस्था, प्रभावितहरूको न्यायमा पहुँच, बचबिखनको नयाँ आयाम अर्थपूर्ण पुनर्स्थापना तथा पुनर्मिलन र हाम्रो ...मिका र प्रभावितहरूको गोपनियताको अधिकारको ...निश्चतता जस्ता विषयमा समानान्तर छलफल ...लिरहेको छ।

राष्ट्रिय भेलामा नेपाल समाचारपत्र दैनिकका सम्पादक एवम् नेपाल टेलिभिजन सञ्चालक समितिका सदस्य टंक पन्त, पत्रकार पन्टेना फाउन्डेसनकी सञ्चालक समिति सदस्य जया लुईटेल, एटवीनकी अध्यक्ष विमला ज्ञवाली, महिला मानव अधिकार रक्षक संजालकी अध्यक्ष डा. रेणुराज भण्डारी, शक्ति समूहकी पूर्व अध्यक्ष चरिमाया तामाङ, अधिकारकर्मी भगवती नेपाल, रत्नकाजी वज्राचार्य, एटवीनकी कार्यक्रम संयोजक बेनमाया गुरुङले मानव बेचबिखनविरुद्ध चाल्नपर्ने कदमबारे प्रकाश पार्नुभएको थियो।

## राष्ट्रिय महाभेला सम्पन्न

काठमाडौं/रास- मानव अधिकारसम्बन्धी क्षेत्रीय संयन्त्र निर्माणलगायतका १४ बुँदे घोषणापत्र जारी गर्दै पाँच दिनदेखि जारी पाचौं मानव अधिकार राष्ट्रिय महाभेला बुधबार सम्पन्न भएको छ।

महाभेलाले सार्कस्तरीय मानव अधिकार बडापत्र, महिला तथा बालबालिका बेचबिखनसम्बन्धी अभिसन्धिका आधारमा आवश्यक कानुनी व्यवस्था र संरचना निर्माणको मागसमेत गरेको छ।

घोषणापत्रमा दलित, अपांगता भएका व्यक्तिको, यौनिक तथा लैंगिक अल्पसंख्यक, ज्येष्ठ नागरिकको सुरक्षा, सामाजिक सम्मान, युवा तथा किशोरकिशोरीको सहभागिता, शसक्तीकरण र नेतृत्व विकास, बालबालिकाको सम्मानलागयत समावेश गरिएको छ।

समापनमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य कपिल श्रेष्ठले यस वर्ष आयोजित महाभेलामा बहिष्करणमा परेका नागरिकको अधिकारबारे यथेष्ट छलफल भएको बताए। 'नेपालका मानव अधिकारकर्मीले जोखिम र खतरा मोलेर काम गर्दै आएका छन्,' उनले भने।

## बिजुलीबजार

२७ वटा महिला तथा मानवअधिकारकर्मी संस्थाको साझा नेटवर्क एटवीनको नवौं साधारणसभा एवम् पाँचौं अधिवेशन शुक्रबार नयाँ नेतृत्व चयन गरी सम्पन्न भएको छ। सो साधारणसभाले सीविसकी अध्यक्ष बिमला ज्ञवालीलाई आगामी दुई वर्षका लागि सर्वसम्मत रुपमा ... छ। उपाध्यक्षमा जागरण ने... संयोजक मीना विष्ट ... हुनुभएको छ। महिला ... बेचविखनविरुद्ध सहकर्मी ... साधारणसभाले एट... कार्यक्रम र नीति पनि ...

एटवीनकी अध्यक्ष... अध्यक्षतामा भएको अधि... गर्दै राष्ट्रिय मानवअ... सदस्य एवम् प्रवक्ता ...

## मानवअधिकार आयोगलाई ध्यानाकर्षण

काठमाडौं, (नेस)

मानवअधिकार, महिला अधिकार तथा सामाजिक अभियन्ताहरूको साझा संगठन एटविनले राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूलाई भेटेर आयोगअन्तर्गत रहेको समाधिक्षकको कार्यालयलाई रिक्त नराख्न आग्रह गरेको छ।

गोरखापत्र

www.gorkhapatraonline.com

उपत्यका/वरपर

## मानव बेचबिखनविरुद्धको कानुन कार्यान्वयन फितलो

गोरखापत्र समाचारदाता

ललितपुर, पुस २ गते। मानव बेचबिखन तथा ओसारपसारविरुद्धमा कार्यरत महिला अधिकारकर्मी तथा सरोकारवालाले कानुन बलियो भए पनि त्यसको सही कार्यान्वयन हुन नसक्दा बेचबिखन तथा ओसारपसारमा कमी आउन नसकेको बताउनुभएको छ।

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटवीन)को आयोजनामा मङ्सिर ३० र पुस १ गतेसम्म सञ्चालित दुईदिने "मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन रणनीति" विषयक कार्यक्रममा सरोकारवालाहरूले त्यस्तो बताएका हुन्। नेपालमा भ्रष्टाचार न्यूनीकरण र मानव बेचबिखनविरुद्धको कानुन सबैभन्दा कडा भए पनि त्यसको सही कार्यान्वयन हुन नसक्दा समस्या परेको वक्ताहरूको भनाइ छ।

ललितपुर जिल्ला न्यायधिवक्ता गोपाल लामिछानेले पीडितहरूले परामर्श र छलफल नै नगरी जाहेरी दर्ता गर्न हतार गर्ने गरेकाले अधिकांश मुद्दा बीचैमा सेलाउने गरेको बताउनुभयो। बेचबिखनविरुद्धको कानुन कडा भए पनि फितलो कार्यान्वयनका कारण मानव बेचबिखन र ओसारपसारको समस्यामा न्यूनीकरण हुन नसकेको बताउनुभयो।

अधिवक्ता शान्ता सेढाईले कतिपयले सस्तो लोकप्रियताका लागि मुद्दा दर्तामा होडबाजी गर्ने तर त्यसको जिम्मेवारी नलिने गरेको बताउनुभयो। पत्रपत्रिका तथा अन्य मिडियामा नाम आउँछ भन्ने लोभमा कतिपयले मुद्दा दर्ता गर्ने गरेको अनुभव उहाँले सुनाउनुभयो। सरकारी वकिल र सुरक्षाकर्मीको समन्वय जरुरी भए पनि कतिपयले ग्राहकसँग चिया खौदासमेत आशंकाको दृष्टिले हेर्ने गरेको उहाँले बताउनुभयो। कानुनको कार्यान्वयनमा सरकारी तहबाट कडाइ नहुँदा समस्या नघटेको उहाँले अनुभव सुनाउनुभयो।

शक्ति समूहकी अध्यक्ष सुनिता दनुवारले अपराधीलाई धरौटीमा छाडिने गरेकाले कारबाही प्रक्रिया चुस्त हुन नसकेको बताउनुभयो। पीडित महिलाहरूले पाउने क्षतिपूर्ति नाममात्र भएको बताउँदै उहाँले जबरजस्ती करणीमा समेत फितलो क्षतिपूर्ति भएको चर्चा गर्नुभयो।

मानव ओसारपसारविरुद्धमा कार्यरत रत्नकाजी बज्राचार्यले पीडितहरू पीडित भइराख्ने तर पीडकहरू पैसाको बलमा उम्कने प्रवृत्ति कायम हुँदासम्म पीडितले न्याय पाएको अनुभव गर्न नसक्ने बताउनुभयो।

प्रहरी नायव उपरीक्षक दुर्गा सिंहले मानव बेचबिखन तथा ओसारपसारबारे प्रहरीलाई अझै पर्याप्त तालिम र प्रशिक्षण दिन नसक्दा प्रभावकारी काम हुन नसकेको बताउनुभयो।

# एटविन गतिविधिका झलकहरू



पश्चिमाञ्चल स्तरीय TOT 2014, कास्की



सुदूर-पश्चिमाञ्चल स्तरीय TOT 2013, कैलाली



जिल्ला अनुसन्धानकर्ताहरूलाई
अनुसन्धान तालिम



UN Protocol अनुमोदन सम्बन्धी सभासदहरूसँग
अन्तरक्रिया कार्यक्रम



मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस



अनुसन्धान परामर्श गोष्ठी, मोरङ्ग



मानव बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना
सम्बन्धी कार्यक्रम, सिन्धुपाल्चोक



बेचबिखन प्रभावितहरूको स्वदेश फिर्ती
कार्यविधी सम्बन्धी कार्यशाला

# एटविन सूचना तथा स्रोत केन्द्र

यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरू निम्न रहेका छन् :

- मानव बेचबिखन
- मानव अधिकार
- महिला अधिकार
- बाल अधिकार



प्रतिवेदन, जर्नल, बुलेटिन, बेचबिखन एवं महिला हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरु, अनुसन्धान प्रतिवेदन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफ्लेट, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरुका प्रकाशनहरु तथा अन्य सम्बन्धित IEC सामाग्रीहरु उपलब्ध छन्।

**सूचना तथा स्रोत केन्द्र खुल्ने समयः**

दिन : हरेक हप्ता सोमबारदेखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

**सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि एटविन सर्वसाधारणप्रति हार्दिक अनुरोध गर्दछ ।**